# चौथो अध्याय

## ४. सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण

### ४.१ सानु लामाको कथाकारिता

भारतीय नेपाली कथा साहित्यमा सानु लामाको स्थान महत्त्वपूर्ण रहेको कुरो उनका कथाहरूको अध्ययन र तीबारे समालोचकहरूले प्रस्तुत गरेका मन्तव्यहरूको अनुशीलनबाट थाहा लाग्दछ। हालसम्म उनका तीनवटा कथा सङ्ग्रह र एउटा लघु कथा सङ्ग्रह प्रकाशित भइसकेका छन्।

सानु लामाले आफ्ना कथामा वस्तु र पात्रहरूको चयन प्रायः निम्नमध्यम वर्गीय समाजबाट नै गरेका छन्। अतः उनका कथामा चित्रित पारिवारिक सम्बन्धका सूचक स्वरूप पति-पत्नीमाझको प्रेम, शङ्का र वियोग, एकाअर्काप्रति विश्वास-अविश्वास, वियोग मृत्यु, बैंस-वसन्त, पोइला तथा सौता वा बहुविवाह प्रथा आदि कुराहरू वस्तु रूपमा गृहीत रहेको पाइन्छ। यस दृष्टिकोणबाट सानु लामाका कथालाई हेर्दा उनी आफ्ना अग्रज कथाकारहरू गुरुप्रसाद मैनाली, रूपनारायण सिंह, बालकृष्ण सम आदिले स्थापित गरिसकेको गोरेटोलाई नै समाएर अघि बढेको देखिन्छ। तर त्यसो हुँदाहुँदै पनि उनका पात्रहरू अरूका भन्दा बेग्लै देखिन्छन् किनभने उनले आफ्ना पात्रका माध्यमबाट मानिसमा सामान्यतः अरूले गौण मानेर छोडिदिएका चारित्रिक पक्ष र विशेषताहरूको उद्घाटन गरेको पाइन्छ। यसै कुरालाई इङ्गित गर्दै राजेन्द्र भण्डारीले सानु लामाबारे यस्तो विचार व्यक्त गरेका छन् - 'सानु लामाले कथा टिप्न धेरै माथापच्ची गरिरहँदैनन्, त्यान्द्रा तुन्द्री बटुल्छन् यतै उतैका पाखापखेरामा र कथाका डुँड बनाएर वैचारिकताका महमौरी जोगाड गर्छन्। उनी घटनाका लागि घटना लेख्दैनन्, वैचारिकताका लागि घटना

लेख्छन्। यसैले उनलाई विचार कथाकार भन्न सकिन्छ।'[१] यसैले सानु लामाका कथामा नारीका विविध रूप, व्यक्तिका हर्ष-अमर्ष, पिर-व्यथा, स्थिति-परिस्थिति आदिको चित्रणका साथै मानवीय संवेदनाहरूको अन्वेषण, प्राकृतिक चित्राङ्कन, पारिवारिक जीवनको चित्रण तथा ग्रामीण जनजीवनको याथार्थिक चित्रण आदि कुराहरू छुटाछुटै रूपमा कथाअनुरूप चित्रित भएको पाइन्छ। यसरी कथामार्फत् जीवनका विभिन्न पक्षहरूको उद्घाटन पनि सानु लामाको कथाकारिताको वैशिष्ट्य नै हो। यस्तै प्रकारले घनश्याम नेपालले सानु लामाका प्रत्येक कथामा भिन्ना-भिन्नै विशिष्टता, स्निग्ध स्वरूप तथा चित्ताकर्षक प्रस्तुति रहेको कुरा बताउँदै यसैलाई उनको आख्यानकारिताको वैशिष्ट्य मानेका छन्।[२] यसका अतिरिक्त लामाका कथामा अनुभूतिको कोमलता, संवेदनशीलता, कमनीयता, अभिव्यक्तको श्लीलता, भाषिक सौष्ठवका साथै व्यञ्जनात्मकता उनका कथाका मुख्य आभूषण हुन् भनेर पनि नेपालले भनेका छन्।

कथाकार सानु लामाको कथाकारिताबारे राधाकृष्ण शर्माको मतअनुसार उनी भारतीय नेपाली कथाकारिताका क्षेत्रमा विशिष्ट स्थान ओगटिसकेका एकजना चर्चित कथाकार हुन्। उनका कथाको स्पर्शपक्ष प्रबल हुनाले नै उनका कथा पाठकको हृदयलाई सहजै स्पर्श गर्दछन्। व्यक्तिका मानसिक उद्बोधनलाई कागतमा खनौती गर्दा मात्रै कथा, कथा हुन सक्तैन अपितु वस्तु, नेता, रसका तारतम्यमा देश, काल र परिस्थितिको तत्कालीन चित्रण कथाकारिताको विशेषता हो जुन सानु लामाका कलमबाट कागतमा स्थानान्तरण भएको पाइन्छ।[३] सानु लामाका कथामा पूर्व प्रजातन्त्रकालीन सिक्किमका

---

[१] राजेन्द्र भण्डारी (सन् २००८), सूर्यको तेस्रो किरण- संक्षिप्त पठन, सानु लामा, सूर्यको तेस्रो किरण, जनपक्ष प्रकाशन, गान्तोक, सिक्किम, पृ viii

[२] घनश्याम नेपाल (सन् २००७), साना कथामा सानु लामा, कल्पना त्रिपाठी (सम्पा), सानु लामाका साना कथाहरू, ग्रीन हिल प्रकाशन, दार्जिलिङ, पृ १२

[३] राधाकृष्ण शर्मा,(सन् १९९०), भूमिका, सानु लामा, मृगतृष्णा, सिक्किम साहित्य परिषद्, गान्तोक, पृ क

ऐतिह्य र भूप्राकृतिक परिवेश हुँदै वर्तमान सिक्किममा देखिने प्रजातन्त्रजन्य जीवनका अनेकौँ कुराहरू प्रशस्तै रहेको पाइन्छ। सानु लामाका कथाहरूमा वस्तु र पात्रविधानको बेग्लै परिपाटीको विकसित रूप देख्न पाइन्छ । यस किसिमको प्रवृत्ति र पद्धतिको विकसित स्वरूप देखिएको हुनाले इन्द्रबहादुर राईले' कथा नवलेखनका चिन्तक'[४] भनी सानु लामाको परिचय दिएका छन्। राईको यस टिप्पणीको पुष्टि गर्ने सानु लामाका 'स्वास्नीमान्छे', 'खानीटारमा एकदिन', 'असिनाको मान्छे', 'टी शर्ट' र' म भगवान भएँ' आदि कथाहरूलाई लिन सकिन्छ।

सानु लामाले नारी पात्रलाई प्रमुख्ता दिएर पनि धेरै कथाहरू लेखेका छन्। 'स्वास्नीमान्छे', 'कमला', 'संयोग', 'गौरी', 'तृप्ति', 'सात भाइकी चेली', 'सन्तानको सुख' र 'सूर्यको तेस्रो किरण' आदि यसै परिपाटीका उत्कृष्ट कथाहरू हुन्। यस्ता कथाहरूमा नारीको चरित्र उद्घाटन गर्ने क्रममा नारी पात्रका चरित्र आफैमा मात्र आधारिक नभई पुरुष पात्रका चरित्रबाट पनि प्रतिफलित भएका पाइन्छन्। नारी पात्रलाई नजिकबाट चिन्न पुरुष पात्रको मानसिक पीडा, सशङ्कित व्यवहार तथा कुण्ठित मन आदिसँग पनि पाठक अवगत रहनुपर्ने स्थिति पाइन्छ। यसलाई उनको कथाकारिताका विशेषतामध्ये एउटा मान्न सकिन्छ। यसका अतिरिक्त उनका कथामा चित्रित पारिवारिक जीवन गाउँघरमा देखिरहेका, सुनिरहेका परिवारभित्रका घटनाहरू झैँ यथार्थ लाग्दछ; जस्तै, 'पैयुँ फुलेको दिन', 'बलराम थापाको कथा', 'साइनो', 'पेन्सन, तक्मा र गाडी', 'सन्तानको सुख', 'म भगवान भएँ', 'व्यग्रता', 'सङ्घर्ष १' र 'सङ्घर्ष २' आदि कथाहरूमा चित्रित पारिवारिक जीवन सधैँ देखिरहेका तथा सुनिरहेका परिवारभित्रकै हुन् जस्तो आभास हुँदछ। यसरी कथामार्फत् पात्रहरूलाई जीवित परिवारका सदस्यझैँ तुल्याउन सक्नु सानु लामाको कथाकारिताको वैशिष्ट्य नै हो। अतः उनले कथामा प्रयोग गरेका पारिवारिक कुराहरू कथाअनुरूप र सुहाउँदा पनि देखिन्छन्।

---

[४] इन्द्रबहादुर राई (सन् १९९५), पारिचयिक, सानु लामा, कथा सम्पद्, के आर इन्टरप्राइजेस, गान्तोक, सिक्किम, पृ ४

सानु लामाका कथाहरू पढ्दा कुनै पनि कथा उभिनलाई एउटा पृष्ठभूमिको आवश्यकता हुन्छ भन्ने कुरा स्पष्ट हुँदछ। उनको 'स्वास्नीमान्छे' कथामा 'तपाईं कहिलेकाही गान्तोक आउनुभयो भने सिङ्गतामले स्वागतस्वरूप गरेको अभिवादनलाई तिरस्कार नगर्नु होला।'[5] भनेकोबाट यस कथाको आधारभूमि सहजै ठिम्याउन सकिन्छ। यसैले यो कथा सिङ्गताम र यसका वरिपरिको भौगोलिक स्थिति र परिवेशको आञ्चलिक वातावरणमा बुनिएको भए तापनि यसभन्दा पूर्व स्मृतिस्वरूप आउने पहाडको बिम्ब पनि यसमा अनुभव गर्न सकिन्छ। यसैले पहाडका खोलानाला, भिरपहरा, उकाली-ओराली र देवराली भन्ज्याङको चित्र कथामा प्रस्तुत भएको पाइन्छ। सानु लामाका कतिपय कथामा प्रसङ्गबाटै कथा के कस्तो स्थान वा परिवेशमा लेखिएको रहेछ त्यो अनुमान लगाउन सहजै सकिन्छ। यो उनको कथाकारिताको एउटा विशेषता नै हो। जस्तै- 'पहाडी फूल, काँडाकै माझ' कथामा 'स्थान - तीमितार्कु सिक्किमको पश्चिमाञ्चलमा स्थित एउटा रमणीय गाउँ। समय वर्षा ऋतुको एक साँझ।'[6]-लाई उदाहरण स्वरूप हेर्न सकिन्छ। यसरी विभिन्न घटना, प्रसङ्ग, परिवेश आदिलाई लिएर आफ्ना कथाहरूमा देश, काल तथा वातावरण खुबै राम्रोसँग मिलाएर कथाहरू प्रस्तुत गर्न सफल कथाकार सानु लामाका कथाहरू पढ्दा कुनै चित्रकारका चित्रहरू हेरे झैँ कथामा निहित पात्रहरू, समय, घटना, स्थान आदि बिम्बात्मक रूपमा नाच्न थाल्छन्। दृष्टान्तका निम्ति उनका 'टि शर्ट' र 'सूर्यको तेस्रो किरण' कथाबाट यहाँ निम्न वाक्यांशलाई राख्न सकिन्छ -

'गीत गुन्गुनाउँदै अनि एक प्रकारले नाँच्दै कमराभित्र आएर उसले लुगा राख्ने काठको ठूलो, सुन्दर दराजको दुवै पल्ला एक एक हातले समातेर खोल्यो। भित्रको

---

[5] सानु लामा (सन् १९९५), कथा सम्पद्, के आर इन्टरप्राइजेस, गान्तोक, सिक्किम, पृ १

[6] सानु लामा (सन् १९९५), कथा सम्पद्, के आर इन्टरप्राइजेस, गान्तोक, सिक्किम, पृ ११

लुगाहरू देखेर अनि संगीतको मधुर ध्वनि सुनेर ऊ रोमाञ्चित भयो। आफ्नो खुसी व्यक्त गर्न ऊ दुवै हात मल्न लाग्यो।'[७]

'...सबैको नजर सावित्रीको घरको भित्री कोठाको ढोकाको सँघारमा केन्द्रित थियो। त्यहाँ आधा भाग बाहिर अनि शिरपट्टिको आधा भाग भित्र भएर त्यो मोटे मान्छेको मृत शरीर तेर्सिएको थियो । घोप्टो परेर लडेको त्यस मान्छेको देब्रे कोखीबाट निस्केर बगेको रगतको धारा कम भएर अहिले पनि सँघारको तेर्सो काठबाट बाहिरपट्टि अघिदेखि नै झरेर जम्न लागेको रगतको सानो दहमा तप् तप् झर्दै थियो।'[८]

यसरी प्रत्येक कथामा भिन्ना-भिन्नै विशेष्ता रहेका कथाहरूका कथाकार सानु लामाको 'आँगन परतिर' कृतिको भूमिकास्वरूप कुमार प्रधानले लेखेको 'दुइ शब्द'मा सानु लामाको कथाकारिताबारे इतिवृत्त रूपमा यसो भनेका छन् – 'संक्षेपमा सबै थोक सजाएर प्रस्तुत गर्दा पोख्त कथाकारको कलाकारिता क्रियाशील भएको झल्कोहरू पाउँछौं हामी। आफ्ना कथामा कतै कुनै स्थिति वा दृश्यको वर्णन गर्दा जस्तो वा कथाका पात्रहरूमाझ भएका सजीव वार्तालापहरू जस्तो कुराकानीले कतै कथाको पठनीयता प्रदान गर्छ। वर्णन यी सबै एक निपुण कथाकारबाट मात्र सम्भव हुने लाग्छ हामीलाई।'[९] अतः सानु लामालाई एकजना निपुण, कुशल तथा बहुआयमिक कथाकार मान्न सकिन्छ।

उनका कथामा पात्र-पात्रा अनुकूल भाषाशैली वा संवादको प्रस्तुति पाइन्छ। उनका कतिपय कथा विवरणात्मक शैलीमा सुरु गरिएका हुनाले चार पाँच अनुच्छेदपछि मात्रै संवादको प्रयोग भएको छ। जस्तै, 'स्वास्नीमान्छे' कथामा सातौँ अनुच्छेददेखि मात्रै

---

[७] सानु लामा,(सन् २००८), सूर्यको तेस्रो किरण, जनपक्ष प्रकाशन, गान्तोक, सिक्किम, पृ १३

[८] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ६९

[९] सानु लामा (सन् २००१), आँगन परतिर (एउटा भ्रमण वृत्तान्त), विकास क्षेत्र, गान्तोक, सिक्किम, पृ ख

संवादको प्रयोग गरिएको छ। उनका कतिपय कथामा भने गीतको प्रयोगले पनि भाव पक्षलाई प्रबल बनाएको पाइन्छ। जस्तै,

'कत्तिनै राम्रो जुनेली जोडा लौ दाइ मारन

मार्नु त मार्नु ढुङ्गाले होइन पिरतीले मारन।'[१०]

'... नसम्झ आज नेपाली

सञ्चोले यहाँ बाँचेको

काँडाकै माझ पहाडी फूल

छैन र कहाँ हाँसेको।'[११]

सानु लामाले सिक्किमको ग्रामीण जनजीवनलाई लिएर कथा लेख्ने हुनाले ठाउँ तथा स्थानअनुरूप पात्रपात्राको चरित्र सुहाउँदिलो संवादको प्रस्तुति कथामा गरेको पाइन्छ। यसैकारण उनका कथामा आञ्चलिकता झल्किएको आभास हुन्छ। यसरी आञ्चलिकताको गोरेटो समाई कथा साहित्यमा प्रवेश गर्ने कथाकार लामाबारे घनश्याम नेपाल भन्छन् – 'कथा सम्पद्'-का कथाकार लामा 'विपना कतिपय'-का इन्द्रबहादुर राईकै कथा मार्गबाट आञ्चलिकताको गोरेटो समाई अघि बढेका भए तापनि इन्द्रबहादुर राईमा उत्तरोत्तर विकासशील नवप्रयोगात्मकताका पक्षधर उनी छैनन्। उनी कथाको अभिव्यक्ति पक्षलाई भन्दा भाव पक्षलाई प्रधानता दिने कथाकार रहेका छन्।'[१२] त्यसरी सुरुमा आञ्चलिकतालाई लिएर तथा सामाजिक यथार्थवादी मार्ग भएर सिक्किमका भौगोलिक

---

[१०] सानु लामा (सन् १९९५), कथा सम्पद्, के आर इन्टरप्राइजेस, गान्तोक, सिक्किम, पृ ७

[११] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ १२

[१२] घनश्याम नेपाल (सन् २००५), नेपाली कथा परम्परा र कथाकार लामा, चुनिलाल घिमिरे, पद्मश्री सम्मानद्वारा विभूषित कथाकार सानु लामा (जीवनी पुस्तक), नेपाली साहित्य परिषद्, विकास क्षेत्र, गान्तोक, पृ ४४

दृश्यावलोकन गर्दै अघि बढ्ने कथाकार लामा 'सूर्यको तेस्रो किरण' कथा सङ्ग्रहसम्म आइपुग्दा समाजका विभिन्न पक्षहरूलाई समेट्दै पात्रहरूको मनोभावसम्म केलाउन सफल भएका देखिन्छन्।

सानु लामाले आफ्ना कथामा साधारण जनजीवनबाट पात्र चयन गरी पात्रको नामअनुसार काम पनि बताउने चेष्टा गरेका छन्। उदाहरणार्थ 'पैयुँ फुलेको दिन' कथालाई लिन सकिन्छ। यस कथाको पात्र गोपाल नामले मात्र गोपाल (ग्वाला) नभएर ऊ कामले पनि गोपाल नै छ। यस कुराको पुष्टिका निम्ति कथाभित्र हेर्न सकिन्छ – 'नित्य बिहान दूधको ठिका घर घर पुऱ्याएर गोपाल फर्केर आले डाँडा आइपुग्दा पनि आधासरो नाम्ची ब्युँझेको हुँदैन थियो। ... चौबीस, पच्चीस वर्षको तन्देरी ऊ। गहिरो लाल वर्णको उसलाई कहिले नदेखेकोले देख्यो भने ग्वालाको रूपमा नसुहाउने देख्छ। आसाङ्गथाङ्गमा घर छ। खेतीपाती गर्छ ऊ। गाई, बाख्रा, कुखुरा पालेको छ।'[१३] उक्त प्रसङ्गले केवल गोपालको जीवन मात्र इङ्गित गरेको छैन, यसले सम्पूर्ण ग्रामीण क्षेत्रमा बसोबास गरी आएका निम्नवर्गीय कृषकहरूको दैनिक जीवनको चित्र अङ्कन गरेको पनि सहजै बुझ्न सकिन्छ। यसर्थ गोपाल एउटा प्रतीक हो, कृषिकार्यरत समाजको र उसको त्यस समाजलाई राम्रै गरी प्रतिनिधित्व गरेको छ।

यस्ता विभिन्न विशेषताहरूले भरिएका कथाहरू दिँदै नेपाली साहित्य जगत्लाई अझ उत्कृष्ट तुल्याउने प्रयासमा लागिपरेका कथाकार सानु लामाले आफ्ना कथाको शीर्षक चयन पनि औचित्यपूर्ण ढङ्गले गरेको मान्न सकिन्छ। उनले कतिपय कथाको शीर्षक प्रतीकात्मक रूपमा पनि राखेका छन्। उदाहरणार्थ, 'पहाडी फूल, काँडाकै माझ' कथालाई लिनसकिन्छ। यसमा उनले घरदेखि टाढा गएर ज्यालादारी वा मजदुरी काम गरेर साहुको ऋण तिर्ने र आफ्ना परिवारहरूलाई पाल्ने गरिब नेपालीहरू कसरी दुःख झेल्छन् भन्ने कुरा बीरबहादुर र कालुसिंहको संवादबाट देखाएका छन्। यस्ता सत्यलाई उद्घाटन गर्न

[१३] सानु लामा (सन् १९९०), मृगतृष्णा, सिक्किम साहित्य परिषद्, गान्तोक, सिक्किम, पृ ५७

पहाडी फूलको रूपमा सरल नेपालीहरूको पारिवारिक जीवन र काँडाको रूपमा आफ्ना घर-परिवारलाई छोडेर, घरदेखि टाढा गएर पैसा कमाउन बाध्य भएका नेपालीहरूलाई तुलना गरी यो कथा प्रस्तुत गरिएको छ। यसरी यस कथाले प्रतीकात्मक रूपबाट भारतीय नेपालीहरूको परिस्थितिलाई देखाएको छ। यसै परिपाटीका 'असिनाको मान्छे', 'तृषित मरुद्यान', 'घाम छाया १', 'घाम छाया २', 'मृगतृष्णा' र 'पेन्सन, तक्मा र गाडी' आदि कथाहरूलाई पनि राख्न सकिन्छ।

सानु लामाका कतिपय कथामा विशेष पात्रको होस् वा वस्तु विशेषको प्रधानता सधैँ सुरुमै किटानसँग उभिएको नपाइनु पनि उनको कथाकारिताको विशेषताकै एउटा पक्ष हो। एउटा पात्रबाट आरम्भ हुन्छ र यही मुख्य होला भन्ने पाठकीय सोचाइ केही तल पुग्नेबित्तिकै यही मुख्य होइन रहेछमा परिणत हुनथाल्छ र कथा आफ्नो गन्तव्यतर्फ बढिरहन्छ। उदाहरणार्थ, 'स्वास्नीमान्छे' कथालाई लिन सकिन्छ। प्रस्तुत कथाको सुरुमा सिक्किमको सिङ्ताम बजार, त्यसपछि राम्रो मादल बजाउने सार्की कान्छाको चित्रण गरिएको छ। यस कथामा पाठकको ध्यान घरि सार्की कान्छामा, त घरि ठुलो कान्छामा, घरि ठुली कान्छीमा आकर्षित भइरहन्छ। कथाको अन्त्यमा भने पुरुषको सङ्कीर्णता, नारीको निश्छलता तथा प्रगाढ प्रेम आदि देखाएर समाजमा हुने कुचलनलाई निर्मूल पार्ने सन्देश प्रस्तुत गरेका छन्। यस्तो चित्रण सानु लामाका कथामा पाउनु उनका कथागत एउटा विशेषता नै हो। उनका 'अनुकम्पा', 'पहाडी फूल काँडाकै माझ', 'साइनो', 'रेशी बगिरहेछ' र 'सात भाइकी चेली' आदि कथामा पनि यस्तै प्रवृत्ति रहेको पाइन्छ।

भाषाको माध्यमद्वारा विभिन्न भाव तथा विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो। त्यसैले व्यक्ति भाषा हो भने व्यक्तिको व्यक्तित्व नै त्यसको शैली हो।[१४] प्रत्येक लेखकको शैलीमा आफ्नो खास वैशिष्ट्य हुन्छ। यसरी शैली लेखकको व्यक्तित्वको पारिचयिक हुन्छ। कथालाई रोचक र आकर्षक तथा अरुचिकर र अनाकर्षक तुल्याउनमा

[१४] मोहनहिमांशु थापा (वि सं २०६६), साहित्य परिचय, साझा प्रकाशन, काठमाडौँ, पृ १५९

शैलीको भूमिका प्रमुख रहन्छ।[१५] कथाकारले आफ्ना कथाहरू विभिन्न शैलीमा प्रस्तुत गरेको पाइन्छ। सानु लामाले आफ्ना कथाको पृष्ठभूमि सिक्किमेली ग्रामीण जनजीवनको परिवेशलाई लिएर बनाएका हुनाले उनका कथामा सरल, सुबोध भाषाशैलीको प्रयोग पाइन्छ। पात्र पात्रा अनुकूल भाषाशैलीको प्रयोग उनले गरेका छन्। कथाको परिवेश, परिस्थिति तथा देश, काल, वातावरणअनुसार भाषाशैलीको प्रयोग कलात्मक ढङ्गमा मिलाएर गर्न सक्नु लामाको कथागत विशेषता मान्न सकिन्छ। केही उदाहरण यसप्रकार छन् - 'ठुली कान्छी कच्चा लाइनमा नहुँदो हो त यत्ति रमाइलो हुन्नथ्यो होला। सार्की दाइले मादल बजाएको र ठुली कान्छीले गीत गाएको यहाँ कसले भुल्न सक्ला र?'[१६]

'यो आसाङ्गथाङ्गभरिमा तिमी सबभन्दा राम्री।' 'आच्चि ... आसङ्गथाङ्गभरि मात्रै!' गोपालले त्यतैतिर हेर्दै भन्यो 'आसाङ्गथाङ्ग नै मेरो संसार हो।'[१७]

उक्त प्रसङ्गहरूबाट ग्रामीण जनजीवनको भाषा मात्र बुझिँदैन, यसबाट ग्रामीण स्थिति, रहनसहन, परिवेश आदिको चित्र पनि स्पष्ट हुन्छ। यसका अतिरिक्त यथार्थको उद्घाटनमा निष्ठावान रहेका सानु लामाका प्रायः कथाहरूमा नेपाली ग्राम्य लवज, अनुकरणात्मक शब्द र झर्रा शब्द आदि पनि पाइन्छन्। केही यस्ता भाषिक वैशिष्ट्य यसप्रकार छन् -

झर्रा शब्दहरू दुङरे पानी, झिली र मिली, निथ्रुक्क, कटमेरो, झटारो, पोथ्रा पोथ्री, घरको छेकान्, दाउराको फप्ल्याँटो, लयबरी आदि।

---

[१५] केशवप्रसाद उपाध्याय (वि सं २०६७), साहित्य प्रकाश, साझा प्रकाशन, ललितपुर, पृ १२४

[१६] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ३

१७ सानु लामा (सन् १९९०), मृगतृष्णा, सिक्किम साहित्य परिषद्, गान्तोक, सिक्किम, पृ ६७

अनुकरणात्मक शब्दहरू 'झ्याप्प निभाउनु, लिरिक् लिरिक् हल्लाउनु, खितिति हाँस्नु, खुस्रुक्क पस्नु, खपाखप खानु, क्याच क्याच किच्नु, पुलुक्क हेर्नु, सापसिप पार्नु, मादल चड्काउनु' आदि। सानु लामाले आफ्ना कथामा सरल सहज वाक्य विन्यास र ठाउँ ठाउँमा भावोश्छवासात्मक आलङ्कारिक प्रयोग पनि गरेका छन्। 'तृप्ति' कथाबाट एकाध उदाहरण टिप्न सकिन्छ -

'यो तेर्सो एउटा प्रेरणा जस्तो, उकालो हिँडेर आउनेका लागि सान्त्वना बनेको।[१८]

दुवैका आँखाले क्षणभर जुझेर मौन अभिवादन बोल्थे।'[१९]

'एक क्षणका लागि हिमाल नाङ्गो भएको थियो, साँझ धेरै गहिरियो।

अर्कै बाटो हिँड्न छुनी तत्पर थिइन्, ज्योतिलाई बलिदानको आवश्यकता छैन तर पुतली ज्योतिदेखि टाढा रहन सक्तैन।'[२०]

सानु लामाका कथाहरूमा सिक्किमेली भाषिकालाई प्रमुखता दिँदै त्यहाँको निम्नमध्यम वर्गमा प्रचलित नेपाली भाषाको प्रयोग गरिएको छ। सहज, सरल र सम्प्रेषणीय हुनाका साथै कवितात्मक, सङ्गीतात्मक र प्रवाहमय भाषा शैलीको प्रयोग उनका कथामा गरिएको छ। उनका कथामा जातीय चिन्हारी र सांस्कृतिक वैशिष्ट्यका कुराहरू पनि झल्किएका छन्। जस्तै, 'स्वास्नीमान्छे' कथामा ठुलीकान्छी र सार्की कान्छाले पिङ खेलेको, लोक गीत गाउने र मादल बजाउने गरेको, यसरी नै 'पाहुना' कथामा पाहुनालाई गरिनुपर्ने सत्कार गरेको वर्णन आदिबाट कथाकार संस्कृतिप्रति सचेत रहेको कुरो बुझ्न सकिन्छ। यसरी नै 'सात भाइकी चेली' कथामा "तीज आयो-बहिनी,

---

[१८] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ८६

[१९] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ८८

[२०] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ९०

नानीहरूलाई दर खुवाउनु लान्छौँ'[२१] भन्नाले पनि नेपाली सांस्कृतिक पक्ष नै झल्किन्छ। लामाका लघुकथा 'संघर्ष १' र 'व्यग्रता'-मा पनि सांस्कृतिक कुराहरू भेट्टाइन्छन्। जस्तै 'संघर्ष १' लघु कथामा' लाक्पाको बाबुले चाँदीले मोरेको दारको ढुँग्रोको तीन महीने जाँड तन् तन् चुसेर थकाइ मेटाएको'[२२] दृश्यले भोटे संस्कृतिको एउटा पक्षलाई उद्घाटन गर्दछ। 'व्यग्रता' कथामा केक काटेर जन्म दिवस मनाइएको घटनालाई पाश्चत्य संस्कृति र सभ्यताको अनुकरणका रूपमा लिन सकिन्छ।

सानु लामाले आफ्ना कथामा नेपालीहरू एकाअर्कालाई आइपरेको खण्डमा सहयोग गर्ने प्रवृत्ति भएका पात्र वा मैत्री र करुणाशील हृदय भएका पात्रहरूको प्रयोग प्रशस्तै गरेका छन्। उदाहरणका निम्ति, 'बलराम थापाको कथा', 'रम्मिमा सिक्वेन्स्-एउटा अनुक्रम' आदि कथालाई लिन सकिन्छ। प्रेम थुलुङले सानु लामाका कथाहरूलाई लिएर उनका कथाहरूमा आदर्शोन्मुख यथार्थवाद भएको हुनाले निम्न र मध्यमवर्गीय उत्पीडन र विविध समस्याहरूसित सम्बन्धित छन् भन्ने विचार व्यक्त गरेका छन्।[२३] कथाकार सानु लामालाई विशेष सामाजिक, आञ्चलिक यथार्थवादी प्रवृत्ति अँगाल्ने कथाकारको रूपमा हेर्न सकिन्छ। कथाको आरम्भदेखि नै पाठकवर्गमा कौतूहल जगाउन सक्नु उनका कथामा पाइने एउटा विशेषता हो। लामाको कथाकारिताबारे घनश्याम नेपालले 'सानु लामाको कथाकारिता औपन्यासिक विस्तारतर्फ नअल्मलिई अध्यावधि कथागत केन्द्रगामिताप्रति नै निष्ठावान् छ भन्ने विचार व्यक्त गर्दै विशेष लामाका कथामा करुणालाई पनि प्रमुख विशेषता मानेका छन्।[२४]

---

[२१] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ५४

[२२] कल्पना त्रिपाठी (सम्पा) (सन् २००७), सानु लामाका साना कथाहरू, ग्रीन हिल प्रकाशन, दार्जिलिङ, पृ ३१

[२३] प्रेम थुलुङ (सन् १९९२), मृगतृष्णाको पृष्ठभूमि र पात्र पात्रा परिचय, सी के श्रेष्ठ (सम्पा), आधार (भारतीय नेपालीहरूको राष्ट्रिय पत्रिका), वर्ष ३, अङ्क ९/१०, पृ ७

[२४]घनश्याम नेपाल (सन् २००५) नेपाली कथा, परम्परा र कथाकार लामा, पूर्ववत्, पृ ४३

यसरी नै लामाका हालसम्म प्रकाशित भएका कथाहरूलाई नियाल्दै राजेन्द्र भण्डारी लेख्छन् "पूर्व प्रजातन्त्रकालीन अर्थात् राजतन्त्रकालीन सिक्किमका ऐतिह्य र भूप्रकृतिक परिवेश हुँदै सानु लामाको कथाकारिता वर्तमान सिक्किमको वयस्क प्रजातन्त्रजन्य जीवनका अनेकौँ आयामसम्म तनक्क तन्किएको छ।"[२५] यस्तै प्रकारले' सानु लामाका प्रत्येक कथामा गहिरो चिन्तना, गहन दृष्टि पसेको छ बसेको हुन्छ' भन्ने विचार व्यक्त गर्दै इन्द्रबहादुर राई सानु लामाबारे अझ यसो भन्छन् - "उनका कथाहरू पढ्दा थाल्नीदेखि तुर्नीसम्मै एकपछि एक धेरै थरीका आनन्दहरूले पाठकको मनमस्तिष्क आर्द्र बन्छ, मात्र आन्तिक प्रभावको निम्ति वा प्रज्ञानको निम्ति लेखिएको हुँदैन। उहाँका कथाहरू यात्राहरू जस्ता, मार्गहरू जस्ता हुन्छन्, आनन्दिला यात्रा र मार्गहरू।"[२६] सानु लामाका धेरजसो कथामा यथार्थ जीवनको चित्रण अवश्य नै पाइन्छ। समाजमा विद्यमान विभिन्न प्रकारका चरित्रहरूको उद्घाटन तथा अनेकौँ मनस्थितिको अति सूक्ष्म विश्लेषण साथै सुधारात्मक प्रवृत्तिहरूको उल्लेख कथाकारहरूले आफ्नै अनुभूति र बौद्धिक स्तरका आधारमा गर्ने गर्छन्। तसर्थ कथामा सामाजिक स्थिति र परिवेशको उल्लेखका साथै कथाकारको आफ्नै विलक्षण प्रतिभा देखिनु स्वाभाविकै हो।

वस्तुतः सानु लामा आफूले एकपल्ट रोजेर साधनापूर्वक निर्माण गरेको मार्ग र परिपाटी सितिमिति छोड्दैनन्। उनी दृढतापूर्वक त्यसैमा अडिएर कथावस्तुलाई कथामा अनुवाद गर्ने प्रयास गरिरहन्छन्। उनले आफ्ना कथामा समाजमा व्यक्तिले बाँचेको र भोगेको जीवन र परिस्थितिहरूको यथार्थ चित्रण गरेका छन्। नेपाली समाजमा देखिएका कुरीतिहरू र अमानवीयतालाई सरल शैलीमा कथामा लेख्नु उनको स्वाभाविक विशेषता देखिएको छ। सामाजिक परिपाटी अनुकूल पारिवारिक जीवन धान्न खोज्दा चोट खाएका,

---

[२५] राजेन्द्र भण्डारी (सन् २००८), सूर्यको तेस्रो किरण संक्षिप्त पठन, सानु लामा, सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ vii

[२६] इन्द्रबहादुर राई (सन् १९९२), मृगतृष्णा- हिँड्दै आनन्दको मार्ग, नेपाली साहित्य प्रचार समिति (आयोजक), कथाकार सानु लामा अभिनन्दन स्मारिका, सिलगढी, पृ ८, ९

आर्थिक स्थिति नराम्रो हुँदा तथा गाउँका ठुलाठालु भनाउँदासित ऋण लिँदा शोषणको सिकार भएका, व्यक्तिगत इच्छा वा चाहनामा बाँच्न खोज्दा परिस्थितिका चपेटमा परेका, लोग्ने परस्त्रीसँग लागेपछि तारुण्यमा प्रवेश गरेका परित्यक्ता नारीको दुर्दशा, पति वा पत्नीमध्ये एकजनाको मृत्यु भएपछि रोएरै जीवन बिताउने पत्नी वा पति तथा व्यक्तिलाई स्वेच्छामा रहन नदिएर त्यसप्रति पारम्परिक आदर्श र रूढिका दृष्टिले हेरिनु आदि कुराहरूमाथि पनि सानु लामाले आफ्ना कथाहरूमा प्रकाश पारेका छन्। यिनै र यस्तै विशेषताहरूले गर्दा भारतीय नेपाली कथा साहित्य जगत्मा सानु लामाको स्थान उच्च छ। मानवीय संवेदनालाई कथामा प्रस्तुत गर्न सक्ने उच्चस्तरका कथाकार सानु लामाका कथामा मानिसका भावुकता, कोमलता र कारुणिक पक्ष खुबै राम्रोसँग प्रस्तुत भएको पाउन सकिन्छ। अतः विभिन्न दृष्टिकोणबाट सानु लामाका कथालाई नियाल्दा उनको कथाकारिता उच्च स्तरमा पुग्न सक्षम देखिन्छ।

## ४.२ सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण

यसअन्तर्गत निम्न उपशीर्षकका आधारमा सानु लामाका कथाहरूलाई विभाजन गरेर अध्ययन प्रस्तुत गरिएको छ -

४.२.१ सदस्य सङ्ख्याका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन।

४.२.२ विवाहका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन।

४.२.३ निवासका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन।

४.२.४ शिक्षा र अशिक्षाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन।

४.२.५ आधुनिकता र सनातनताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन।

४.२.६ आर्थिक सम्पन्नता र विपन्नताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन।

## ४.२.१ सदस्य सङ्ख्याका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

परिवारका सदस्य सङ्ख्याका आधारमा सानु लामाका कथाहरूको अध्ययन गर्दा संयुक्त र एकात्मक गरी दुई प्रकारका परिवार प्रथा रहेको पाइन्छ। यसो भए तापनि उनका कथाहरूमध्ये 'सात भाइकी चेली' र 'बलराम थापाको कथा' बाहेक अरूमा संयुक्त परिवारको चित्रण भने पाइँदैन। एकात्मक परिवार प्रथा भन्नाले पति-पत्नी र अविवाहित छोरा-छोरी एकै साथ बसोबासो गर्ने परिवार भन्ने बुझिन्छ। यसको विपरीत संयुक्त परिवार प्रथा भन्नाले तीन पुस्ताभन्दा धेर सदस्यहरू एउटै घरमा बस्ने, रक्तसम्बन्धी एवम् केही अन्य नातेदारहरू भएको परिवार भन्ने बुझिन्छ। अतः संयुक्त परिवार प्रथा भन्नाले संयुक्त चुल्हा, संयुक्त सम्पत्ति र ठूलो आकार भएको परिवार भन्ने बुझिन्छ।[२७]

यसर्थ, परिवारका सदस्य सङ्ख्याका आधारमा सानु लामाका उक्त दुईवटा कथालाई संयुक्त परिवारको चित्रणको रूपमा निम्नप्रकारले अध्ययन गरिएको छ भने उनका अन्य सबै कथामा नै एकात्मक परिवार प्रथा रहेको पारिवारिक जीवनको चित्रण पाइने हुनाले यहाँ ती कथाहरूलाई तालिकामा मात्रै प्रस्तुत गरिएको छ -

### ■ सात भाइकी चेली

संयुक्त परिवार प्रथामा रहेका परिवारहरूमा कम्तीमा पनि तीन पुस्ताका सदस्यहरू एकै घरमा बस्ने तथा एउटै चुल्हामा पकाएको खाने हुन्छन्। यस दृष्टिकोणका आधारमा सानु लामाको उक्त कथालाई संयुक्त परिवार प्रथामा आधारित मानिएको छ। किनभने यस कथामा युवती, उसका पति, सासू र नानीहरू गरी तीन पुस्तासम्मका सदस्यहरू एकै घर

---

[२७] एर एल म्याकइवर र चार्लिस एच पेज (सन् २०११), सोसाइटी, सूरजित पब्लिकेसन, दिल्ली, पृ २४९

वा परिवारमा रहेको चित्रण कथामा गरिएको छ। यसैले प्रस्तुत कथालाई संयुक्त परिवार प्रथा रहेको मान्न सकिन्छ। 'सन्तान बढ्यो। नयाँ घरहरू बनिए। पछि आउनेहरू पनि त्यही बसे। गाउँ बस्ती बन्यो- एउटा नयाँ संसारको सृजना भयो। अघिको मैदानी टार अब साँगुरो भयो। कालान्तरमा कत्ति सुब्बा परिवारहरू नयाँ ठाउँमा बस्ती बसाउन हिँडे।'[२८] यसरी यस कथामा एउटा संयुक्त परिवार विघटित हुनुमा परिवारमा रहेका सदस्य सङ्ख्या पनि एउटा प्रमुख हो भन्ने कुरालाई देखाइएको छ।

**■ बलराम थापाको कथा**

सानु लामाको 'बलराम थापाको कथा' शीर्षक कथामा बलरामले सौता भित्र्याएपछि उसकी प्रथम पत्नी माया माइतमा नै बाबु, आमा र दाजु भाइहरूसँग बसेकी छ। यसका साथै कथाको अन्त्यमा बलरामको मृत्यु भएपछि उसकी दोस्री पत्नी माला पनि नानीहरूलाई लिएर सौताकै माइतमा आश्रय लिन पुगेकी छ। यसर्थ, यस कथामा मायाको माइती घर संयुक्त परिवारको रूपमा चित्रित भएको छ। कथामा वर्णित मुख्य पात्र बलरामको परिवार भने बहुविवाही परिवार प्रथामा आधारित देखिए तापनि कथामा उक्त दुईवटा घटनाले गर्दा नेपाली परिवारहरूमा रहने संयुक्त परिवारको चित्रण पनि यस कथामा इङ्गित गरिएको पाइन्छ।

सानु लामाका उक्त दुईवटा कथाबाहेक अरू कथामा भने असंयुक्त वा एकात्मक परिवारकै चित्रण पाइन्छ। त्यसमा पनि बुनोटअनुसार कथामा चित्रित परिवारभित्रका सदस्यहरू पनि उनले कम्ती नै प्रयोग गरेका छन्, जसलाई उनको कथालेखनको एउटा विशेषता मान्न सकिन्छ। उनका कथामा पाइने परिवारलाई तिनका सदस्यको सङ्ख्याका आधारमा निम्न तालिका अनुसार हेर्न सकिन्छ -

---

[२८] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, जनपक्ष प्रकाशन, गान्तोक, सिक्किम, पृ ४६

## तालिका सङ्ख्या ३

| कथाको शीर्षक | कथामा प्रयुक्त परिवारभित्रका सदस्यहरूको सङ्ख्या | | |
|---|---|---|---|
| | १-३ | ४-५ | ६ भन्दा बेसी |
| १.स्वास्नीमान्छे | ✓ | | |
| २. पहाडी फूल, काँडाकै साझ | ✓ | | |
| ३. अनुकम्पा | ✓ | | |
| ४. गौरी | | ✓ | |
| ५. इयर्रिङ | ✓ | | |
| ६. फुर्बाले गाउँ छोड्यो | ✓ | | |
| ७. कमला | | ✓ | |
| ८. बलराम थापाको कथा | | | ✓ |
| ९. असिनाको मान्छे | | ✓ | |
| १०. खानीटारमा एकदिन | ✓ | | |

| | | | |
|---|---|---|---|
| ११.तृषित मरुद्यान | ✓ | | |
| १२. सम्पत्ति | ✓ | | |
| १३. यसरी बित्छ दिन | ✓ | | |
| १४. ज्योतिबिनाको उज्यालो | | ✓ | |
| १५. रम्मीमा सिक्वेन्स्-एउटा अनुक्रम | ✓ | | |
| १६. संयोग | ✓ | | |
| १७. घाम-छाया(१) | ✓ | | |
| १८. घाम-छाया(२) | ✓ | | |
| १९. पैयुँ फुलेको दिन | | ✓ | |
| २०. पाहुना | | ✓ | |
| २१. तृप्ति | ✓ | | |
| २२. मृगतृष्णा | ✓ | | |
| २३. बिहान हुन नसकेको दिन | ✓ | | |
| २४. साइनो | ✓ | | |
| २५. टी शर्ट | ✓ | | |

| | | | |
|---|---|---|---|
| २६. रेशी बगीरहेछ | | ✓ | |
| २७. समर्पण | ✓ | | |
| २८. सात भाइकी चेली | | | ✓ |
| २९. म भगवान् भएँ | | ✓ | |
| ३०. सूर्यको तेस्रो किरण | ✓ | | |
| ३१. पेन्सन, तक्मा र गाडी | ✓ | | |
| ३२. सन्तानको सुख | | ✓ | |
| ३३. छुँदै जाने सम्झनाहरू | ✓ | | |
| ३४. केही आफ्नो केही अरूको | ✓ | | |
| ३५. व्यग्रता (लघु कथा) | | ✓ | |
| ३६.सन्तोष (लघु कथा) | ✓ | | |
| ३७.पराजित (लघु कथा) | ✓ | | |
| ३८. बाँधिएका क्षणहरू (लघु कथा) | ✓ | | |
| ३९. सङ्घर्ष १ (लघु कथा) | ✓ | | |
| ४०. सङ्घर्ष २ (लघु कथा) | ✓ | | |

कथाकार सानु लामाका कथामा परिवारभित्रका सदस्यहरूलाई तालिकाअनुसार हेर्दा प्रायः जसो कथामा तीनजनासम्म मानिसहरू भित्र्याइएका छन्। कतिपय कथामा पाँचजनासम्म मानिस भएका परिवारहरू छन् भने दुईवटा कथामा ६ देखि धेर सदस्य रहेका परिवार छन्। अतः उनका कथामा पति-पत्नी र छोरा-छोरी भएका एकल वा सानो परिवार नै धेरै छन्। उनले प्रायः ग्रामीण परिवेशमा हुर्किएका पात्रहरूलाई लिएर कथा लेखेको भए तापनि त्यहाँ प्रयोग गरिएका परिवारको ढाँचा भने धेरजसो असंयुक्त नै रहेको पाइन्छ। अतः 'असिनाको मान्छे' र 'ज्योतिबिनाको उज्यालो' आदि कथालाई यहाँ असंयुक्त परिवार प्रथामा आधारित रहेकाहरूमध्ये उदाहरणस्वरूप लिइएको छ-

**■ असिनाको मान्छे**

यो कथा असंयुक्त परिवार प्रथामा आधारित छ। बाबु-आमा र दुईजना छोरा-छोरीको सेरोफेरोमा कथा कथिएको छ। यसमा असिनाको माध्यमबाट प्रतीकात्मक रूपमा मानवीय मूल्यलाई यसरी प्रस्तुत गरिएको छ – 'असिनालाई थापथाप्-थुपथुप पारेर मान्छेको आकृति कताकता निकाल्न सकें। भूइँदेखि डेढ हात जति अग्लो भयो। बसेको हो कि उठेको हो त्यो त मैले नै भन्न सकिनँ। ..... झ्यालबाट बाहिर आँगनमा हेर्दा त्यो असिनाको मान्छे बिलाइसक्नु आँटेको थियो।'[२९] यसरी मान्छे असिना जस्तै हो, ऊ नित्य निरन्तर खिइँदै जान्छ, साँगुरिँदै जान्छ र अन्त्यमा विलीन हुन्छ भन्ने कुरा दर्साउन खोजिएको बुझिन्छ। यसो भए तापनि यो प्रक्रिया निरन्तर चली नै रहन्छ। मानिसले आफ्नो जीवनकालमा प्राप्त गरेका अनुभवहरू छोरा-छोरीहरूलाई हस्तान्तरण गर्दै जान्छ, यसैमा जीवन छ तथा पारिवारिक आनन्द छ। यसरी म पात्र, दुईजना छोरा-छोरी र पत्नीबिचको सामान्य अन्तर्क्रियाभित्र यो कथा सीमित छ।

---

[२९] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ७९

**■ ज्योतिबिनाको उज्यालो**

यो कथा पति-पत्नी धनराज र चन्द्रा अनि छोरा-छोरी दिपू र मन्दा चार पात्र-पात्राहरूकै अन्तर्क्रियामा केन्द्रित छ। "धनराज मन्दाको आँखाको उपचार निमित्त आफूले भ्याएसम्म केही बाँकी राखेका थिएनन्। आजभन्दा एक हप्ता अघिदेखि नै तिनी मनमनै छट्पटिइरहेका थिए। छोरीको आँखाका निमित्त तिनी जे गर्न पनि तयार भइसकेका थिए।" यहाँ धनराजको परिवारमा देखिएको दुःख, कष्टलाई प्रस्तुत गर्दै नेपालीहरू आफ्ना सन्तानको खुसीका निम्ति जस्तै परिस्थितिसँग पनि जुझ्न तयार रहन्छन् भन्ने कुरालाई इङ्गित गरेको बुझिन्छ। अतः यो कथा धनराज र उसको परिवारमा नै सीमित रहेको पाइन्छ। यसैले यस कथामा चित्रित परिवार असंयुक्त परिवार प्रथामा आधारित छ।

यसरी सानु लामाका कथामा चित्रित असंयुक्त परिवारका पात्रहरू आ-आफ्नो परिवारका सदस्यका दुःखसुखका लागि नै निरन्तर रूपमा लागिपरिरहेको बुझिन्छ।

## ४.२.२ विवाहका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

विवाह समाज, संस्कृति र प्रचलनअनुसार फरक फरक किसिमको हुनसक्छ। विवाह भइसकेपछि समाजमा दम्पतिहरूलाई खास अधिकार र निर्दिष्ट दायित्व निर्धारण गरिन्छ। यो पनि समाज र संस्कृतिअनुसार फरक फरक पाइन्छ। विवाहपछि समाजमा पति-पत्नी दुवैको पद वा भूमिका बदलिन्छ। सामाजिक सम्बन्धको आयतन अझै बढी फराकिलो भएर जाँदछ। नेपाली हिन्दू तथा बौद्ध समाजमा मात्र होइन प्रायः सबै समाजमा नै विवाहले मानिसलाई व्यवहारमा परिपक्व गराएको पनि सङ्केत गर्दछ।[३०]

सानु लामाका कथामा चित्रित पारिवारिक ढाँचालाई हेर्दा प्रायः नै विवाहित सम्बन्ध स्थापित भइसकेपछिको परिवारको चित्रण गरेका छन्। यसो भए तापनि कथामा चित्रित परिवारका सदस्यहरूको रहन-सहन तथा एउटै चुहलामा पकाएका खाने

[३०] बलराम आचार्य (सन् २०१०), समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू, रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौँ, पृ १८५

सदस्यहरूको सङ्ख्या आदिका आधारमा विवाहका प्रकारबारे अध्ययन गर्दा त्यहाँ मुख्यतः एकविवाही परिवार प्रथा नै बढी मात्रामा चित्रित पाइन्छ भने एकाध कथामा बहुविवाही परिवार प्रथाको चित्रण पनि पाइन्छ। यसका साथै एकाध कथामा भने प्रेम विवाहद्वारा निर्मित परिवार पनि रहेको पाइन्छ। यसर्थ, यहाँ एकविवाही, बहुविवाही र प्रेमविवाही परिवार प्रथाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवनको चित्रणबारे अध्ययन गरिएको छ।

### अ) सानु लामाका कथामा पाइने एकविवाही परिवार प्रथाअनुसारको पारिवारिक जीवन

एक विवाही परिवार प्रथा भन्नाले पुरुष र स्त्री दुवैले एकैपल्ट मात्रै विवाह गर्ने अर्थात् एउटी स्त्रीको एकैजना पति र एउटा पुरुषको पनि एउटी पत्नी मात्रै भएको परिवार बुझिन्छ।[३१] यसअन्तर्गत सानु लामाका प्रायः सबै कथालाई लिन सकिन्छ, किनभने कतिपय कथामा पति वा पत्नीको मृत्युपश्चात् पनि जीवन एक्लै वा नानीहरूसँग बिताउँदै गरेको देखाएर सानु लामा स्वयम्ले पनि एकविवाही परिवार प्रथालाई नै प्रोत्साहन दिएको बुझिन्छ। यसर्थ, एकविवाही परिवार प्रथाका आधारमा सानु लामाका कथामा चित्रित पारिवारिक संरचनाको अध्ययन गर्ने क्रममा यहाँ एकाध कथाहरूको चर्चा उदाहरणका रूपमा प्रस्तुत गरिन्छ-

#### ■ ज्योतिबिनाको उज्यालो

यो कथा चारजना सदस्य भएको एउटा सामाजिक विषयवस्तुमा आधारित परिवारकेन्द्रित छ। कथामा चित्रित परिवारको ढाँचा एकात्मक रहेको कुरा अघि नै जनाइसकेको छ। पात्र धनराज र उसकी पत्नी चन्द्रा आफ्नी छोरी मन्दाको अन्धोपनले गर्दा पिरोलिएको वर्णन

[३१] सत्यकेतु विद्यालङ्कार (सन् २००७), समाजशास्त्र, सफदरजङ्ग इन्क्लेव, श्री सरस्वती सदन, ए-१/३२, नयाँ दिल्ली, पृ ४०७

यसप्रकार छ – 'एउटै छाती जस्तो धनराज र चन्द्राको छातीमा एकै प्रकारको असहनीय वेदनाले धेरै दिनसम्म पोलिरह्यो। धनराज र चन्द्राको 'विश्वास' छ, 'आत्मबल' छ, त्यसमाथि चन्द्राको 'ममता' अनि धनराज आफैंको पितृ-हृदय पग्लँदै बनिएको दृढ-सङ्कल्प छ। अनि सबैभन्दा मूल्यवान् एवम् महत्त्वपूर्ण कुरो के हो भने मन्दाप्रतिको उनीहरूको 'माया' र 'पवित्र स्नेह'-लाई कसैले कम गराउन सक्तैनन्।'[३२] यसरी कथाका पात्रहरू आफ्नो घर-परिवारलाई सम्हाल्ने प्रयासमा छन्।

## ■ फुर्बाले गाउँ छोड्यो

सानु लामाको 'फुर्बाले गाउँ छोड्यो' कथामा गोमती र फुर्बाको वैवाहिक जीवन गोमतीको अकालै मृत्यु भएपछि असफल भएको कारुणिक कथा-व्यथा पाइन्छ। पत्नीको मृत्यु भएपछि फुर्बाले गाउँ छोड्ने निर्णय लिएर भएका सर-समानहरू बटुलेर निस्कँदा गोमतीले घरभित्रबाट बोलाएको पीडामय घटनाको वर्णन यसप्रकार गरिएको छ – 'केही हराए जस्तो, केही बिर्से जस्तो- उसले शून्य नजरले, रुन्चे परेको अनुहार लिएर, ती समानहरू हेरिबस्यो। उसको मन त्यहाँ थिएन। मरिसकेको थियो। घोरिंदै-घोरिंदै फुर्बा दगुर्दै घरभित्र पस्यो र एकछिनमा निस्केर सिकुवामा उभियो-त्यही रुन्चे अनुहार लिएर। लगत्तै ऊ फेरि घरभित्र पस्यो र निकै बेरमा मात्र निस्केर फेरि आँगनमा उभिन आइपुग्यो-उही शून्य नजर लिएर।'[३३] यसरी घरिघरि यसो गर्नुको कारण उसलाई घरभित्रबाट गोमतीले बोलाइरहेको जस्तो लागिरहेको थियो। कथामा एकातिर पोक्चीकी आमाले 'रोएर कराएर गएको फर्कने होइन। बरु भगवानको ध्यान गर, गोमतीले बाटो पाओस्। अजम्मरी यो धरतीमा को छ र? हामी सबै त मर्छौं। ... दैवको खटनमा हाम्रो के लाग्छ र।

[३२] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ८

[३३] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ४१

गाउँ छाडेर के हुन्छ? तिम्रो दु:ख मनको मनैमा रहनेछ, गोमाको सम्झना तिमीलाई आउने नै छ। जहाँ गए पनि यो दु:ख भुल्ने त होइनौ।'[३४] भनेर जीवनको परिभाषा दिँदै फुर्बालाई जीवन के हो? भन्नेबारे अर्थ्याएको छ भने अर्कातिर फुर्बा गोमतीको माने बनाएर उसको आत्मालाई शान्ति पावोस् भनेर जुटेको देखिन्छ। प्रस्तुत कथामा यिनै प्रेम र वैवाहिक जीवनमा आइपरेका घात र प्रतिघातको प्रसङ्गलाई प्रस्तुत गरिएको पाइन्छ भने फुर्बाले कतै पनि दोस्रो विवाह गर्ने विचारसम्म पनि गरेको चित्रण पाइँदैन।

### ■ रम्मीमा सिक्वेन्स एउटा अनुक्रम

सानु लामाको प्रस्तुत कथामा पनि 'फुर्बाले गाउँ छोड्यो' कथामा झैँ पत्नीको मृत्युले पत्नी वियोगमा परेको धनराजको कारुणिक कथा-व्यथाको नै चित्रण गरिएको पाइन्छ। यस कथामा पनि पत्नीको मृत्यु भएपछि धनराजले दोस्रो विवाह गरेको पाइँदैन।

### ■ सन्तानको सुख

सानु लामाको 'सन्तानको सुख' कथामा अल्पायुमै पतिको मृत्युले क्षतविक्षत बनेकी एउटी नारीले आफ्ना सन्तानप्रति समर्पित भएर जीवन-यापन गरेकीले उसका लागि आफ्ना सन्तानको स्याहार-सुसार नै सन्तुष्टिको स्रोत बनेको छ। पतिको मृत्युपश्चात् पत्नीले आफ्ना छोरा-छोरीसँग मात्रै जीवन बिताएकी छ भने दोस्रो विवाह गर्ने निर्णय कतै पनि गरेकी छैन। यसर्थ, यस कथामा पनि एक विवाही परिवार प्रथामा आधारित नै भएको पारिवारिक जीवनको चित्रण गरिएको पाइन्छ।

---

[३४] सानु लामा (सन् १९९५), मृगतृष्ण, पूर्ववत्, पृ ४२

### ■ पेन्सन, तक्मा र गाडी

लामाको 'पेन्सन, तक्मा र गाडी' कथामा पति र छोराको मृत्यु भएपछि विधवा र परिवारमा एक्ली भएकी मेजरनी अञ्जु गुरुङ पतिको पेन्सनले जीवन चलाइरहेकी छ। पतिको मृत्युपश्चात् प्रत्येक महिना पेन्सन थापेर पतिकै समीपमा भएको अनुभाव यसरी गर्थी - "सुम्सुम्याउँदा सुम्सुम्याउँदै कागजको त्यो बिटा जीवन्त भएको अनुभव गर्थी, छातीमा राख्थी औ बेलाबेलामा त आफ्नो ओठमा छुवाएर म्वाई पनि खान्थी अनि फेरि आफै लजाउँथी। अनायसै ऊ मेजरको फाँटिलो छातीलाई सुम्सुम्याइरहेकी हुन्थी, उसको हातलाई आफ्नो हातमा लिएर मुसारिरहेकी हुन्थी।" यसरी पति-पत्नीमध्ये एकजनाको मृत्यु भए तापनि नेपाली परिवारमा दोस्रो विवाह गरिहाल्ने प्रवृत्ति भने त्यति देखिँदैन बरू बितेका सम्झनाहरूसँगै समय बिताइरहेको देखिन्छ भन्ने कुरा यस कथामार्फत् कथाकारले देखाएको बुझिन्छ। यस कथामा यौवनावस्थामै विधवा भई एक्ली भएकी मेजरनीले परपुरुषको चाह  गरेको वर्णन कथामा कतै पनि पाइँदैन। यद्यपि प्रस्तुत कथामा विघटित परिवारको कारुणिक कथा-व्यथा पाइए तापनि समग्रमा हेर्दा कथामा एकविवाही परिवार प्रथा भएको नै देखिन्छ।

### ■ बाँधिएका क्षणहरू

लामाको लघु कथा 'बाँधिएका क्षणहरू'-मा मधु रिवाकुलले आफ्नो स्वर्गीय पति शान्तनु रिवाकुलसँग अतीतमा खिचेका भिन्न-भिन्नै फोटोहरू हेरेर वर्तमान विधवा अवस्थामा पनि बाँच्ने प्रेरणा प्राप्त गरिरहेको वर्णन छ। प्रस्तुत कथामा पनि 'पेन्सन, तक्मा र गाडी' कथामा झैँ स्वर्गीय पतिको सम्झना गर्दै वर्तमान जीवन बिताइरहेको वर्णन पाइन्छ भने यसमा पनि विधवा मधुले दोस्रो विवाह गर्ने विचार कतै पनि गरेकी छैनन्।

■ **व्यग्रता**

प्रस्तुत कथामा कर्मभूवन आफ्नी मृत पत्नीको स्मरणले विह्वल भइरहेको छ। यही चिन्तित मनस्थिति बोकेको कर्मभूवन छोराको जन्मोत्सव मनाउने दिन पनि भुलेर छोरीको जन्मोत्सव मनाउन पुग्छ। त्यत्रो होहल्ला केटा-केटीहरूको खुसियालीमा पनि ऊ निस्ताएको छ, शून्य आकाशमा हेरिरहेको छ। उसको मानसिक अवस्था स्थिर छैन भन्ने कुरा यसरी छोराको जन्मोत्सवमा छोरीको जन्मोत्सव मनाउँदै गरेकोले पनि स्पष्ट हुँदछ। छोरा विप्लवले उसलाई आज बहिनीको जन्म दिन होइन मेरो जन्म दिन हो भन्दा मात्रै आफू झसङ्गै हुँदै आफ्नी छोरीलाई भन्छ – 'सानी, आज त विप्लवको जन्मदिन थियो। मेरो कत्रो भुल भएछ। सधैं नोराले नै यी सब काम-कुरो गर्थी। एकै वर्षमा यो घर एकचक्के गाडी भएछ अनि म भर्खरको सिकौरे ड्राइभर – मैले यो घरलाई यस्तै प्रकारले कहाँ पुऱ्याउने हो ...।'[३५] एउटा परिवारमा मुख्य मानिने घरका आमा वा पत्नीको मृत्युले मानिसको मानसिक सन्तुलनलाई डगमगाउन सक्छन् भन्ने सन्देश प्रस्तुत कथाले दिएको छ। यसरी यस कथामा पत्नीको विरहले व्याकुल भएको एउटा व्यग्र मनको द्वन्द्वलाई कथाकारले विषयवस्तु बनाएका छन्। प्रस्तुत लघु कथामा कर्मभूवनले आफ्नी मृत पत्नीको सम्झनामा जीवन बिताइरहेको देखाइएको हुनाले कथामा चित्रित परिवार एकविवाही परिवार प्रथामै आधारित रहेको मान्न सकिन्छ।

## आ) सानु लामाका कथामा पाइने बहुविवाही परिवार प्रथाअनुसारको पारिवारिक जीवन

आफ्नो जीवन कालमा स्त्री वा पुरुष दुवैले दुईजना वा दुईभन्दा बढी पुरुष वा स्त्रीसँग वैवाहिक सम्बन्ध गास्छन भने त्यस्तो विवाहीत प्रथालाई बहुविवाही परिवार प्रथा भनिन्छ। बहुपत्नी परिवार प्रथा र बहुपति परिवार प्रथा गरी बहुविवाही परिवार प्रथा

[३५] कल्पना त्रिपाठी (सम्पा), सन् २००७, सानु लामाका साना कथाहरू, ग्रीन हिल प्रकाशन, दार्जिलिङ, पृ २२

दुई प्रकारका छन्।[३६] बहुविवाही परिवार प्रथाअन्तर्गत सानु लामाका कथाको अध्ययन गर्दा 'बलराम थापाको कथा', 'खानीटारमा एकदिन' र 'संयोग' गरी जम्मा तीनवटा कथाहरू मात्रै यसअन्तर्गत राख्न सकिने देखिन्छ। यसरी तीनवटा मात्रै बहुविवाही परिवार प्रथालाई अपनाएर लेखिएका कथाहरू भए तापनि बहुपत्नी र बहुपति दुवै थरीका परिवार प्रथालाई उनले आफ्ना कथामा चित्रण गरेको छ। यसर्थ, नेपाली समाजमा दुवै थरीको बहुविवाही परिवार प्रथा रहेको कुरा उनका उक्त तीनवटा कथाहरूबाट स्पष्ट हुँदछ। अतः यहाँ उक्त तीनवटा कथाहरूमा चित्रित बहुविवाही परिवार प्रथाको अध्ययन प्रस्तुत गरिन्छ।

**■ बलराम थापाको कथा**

प्रस्तुत कथामा नेपाली समाजमा विद्यमान बहुविवाहअन्तर्गत पर्ने बहु पत्नीको प्रचलनलाई देखाइएको छ। पुरुषहरू एउटी पत्नी, नानीहरू भएर पनि अकारण नै दोस्रो विवाह गरेर कसरी आफ्नो शान्त र सुचारु परिवारलाई विघटनतर्फ घँचेट्दछन् भन्ने कुरा प्रस्तुत कथाको पात्र बलराम थापाको माध्यमबाट  कथाकारले देखाउन खोजेका छन्। यसर्थ, बलराम थापाले एकाधिक स्त्री बिहे गरेको हुनाले उसको परिवार बहुपत्नी प्रथामा आधारित पाइन्छ। घरमा माया जस्ती कुशल गृहिणी भएर पनि बलराम मालालाई लिएर भाग्दछ तर उसले मालालाई विवाह गर्नाका पछाडि ऊसँग नै कुनै कारण छैन भन्ने कुरा कथामा यसरी चित्रण गरिएको छ – 'मायालाई तिनले मन नपराएर तथा हेला गरेर अर्को बिहे गरेका होइनन्। ... आफूले कान्छी-स्वास्नी बिहे गर्नु परेको कारण के हुन सक्छ भनेर तिनी आफै घोरिए तर आफूले जानेसम्मको कारणहरूमध्ये कुनै पनि कायल भएन।'[३७]

---

[३६] वासु बराल (वि सं २०६१), मानवशास्त्र र समाजशास्त्रको परिचय, साझा प्रकाशन, पुलचोक, ललितपुर, पृ १०८

[३७] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ६२

यसरी कथामा एउटा पुरुषले दोस्री पत्नी भित्र्याउनुको कारण समेत थाहा नभएको चित्रण गरेर नेपाली समाजमा रहेको बहुपत्नी परिवार प्रथालाई देखाउनाका साथै नेपाली समाज पुरुष प्रधान समाज रहेको पनि चित्रण कथामार्फत् गरेको बुझिन्छ। यो त नेपाली समाजमा प्रचलित बहुविवाहको एउटा प्रक्रिया मात्र हो। यस तथ्यलाई कथाकार सानु लामाले ध्वन्यात्मक रूपमा व्यक्त गरेका छन्। प्रस्तुत कथाको माध्यमबाट कथाकारले बहुविवाहले गर्दा एउटा परिवार कसरी विघटित भएर जाँदछन् भन्ने कुरा देखाउन पनि खोजेका छन्।

**■ खानीटारमा एकदिन**

प्रस्तुत कथामा नेपालीहरूको विघटित पारिवारिक जीवनको चित्रण गर्ने क्रममा मङ्गले र ठुलीलाई उभ्याएको छ। कथामा ठुली आफ्नो पति मङ्गलेको आँखा लगाउने प्रवृत्तिबाट वाक्क भएर बैदारसँग पोइला जान्छे। भागेको सात दिनमै बैदारको मृत्यु भएर विधवा हुनु परेकी ठुलीले दाम्पत्य जीवनको खुसी प्राप्त गर्न सकेकी छैन। प्रस्तुत कथामा ठुलीले पहिलो पति हुँदाहुँदै पोइला गएकी हुनाले उसको परिवारलाई बहुपति प्रथा भएको परिवारको रूपमा हेर्न सकिन्छ। सानु लामाले प्रस्तुत कथाका माध्यमबाट पनि 'बलराम थापाको कथा'-मा झैँ एकाधिक विवाह गर्दा एउटा सुखद् परिवार कसरी विघटित भएर जाँदछ भन्ने कुरालाई नै देखाउन खोजेको पाइन्छ।

**■ संयोग**

सानु लामाको 'संयोग' कथामा नायिका मञ्जरीमा मातृत्वको चाह हुँदाहुँदै पनि उसको गर्भाशयमा जाने नली बन्द हुनाले गर्दा ऊ आमा बन्न सक्तिन। अपरेसनको माध्यमबाट समस्याको समाधान हुनसक्ने कुरा डाक्टरले अमरलाई भनेको कुराबाट स्पष्ट हुँदछ। डाक्टरले अमरलाई मञ्जरीबारे दिएको बयानलाई यहाँ दृष्टान्त रूपमा राख्न सकिन्छ –

'हेर्नोस् मिस्टर अमर, दोष मञ्जरीमा छ। उसकोमा एउटा विकार छ। यस प्रकारको

विकारलाई हामी ट्यूबल ब्लकेज भन्छौँ। गर्भाशयमा जाने नली बन्द हुनाले गर्भधारण हुन असम्भव छ। यसलाई ठीक गराउन अपरेशन हुन आवश्यक छ।'[३८] यसो भए तापनि मञ्जरी जीवनको यथार्थबाट भाग्न खोजेको प्रतीत हुन्छ। उसले आफ्नो पति गौतमको प्रेममा आघात पुऱ्याएकी छ। कथाको मध्यभागमा गौतमले दोस्रो विवाह गर्छ भने अन्त्यतिर मञ्जरीले पनि अर्को विवाह गर्ने निर्णय लिएकी छ । कुनै पनि व्यक्ति केन्द्रित समस्या व्यक्तिको मात्र नभएर त्यो विस्तारै विस्तारै समष्टिगत हुँदै जान्छ र समष्टिगत भएर फेरि व्यक्तिमा नै आएर त्यसको समाधान हुन्छ भन्ने कुरा प्रस्तुत कथामा देखाइएको छ । कथामा दुवै पात्रले स्वतन्त्र विचार लिएर दोस्रो विवाह गरेको हुनाले बहुविवाही परिवार प्रथामा आधारित रहेको कथा देखिन्छ।

बहुविवाही परिवार प्रथालाई लिएर सानु लामाले लेखेका कथाका माध्यमबाट नेपाली परिवारमा स्त्री-पुरुष दुवैले बहुविवाह गर्ने चलन रहेको बुझिन्छ।

## इ) सानु लामाका कथामा पाइने प्रेम तथा भागी विवाही परिवार प्रथाअनुसारको पारिवारिक जीवन

स्त्री-पुरुष दुवैले एकाअर्कालाई मनपराएपछि उनीहरूमाझ विवाह गर्ने प्रक्रियालाई प्रेमविवाह भनिन्छ। यस विवाहमा जात, धर्म तथा सम्पत्ति कुनै पनि कुराहरूको वास्ता गरिँदैन। सानु लामाका 'स्वास्नीमान्छे' र 'सात भाईकी चेली' कथाबाट नेपाली समाजमा पनि प्रेमविवाह गर्ने चलन रहेको बुझिन्छ। अतः यहाँ उक्त दुईवटा कथामा कसरी प्रेमविवाह भएर परिवारको निर्माण भएको चर्चा गरिएको छ त्यसलाई अध्ययन गर्ने प्रयास गरिएको छ –

[३८] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ २०

### ■ स्वास्नीमान्छे

प्रस्तुत कथाका पात्रहरू ठुलो कान्छा र ठुली कान्छीले प्रेमविवाह गरेर परिवार निर्माण गरेको चित्रण छ। उनीहरू दुईजना पहाडबाट भागेर प्रेमविवाह गरी सिक्किमको सिङ्तामामा आएर पारिवारिक जीवनको आरम्भ गरेको छ। यसरी घर-परिवारलाई छोडेर नयाँ ठाउँमा आएर घर बसाउनुमा पनि बाध्यता रहेको कुरा ठुलो कान्छाको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – "वहाँ हुँदो हो त ठुलीसँग उसको साइनो नपर्ने थियो।"[३९] अतः पारिवारिक बाध्यताले गर्दा नै प्रेमी-प्रेमिकालाई प्रेम विवाह तथा भागी विवाह गर्न बाध्यता आइपर्दछ भन्ने कुरा यस कथाबाट स्पष्ट हुँदछ।

यस कथामा ठुली कान्छी मुक्त स्वभावकी छ। सार्की कान्छाको घरमा ऊ आधा रातसम्म गीत गाउँछे, मिङ्मासँग पसलमा चिया पिउँछे, निसङ्कोच सबैसँग बोल्छे, हाँस्छे। यस्तो चरित्र भएकी ठुली कान्छीको चित्रण कथामा यसप्रकार गरिएको छ 'ऊ जोसँग पनि मन खोलेर बोल्छे, खितितिति हाँस्छे।'[४०] ठुली कान्छीको चरित्र निष्कपटपूर्ण र चञ्चल भएकै कारण उसको पति ठुलो कान्छा उसलाई शङ्का गर्न बाध्य भएको छ। यसरी कथामा ठुलो कान्छाको मनमा अनेकौँ नराम्रा विचारहरू उत्पन्न भएका छन्। तर कतै पनि ठुलो कान्छाले दोस्रो विवाह गर्ने विचार समेत पनि गरेको छैन। अतः प्रस्तुत कथालाई प्रेमविवाह परिवार प्रथासँग-सँगै एकविवाही परिवार प्रथाअन्तर्गत पनि रहेको मान्न सकिन्छ।

---

[३९] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ६

[४०] सानु लामा (सन् १९९५), मृगतृष्ण, पूर्ववत्, पृ ३

### ■ सात भाईकी चेली

प्रेमविवाहमा जात, धर्म, सम्पत्ति केही पनि नहेरिने चलनलाई यथावत राख्दै प्रस्तुत कथामा छेत्रीकी छोरीले भागेर लिम्बु केटासँग प्रेमविवाह गरेको छ। यस कुराले गर्दा युवतीका सातजना दाजुहरू रिसाएको चित्रण काका पात्रबाट यसरी प्रस्तुत गरिएको छ – 'छेत्रीकी छोरी भएर लिम्बुसित भागेर आईस्...', तेरो बिहे आफ्नो जातको, पढेको, धनीसित धुमधामसित गरिदिने थिएरे।, तँले तिनीहरूको अनुहारमा मोसो दलिदिइस् रे।'[४१] यस प्रसङ्गबाट स्पष्ट हुँदछ कि एउटी छोरीले आफूले मनपऱ्याएको केटासँग विवाह गर्न नेपाली समाजमा त्यति पाइँदैन। यसका साथै कथामा युवतीले काकालाई म घर कहिले आउनु जस्ता जिज्ञासा राख्दा काकाले युवती विवाह गरेर आएको घरलाई नै तेरो घर हो भन्ने सांसारिक ज्ञान पनि यस कथामा यसरी दिएको छ – 'जुन घरको कुरा तँ गर्दै छस् त्यो घर अब तेरो होइन। तेरो घर त, तल्तिरको सुन्दर घरलाई औंल्याउँदै भन्यो- उ त्यो हो, तेरो संसार, तेरो स्वर्ग।'[४२] यसरी काकाको माध्यमबाटै नारी विवाहित भएपछि उसले जन्म लिएको घरलाई आफ्नो घर भन्न नमिल्ने कुरा स्पष्ट गरिएको छ। यस्तो चलन नेपाली परिवारलगायत संसारका कतिपय जात-गोष्ठीमा पनि प्रचलित रहेको पाइन्छ।

सानु लामाका कथाहरूमा प्रेमविवाही परिवार प्रथाअनुसारको पारिवारिक जीवनको अध्ययन गर्दा उक्त दुईवटा कथा मात्रै रहेको पाइन्छ। दुवै कथाको घटना, परिवेश अलग-अलग भए तापनि परिवारको निर्माण भने प्रेमविवाह गरेर निर्मित भएको पाइन्छ। अतः परिवारको बनावट दुवै कथामा एकै किसिमको रहेको छ। यसका साथै घर-परिवारका सदस्यहरूले विवाह गर्न नदिने खण्डमा नै भागेर प्रेमविवाह गरेको दुवै कथाबाट बुझिन्छ। खास गरी यस्ता प्रेमविवाहको चालचलन पश्चिमी संस्कृतिमा

---

[४१] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ४९

[४२] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ४९

विकसित भएको देखिए तापनि वर्तमान समाजमा प्रायः सबै समाजमा प्रेमविवाहको घटनाहरू देख्न पाइन्छ।

वस्तुतः विवाहका आधारमा सानु लामाका कथालाई हेर्दा प्रायः कथामा एकविवाही परिवार प्रथा नै रहेको पाइन्छ। यसो भए तापनि उनले नेपाली समाजमा रहेका पारिवारिक जीवनको चित्रणतर्फ ध्यानकेन्द्रित गर्दै एकाध कथाहरूको माध्यमबाट नेपाली समाजमा बहुविवाही परिवार प्रथा र प्रेमविवाही परिवार प्रथा पनि रहने कुरालाई समावेश गर्न भुलेका छैनन्। उनका कथामा विभिन्न कारणवश परिवारका सदस्यहरूमाझ झैझगडा भएको पाइए तापनि प्रायः कथामा दोस्रो विवाह गर्ने विचारसम्म पनि कुनै पात्रले गरेको भेट्टाइँदैन। सानु लामाले कतिपय कथाहरूमा परिवारभित्रका सदस्यहरूमध्ये प्रमुख मानिने पति तथा पत्नीको मृत्यु देखाएर कथाको परिवेश कारुणिक बनाएका छन्। लामाले परिवारमा पति-पत्नीमध्ये एकजनाको मृत्यु भएमा अर्को सदस्यलाई आइपर्ने कारुणिक अवस्थाको राम्ररी चित्रण गरेका छन्। यसका साथै विधुर वा विधवाले जीवन चलाउनका निम्ति दोस्रो बिहे गर्नै पर्ने आवश्यकता रहेको देखाएका छैनन्। अतः उनी एकविवाही परिवार प्रथालाई नै मान्यता दिने कथाकार देखिन्छन् भने उनका कथाबाट नेपाली समाजमा धेरजसो एकविवाही परिवार प्रथा नै रहेको अनुमान लगाउन सकिन्छ।

### ४.२.३ निवासका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

निवासका आधारमा पितृस्थानीय, मातृस्थानीय र नवस्थानीय परिवार प्रथा पाइन्छन्। विवाहपछि पत्नी आफ्नो पति एवम् पतिका बाबु-आमाको घरमा बस्न जान्छे भने त्यसलाई पितृस्थानीय परिवार भनिन्छ। पितृस्थानीय प्रथाका विपरीत जब पति आफ्नी पत्नीका बाबु-आमाको घरमा गएर बस्न थाल्दछ त्यसलाई मातृस्थानीय परिवार प्रथा भनिन्छ। नेपालीमा यसलाई घर-ज्वाइँ प्रथा पनि भनिन्छ। यसरी नै विवाहपछि यदि नवदम्पत्ति आफ्ना बाबु-आमाको घरमा उनीहरूसँग नबसेर छुट्टै बस्न जाने प्रथालाई

नवस्थानीय परिवार प्रथा भनिन्छ।[४३] निवासका आधारमा सानु लामाका कथालाई हेर्दा मातृस्थानीय परिवार प्रथामा आधारित कुनै पनि कथा पाइँदैन। अतः लामाका कथाहरू पितृस्थानीय र नवस्थानीय परिवार प्रथामा आधारित मात्रै पाइन्छन्। अतः उनका कथाबाट नेपाली समाजका पारिवारिक जीवनको बनावट हेर्दा मातृस्थानीय परिवार प्रथामा आधारित त्यस्तो खासै भेट्टाइँदैन भन्ने बुझिन्छ। यसका साथै उनका प्रायः कथाहरू प्रथम दृष्टिमा पितृस्थानीय परिवार प्रथामा आधारित रहेका देखिन्छन्। वास्तवमा उनका कथालाई राम्ररी नियालेर हेर्दा धेरजसो कथाहरूमा नवस्थानीय परिवार प्रथा रहेको भेट्टाइन्छ। किनभने लामाका प्रायः कथाहरूमा नव-दम्पति अलग्गै वा नानीहरूसँग बसेका पाइन्छन् अनि तिनका बाबु-आमाको उल्लेख कतै पनि गरिएको छैन। अतः त्यस्ता कथाहरूमा चित्रित पारिवारिक जीवनलाई नवस्थानीय पारिवारिक जीवन भन्नु उपयुक्त हुन्छ। यस्तै कुराहरूको अध्ययन गर्दै यहाँ पितृस्थानीय र नवस्थानीय परिवार प्रथाका आधारमा सानु लामाका कथाहरूबारे चर्चा गरिएको छ।

### अ) पितृस्थानीय परिवार प्रथाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

यसअन्तर्गत सानु लामाका ‘सात भाइकी चेली’, ‘पैयुँ फुलेको दिन’ आदि कथालाई लिन सकिन्छ –

#### ■ सात भाइकी चेली

सानु लामाको ‘सात भाइकी चेली’ कथामा स्पष्ट रूपले पितृस्थानीय परिवार प्रथा रहेको पाइन्छ। यस कथामा युवतीले छेत्रीको घरमा जन्म लिएर लिम्बू केटासँग भागेर विवाह गर्छे। यसरी बिहे गरेर युवतीलाई केटाले आफ्ना बाबु-आमाकै घरमा लिएर गई आमासँगै

[४३] वासु बराल (वि सं २०६१), मानवशास्त्र र समाजशास्त्रको परिचय, साझा प्रकाशन, ललितपुर, पृ ११९

जीवन बिताएको देखाइएको छ। यसैले यो कथा पितृस्थानीय परिवार प्रथामा आधारित देखिन्छ।

### ■ पैयुँ फुलेको दिन

सानु लामाको 'पैयुँ फुलेको दिन' कथामा भने पितृस्थानीय परिवारको अनुकल्पना फेला पार्न सकिन्छ। यस कथामा मुख्य पात्र गोपालले विवाह गरेको छैन। यसो भए तापनि उसले आफ्नी प्रेमिका सन्ध्यालाई बिहे गरेर बाबुआमाको घरमा लिएर जाने र आमासँगै एउटै घरमा बस्ने विचार गरेको छ। यसैले यस कथालाई पनि सम्भाव्य रूपले पितृस्थानीय परिवार प्रथामा केन्द्रित कथाका हारमा राख्न सकिन्छ।

उक्त दुईवटा कथाबाहेक लामाका अन्य कथाहरू नवस्थानीय परिवार प्रथामा नै आधारित देखिन्छन्।

### आ) नवस्थानीय परिवार प्रथाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

सानु लामाले धेरजसो कथामा विवाहित नारी-पुरुष र उनीहरूका अविवाहित सन्तानबाट निर्मित एकात्मक परिवारको मात्र चर्चा गरेका छन्। विवाहपश्चात् नवदम्पत्ति नवस्थानमा गएर घरजाम गरेको 'स्वास्नीमान्छे' कथाबाहेक अरूमा उल्लेख गरिएको छैन। यसो भए तापनि उनले अन्य कथाहरूमा नवदम्पत्ति एक्लै वा नानीहरूसँग मात्रै बसेको देखाएका अनि बाबु-आमाको उल्लेख कतै पनि नगरेका हुनाले त्यस्ता सबै कथालाई नवस्थानीय परिवार प्रथामा आधारित पारिवारिक जीवनका कथाका रूपमा अध्ययन गर्न सकिन्छ । अत: नवस्थानीय परिवार प्रथाका आधारमा सानु लामाका एकाध कथाहरूलाई यहाँ दृष्टान्तका रूपमा प्रस्तुत गरिन्छ।

## ■ स्वास्नीमान्छे

'स्वास्नीमान्छे' कथामा पहाडबाट भागेर प्रेम विवाह् गरी सिक्किमको सिङ्तामममा गएर ठुलो कान्छा र ठुली कान्छीले आफ्नो पारिवारिक जीवनको थालनी गरेको चित्रण छ। यसलाई ठुलो कान्छाको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'अघि कहिले नआउनु परेको पहाडको अन्तहीन गोरेटो सम्झेर ल्याउँदा उसको आँग जिरिङ्ग त भयो तर ममता त्योभन्दा बलियै हुन्छ।' यसरी ठुलो कान्छा र ठुली कान्छीमाझ प्रेम सम्बन्ध स्थापित भएपछि पहाडबाट भागेर प्रेमविवाह् गरेर नवस्थानमा गई परिवारको निर्माण गरेको स्पष्ट हुँदछ। यसैले यस कथालाई नवस्थानीय परिवार प्रथामा आधारित मान्न सकिन्छ।

## ■ फुर्बाले गाउँ छोड्यो

लामाले 'फुर्बाले गाउँ छोड्यो' कथामा फुर्बा र उसकी पत्नी गोमतीबाहेक परिवारका अन्य सदस्यको उल्लेख गरेका छैनन्। यद्यपि कथामा गोमतीको आकस्मिक मृत्यु भएपछि पारिवारिक जीवन असफल रहेको पाइन्छ। यसो भए तापनि 'यी मानेहरू पनि आफूलाई धेरै माया लागेका आफन्तहरू मर्दा गाउँलेहरूले बनाएका हुन्। धेरै-धेरै माया गर्नेहरूले छाडेर जानेहरूको सम्झना गर्दै रुनलाई यी मानेहरू बनाएका होलान्; छाडेर जानेले पनि बाँच्दाको जत्तिकै माया गर्छ होला –(फुर्बाले अडकल लायो)- जिउ खरानी भए पनि आत्मा त मर्दैन नी। उसो भए  गोमतीले पनि फुर्बालाई धेरै माया अझ गर्दै होली...'[४४] जस्ता प्रसङ्गले एकपल्ट पारिवारिक सम्बन्धमा गासिएपछि मृत्युपश्चात् पनि त्यो साइनो मेट्न तथा त्यसलाई भुल्न सकिँदैन भन्ने कुरा कथाकारले स्पष्ट पारेका छन्। यसरी क्षणिक रूपमा रहेको परिवारमा पति-पत्नीको मात्र चर्चा गरिएको हुनाले यस कथालाई नवस्थानीय परिवार प्रथामा आधारित मान्न सकिन्छ।

---

[४४] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ४२

## ■ असिनाको मान्छे

यो कथा मुख्यतः बालमनोविज्ञानमा आधारित रहेको पाइन्छ। यसमा परिवारभित्रका तिता-मिठा घटनाहरू र अभिभावकको प्रतिकुल मानसिकताको पनि चित्रण गरिएको पाइन्छ। आजका मानिसहरू असिना जस्तै दिन-प्रतिदिन पग्लेर गइरहेको छ। जसरी असिना बर्सन्छ र केही समयसम्म मात्रै अस्तित्वमा रहन्छ. त्यस्तै नै मानिसको अस्तित्व पनि उत्तरोत्तर पग्लँदै जाँदैछ। सभ्यता र उन्नतिको नाममा अनगिन्ती कुराहरूले मानिसको स्वाभाविक अस्तित्वलाई खुम्च्याउँदै छ भन्ने भाव प्रस्तुत कथामा यसरी व्यक्त गरिएको छ – 'मान्छे चेपारोमा पर्दैछ। सभ्यता र उन्नति बहुतै बढिसके; हिँड्ने बाटो अत्यन्तै साँगुरियो।'[४५] यस कथनमा मानिसको स्वाभाविक विकासको प्रवृत्तिलाई कृत्रिम एवम् अवरोधक तत्त्वका रूपमा तथाकथित सभ्यतालाई देखाइएको छ। यसरी यसमा प्रतीकात्मक अभिव्यक्तिलाई उद्घाटन गर्दै जाँदा पात्र, घटना वा परिवेशको सहायक रूपमा सृजना भएको देखिन्छ। यसै क्रममा कथामा 'म' पात्र र उसको परिवारको चित्रण गरिएको छ। 'म' पात्र, दुईजना छोरा-छोरी र पत्नीबिचको सामान्य अन्तर्क्रियाभित्र यो कथा सीमित पाइन्छ। प्रस्तुत कथा 'म' पात्रको परिवारमै सीमित रहेको हुनाले यसलाई नवस्थानीय परिवार प्रथाका आधारमा राख्न सकिन्छ।

## ■ ज्योतिबिनाको उज्यालो

'ज्योतिबिनाको उज्यालो' एउटा सानो क्षणमा, घरको सानो परिवेशमा विद्यमान समस्यामा केन्द्रित नवस्थानीय परिवारको कथा हो। कथामा बाबु, आमा, छोरा र अन्धी छोरी मात्रै भएको धनराजको परिवारलाई चित्रित गरिएको छ। लामाले यस कथामा आफ्नी छोरी अन्धी भएको हूनाले बाबु-आमालाई हुने स्वाभाविक दु:ख र त्यसबाट हुने पीडाको कारुणिक रूपमा वर्णन गरेका छन्।

---

[४५] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ७४

■ **पाहुना**

प्रस्तुत कथामा कथाकारले गगन र स्वातिको परिवारको चित्रण गरेका छन्। यस कथामा पनि अन्य कथाहरूमा झैँ बाबु-आमा र छोरा-छोरी मात्रै भएको नवस्थानीय परिवारको वर्णन पाइन्छ। यसमा गगनको कार्यकुशलता र स्वातिको सहयोगिता तथा छोरा रोहित र छोरी माद्रीको भद्रता, पाहुना बडा र बडीको व्यवहार कुशलतालाई कथामा मुख्य रूपमा चित्रित गरिएको पाइन्छ।

उक्त कथाहरूका अतिरिक्त सानु लामाका अन्य कथाहरू जस्तै, 'गौरी', 'फुर्बाले गाउँ छोड्यो', 'यसरी बित्छ दिन', 'घाम छाया १', 'घाम छाया २', 'बिहान हुन नसकेको रात', 'साइनो', 'म भगवान भएँ', 'सन्तानको सुख', 'व्यग्रता' र 'बाँधिएका क्षणहरू' आदि कथाहरूमा पति-पत्नी एक्लै वा नानीहरूसँग मात्र बसेको परिवारको वर्णन गरिएको हुनाले कथामा चित्रित परिवारलाई नवस्थानीय परिवारको रूपमा लिन सकिन्छ।

सानु लामा आफ्ना कथाहरूमा नवस्थानीय परिवारका सदस्यहरूमा आइपर्ने दुःख, कष्ट तथा पीडाहरूलाई मात्रै टिपेका छैनन्। उनले नेपाली समाजमा देखिने पारिवारिक जीवनभित्र रहेका खुसीका कुराहरूलाई टिप्न पनि भुलेका छैनन्। यसरी नेपाली समाजका नवस्थानीय परिवारभित्र रहेका कुराहरूलाई विभिन्न दृष्टिकोणबाट टिपेर यथार्थिक रूप प्रस्तुत गर्न उनी सफल रहेको छ।

## ४.२.४ शिक्षा र अशिक्षाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

सानु लामाले आफ्ना कथाहरू उपर्युक्त विविधता अपनाएर लेखेका छन्। सानु लामाले प्रायः कथाहरू निम्नवर्गीय ग्रामीण परिवेशमा हुर्केका परिवारहरूलाई लिएर लेखेका छन्। उनका कथामा चित्रित परिवारका सदस्यहरू शिक्षित र अशिक्षित दुवै थरीका पाइन्छन्। यसो भए तापनि अधिकांश कथा अशिक्षित तथा अल्पशिक्षित सदस्यहरू भएका परिवारलाई नै लिएर लेखिएको पाइन्छ। यी कथाहरूलाई सोहिअनुरुप उपवर्गमा विभाजन गरी यहाँ विश्लेषण गरिन्छ।

**अ) शिक्षा वा अल्पशिक्षाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवनको**

यसअन्तर्गत सानु लामाका 'पाहुना', 'पैयुँ फुलेको दिन', 'सन्तानको सुख', 'बलराम थापाको कथा', 'संयोग' र 'टि शर्ट' आदि कथाहरूलाई राख्न सकिन्छ।

**■ पाहुना**

प्रस्तुत कथामा गगन र स्वाति दुवै शिक्षित पात्रहरू हुन्। पति-पत्नी दुवै शिक्षित भएकै कारण आफ्नो तथा परिवारको भविष्य अझ रमाइलो वा उज्ज्वल बनाउनका निम्ति दुवैजना काम गर्छन्। गगन अफिसमा काम गरे तापनि अफिस छुट्टी भएपछि सिप्रा इन्टरप्राइजको पार्ट-टाइम काम गर्छ भने स्वाति पनि घरको काम सबै सकेपछि दिउसो समय निकालेर एड्वेकेटको अफिसमा दुई-घण्टे पार्ट-टाइम काम गर्छे। यसरी दुवै शिक्षित भएकै कारण आफूले सकेसम्म पार्ट-टाइम भए पनि काम गरेर परिवारको देख-रेखमा धेरै सहायता पुऱ्याएको चित्रण छ।

**■ पैयुँ फुलेको दिन**

कथामा गोपालले माध्यमिक पास गरेर अन्यत्र नलागी घरेलु कामकाज गरी जीवन बिताउने निर्णय लिएको प्रसङ्ग यस्तो छ – 'माध्यमिक शिक्षा सफलतापूर्वक सिद्ध्याएको बेलुकी गोपालले जम्मै पुस्तकहरू थन्क्यायो र भोलिदेखि खेतीपातीमा लाग्ने कुरो आमा-बाबुलाई सुनायो।'[४६] यसरी गोपालले पढ्दा-पढ्दै बिचैमा पढाई छोड्ने निर्णय गर्नु परेको मुख्य कारण आफ्नो परिवारको आर्थिक स्थिति त्यति ठिक नहुनु नै प्रमुख कारण रहेको छ।

[४६] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ५७

## ■ सन्तानको सुख

लामाको यस कथामा पनि पति-पत्नी दुवै शिक्षित छन् तथा सरकारी काम पनि गर्छन्। यसलाई कथामा यसरी प्रस्तुत गरिएको छ – 'लोग्ने–स्वास्नी दुवै सरकारी नोकरीमा थिए। ठुलो ओहोदामा नभए पनि सुरक्षित भविष्य प्रदान गर्नसक्ने र जीवन यापनमा भरोसिलो आड दिनसक्ने नोकरी थियो।'[४७] तर कथाकारले 'मान्छेले चिताउँछ, भगवानले खटाउँछ। यो संसारमा नित्य केही छैन। जन्मपछि मृत्यु अनिवार्य छ। यो एउटा अकाट्य ध्रुवसत्य हो।'[४८] -भन्दै अल्पायुमै पतिको मृत्यु देखाएर क्षत-विक्षत बनेकी एउटी नारीका लागि उसको छोरा नै सन्तुष्टिको स्रोत बनेको वर्णन गरिएको छ। यसमा अकालै पतिको मृत्युपछि पनि पत्नीले काम गरेर घर राम्रोसँग सम्हालेर लगेको कुरा पाइन्छ।

## ■ बलराम थापाको कथा

कथामा बलराम अल्पशिक्षित भए तापनि अफिसमा काम गरेको चित्रण छ। कथामा मुख्य पक्ष बलराम थापा तेजपुरमा हुँदा सरकारी काम गर्थे भने आफ्नी विवाहिता पत्नी मायालाई छोडेर अर्की नारी मालालाई लिएर भाग्छ। आसाम तेजपुरबाट यसरी भागेर काठमाडौँको असनमा गएर बस्छ। त्यहाँ केशरसँग भेट भएको र त्यही नोकरी गर्न थालेको वर्णन यसरी गरिएको छ – 'पहिलो पटककै भेटमा चिनाजानी भएपछि बलरामले केशरलाई नोकरीको सहायता मागे। भाग्यवश उनले काम गर्दै गरेको दफ्तरमा नै बलरामजस्तै मानिसको त्यस समय खाँचो थियो। नोकरी मिल्यो।'[४९] यसरी बलराम थापा

---

[४७] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ७९

[४८] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ८१

[४९] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ६४

अल्प नै भए पनि शिक्षित भएकै कारण  ठाउँ परिवर्तन गर्दा पनि नोकरी पाइहालेको देखिन्छ।

**■ संयोग**

प्रस्तुत कथा मुख्यतः विघटित परिवारको चित्रणमा केन्द्रित रहेको छ। यस क्रममा कथाकी मूल पात्र मञ्जरीलाई शिक्षित नारीको रूपमा प्रस्तुत गरिएको हुनाले यस कथालाई उक्त उपशीर्षकअन्तर्गत पनि अध्ययन गर्न सकिन्छ। त्यसर्थ, ऊ आफ्नो पति गौतमलाई छोडेर नोकरी पेसामा लागेकी छ जसले गर्दा ऊ नागी भन्ने गाउँमा गई शिक्षिकाको काम गर्छे र आफ्नो देखरेख आफै गर्छे।

**■ टी शर्ट**

कथामा बिरेकी दिदी शिक्षित भएकै कारण अस्पतालमा परिचारिकाको काम गर्छे, जसलाई स्थानीय भाषिकामा सिस्टर भनिन्छ।

**आ) अशिक्षाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन**

सानु लामाले प्रायः कथामा पात्रहरू भरिया, कृषक, कमारा-कमारी, चपरासी, कुल्ली तथा ज्यालादार भई काम गरेर जीवन बिताइरहेको चित्रण गरेका छन्। यसर्थ, यसरी दैनिक जीवनमा खटीखाने परिवारको जीवन चित्रण गरिएका कथाका पात्रहरू धेरजसो अशिक्षित नै छन्। ‘स्वास्नीमान्छे’, ‘कमला’, ‘खानीटारमा एकदिन’, ‘पहाडी फूल-काँडाकै माझ’, ‘म भगवान भएँ’, ‘तृषित मरुद्यान’ र ‘संघर्ष १’ आदि कथाहरूमा चित्रित परिवारका सदस्यहरूलाई उदाहरण स्वरूप लिन सकिन्छ।

## ■ स्वास्नीमान्छे

यस कथामा सबै पात्रहरू अशिक्षित छन्। ठुली कान्छी, ठुलो कान्छा, सार्की कान्छा तथा मिङ्मा आदि अशिक्षित हुनाले दैनिक जीवनमा रोजगारको काम गरेर उनीहरूले जीवन बिताइरहेको वर्णन छ। दृष्टान्तको रूपमा कथाबाट यसरी निम्न वाक्यांशलाई टिप्न सकिन्छ – 'कच्चा-लाइनमा बस्छन् – नेपाली, भोटे, लाप्चे, मदिसे, मुसलमान, धोबी, मोची इत्यादि। नेपाली, भोटे, लाप्चे प्रायः कुल्ली काम गर्छन्। मदिसेहरू साना-साना पान-बिडीका दोकान चलाउँछन्। मुसलमानले सिङ्गताम बजारलाई मासु खुवाउँछ। धोबी र मोचीले सबका इज्जत बचाइदिन्छन्।'[५०] सानु लामाका कथामा अशिक्षित पात्रहरूको प्रयोग गरिएको भए तापनि उक्त उदाहरणले सिक्किममा अनेकौँ जात-गोष्ठीका मानिसहरू मिलेर बस्ने चलन रहेको यथार्थिक कुरालाई प्रस्तुत गर्दछ।

## ■ कमला

लामाको 'कमला' कथामा सिक्किमको राजतन्त्रकालीन समयमा ठिकादारहरूद्वारा हेपिएका परिवारहरूको चित्रण गरिएको पाइन्छ। ठिकादारहरूले तत्कालीन समाजमा मानिसहरू अशिक्षित भएकै कारण दबाउने गरेको तथा उनीहरू कमारा-कमारी भएर बसी आफ्नो हातमुख जोर्न बाध्य हुनुपरेको कारुणिक कथा-व्यथालाई कथामा राखिएको छ।

---

[५०] सानु लामा (सन् १९९०), कथा सम्पद्, पूर्ववत्, पृ २

## ■ तृषित मरुद्यान

कथाको पात्र कीर्तिमान अनपढ छ भन्ने कुरा कथामा यसरी स्पष्ट राखिएको छ – 'अनपढ कीर्तिमानले पत्रिकाका पानाहरूमा काला-काला अनगन्ती बिन्दुली चिन्हहरू मात्र देख्यो-कोही टोडका परेका, कतिचाहिँ फूटेका जस्ता, आधासरो बाङ्गा, टेडा अनि आधासरो उँधोमुन्टो, घोप्टो परेका।'[५१] यसरी कथामा चित्रित पात्रहरू अनपढ भएकै कारण आफ्नो मनमा नानीको चाह भए तापनि आफूमा भएको बिमारीबारे अरू समक्ष सुनाउनु पनि अप्ठ्यारो मानेर मनका चाहहरू मनमै दबाएको चित्रण गरिएको छ। 'आफ्ना कतिवटा कमजोरी र आकांक्षाहरूलाई उसले कसैलाई नभनी गोप्य राखेको थियो तर यही कमजोरी र आकांक्षाहरूले आजभोलि उसलाई उकुससुकुस भइरहेको छ, मनमस्तिष्कमा घोर उत्पात मच्चिरहेको छ।' यसरी नानीको चाहले मनमा अनेकौँ कुराहरू खेले तापनि कीर्तिमानले आफ्नो इच्छालाई मनैमा दबाएको छ। बरु कथाको अन्त्यमा पत्नीलाई पनि सम्झाउँदै कीर्तिमानले 'त्यो तैंले भनेको दबाई पाउँदैन, बुझिस्? सकेसम्म त्यस्तो दबाई हुँदैन पनि होला।'[५२] जस्तो वाक्य भन्दै कथालाई टुङ्ग्याइएको छ। अतः कथामा चित्रित परिवारका सदस्यहरू विवाह भएको धेरै समय भइसक्दा पनि जैजन्म नहुँदा उनीहरू डाक्टरसँग सर-सल्लाह तथा उपचार गर्न गएका छैनन्। बरु मन भित्रभित्रै पति-पत्नी दुवै छट्पटिएका छन्। यसो हुनाका पछिल्तिर उनीहरूमा भएको अशिक्षा र ज्ञानाभाव नै हो भन्न सकिन्छ।

## ■ सङ्घर्ष १

लामाको 'सङ्घर्ष १' अशिक्षित कृषकको परिवारलाई लिएर लेखिएको लघु कथा हो। कथाको पात्र लाक्पाले बाबुलाई छालाको जुत्ता किनिमागेको वर्षौं दिन पुग्दा पनि

[५१] सानु लामा (सन् १९९०), कथा सम्पद्, पूर्ववत्, पृ ९२

[५२] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ९४

किनिदिएनन्। यसको सट्टा अठाह्र वर्ष पुगेको भोलिपल्टै लाक्पाको बिहे पो गरिदिने बाबु चाहिँले बताउँदा उसलाई त्यो कुरा मन पर्दैन र त्यहाँबाट भागेर एउटा प्राइमेरी स्कुलमा चपरासीको काम गर्न थाल्छ। लाक्पाका बाबु अशिक्षित भएकै कारण लाक्पाको मनास्य नबुझेर उसको बिहे गरिदिने विचार राख्दछ भने लाक्पा पनि अशिक्षित भएको हुनाले नै स्कुलमा चपरासी भए तापनि घन्टी बजाउने काम गर्ने गर्छ। कथामा स्वाभाविक रूपमा मानिसको स्वभावको पनि चित्रण गरिएको छ। लाक्पा आफू जस्तै जुत्ता नलगाउने केटा-केटीहरूलाई माया गरेर 'चक' दिएको वर्णन यसप्रकार छ – 'जुत्ता नलगाईं स्कुल आएको कोही छात्र देख्यो भने ऊ(लाक्पा) त्यस बालक विद्यार्थीको छेउमा सुटुक्क गएर एक मुठी चक लुकाएर त्यसलाई दिन्छ।'[५३]

यस्तै प्रकारले 'पहाडी फूल काँडाकै माझ' र 'खानीटारमा एकदिन' कथाहरूमा पनि पदमबहादुर, कालुसिंह, बीरबहादुर, काजीमान, गणेशबहादुर, टेकबहादुर, पहलमान तथा मङ्गले जस्ता अशिक्षित पात्रहरू छन्। दुवै कथामा कुल्ली काम तथा ज्यालादार काम गरेर जीवन यापन गरिरहेका निम्नवर्गीय परिवारको जीवन चित्रित पाइन्छ।

शिक्षा र अशिक्षाका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवनलाई नियाल्दा के भन्न सकिन्छ भने उनले कथाको घटना, बुनोट तथा प्रसङ्गअनुरूप शिक्षित र अशिक्षित पात्रको प्रयोग गरेका छन्। यसैले उनका कथामा परिवारका सदस्यहरू कथाअनुसार शिक्षित र अशिक्षित दुवै सुहाउने देखिन्छन्। यद्यपि एकाध कथामा शिक्षाको अभावले गर्दा पात्रहरूले आफ्नो बिमारबारे अरूसँग सर-सल्लाह पनि नगर्ने तथा डाक्टरलाई पनि नदेखाउने प्रवृत्ति भएका नेपाली परिवारका सदस्यहरूको प्रतिनिधित्व पनि गरेका छन्। यसर्थ, यस्ता कथाहरूको माध्यमबाट नेपाली समाजमा अझै पनि आफूमा नानी जन्माउने क्षमता नभएको कारण हीनताबोधले ग्रसित भएर बसेका मानिसहरू छन् भन्ने कुरा स्पष्ट हुँदछ।

---

[५३] कल्पना त्रिपाठी(सम्पा), सन् २००७, सानु लामाका साना कथाहरू, दार्जिलिङ, ग्रीन हिल प्रकाशन, पृ ३२

### ४.२.५ आधुनिकता र सनातनताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

आधुनिक र सनातन छुट्याउँदा यहाँ सानु लामाका कथामा पाइने परम्परागत रूपमा चलिआएका रूढिवाद, अन्धविश्वास आदिलाई लिएर चित्रण गरिएका कथाहरूलाई सनातनताका आधारमा राखिएको छ। यसको विपरीत परम्परागत रूपमा चलिआएको पारिवारिक मूल्य र मान्यताहरूतर्फ सङ्केत गर्ने कुराहरूसँग मेल नखाने प्रवृत्ति भएका पात्रहरूको प्रयोग गरिएका कथाहरूलाई आधुनिकताका आधारमा राखेर अध्ययन प्रस्तुत गरिएको छ। सानु लामाले आफ्ना कथाका अन्तर्वस्तुको आग्रहअनुसार आधुनिक र सनातन दुवै थरी परिवारका सदस्यहरूलाई लिएर कथा लेखेका छन्। यहाँ यिनै कुराहरूलाई छुट्याउँदै निम्नलिखित उपशीर्षकअन्तर्गत अध्ययन प्रस्तुत गरिएको छ –

#### अ) आधुनिकताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

सानु लामाका ‘स्वास्नीमान्छे’, ‘संयोग’, ‘ज्योतिबिनाको उज्यालो’, ‘पाहुना’ र ‘सात भाइकी चेली’ आदि कथामा चित्रित परिवारहरूलाई आधुनिक परिवारका रूपमा लिन सकिन्छ।

- **स्वास्नीमान्छे**

सानु लामाको ‘स्वास्नीमान्छे’ कथामा धेरै कुराहरूले परम्परागत रूपमा चलिआएका पारिवारिक मूल्य र मान्यताहरूतर्फ सङ्केत गरे तापनि कथामा मुख्य पात्र-पात्रा ठुलो कान्छा र ठुली कान्छी पहाडबाट सबै थोक त्यागेर सिक्किमको सिङ्तामममा आई जुन पारिवारिक जीवन आरम्भ गरेका छन् त्यसको संरचना भने आधुनिक कोटिको नै छ। अतः आधुनिकताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवनको अध्ययन गर्दा उक्त कथालाई पनि यसैअन्तर्गत राख्न सकिन्छ।

## ■ संयोग

सानु लामाको 'संयोग' कथामा सन्तान जन्माउने क्षमता आफूमा नहुँदा कथाकी नारी पात्र मञ्जरीले पतिसँग पारपाचुके पनि नगरी अन्य ठाउँमा गई एक्लै जीवन बिताउने प्रयास गरेकी छ। वास्तवमा मञ्जरीमा मातृत्वको चाह हुँदाहुँदै पनि उसमा गर्भाशयमा जाने नली बन्द भएकाले गर्दा ऊ आमा बन्न सक्दिनन्। हुन त नानी जन्माउने क्षमता मञ्जरीमा नभएको देखाए तापनि त्यसको उपाय रहेको कुरा कथामा डाक्टरको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ - "दोष मञ्जरीमा छ। उसकोमा एउटा विकार छ। यसप्रकारको विकारलाई हामी ट्यूबल ब्लकेज भन्छौं। गर्भाशयमा जाने नली बन्द हुनाले गर्भधारण हुन असम्भव छ। यसलाई ठीक गराउन अपरेसन हुन आवश्यक छ।"[५४] यसरी डाक्टरको सल्लाहअनुसार मञ्जरीले अपरेसन गरेर नानी जन्माउन सक्ने देखिए तापनि यसको विपरीत मञ्जरीले पतिलाई नै छोडेर नागी भन्ने ठाउँमा गई शिक्षिका भएर स्वतन्त्र रूपले जीवन बिताएको चित्रण छ। उसको पति गौतमले पनि यस कुरालाई लिएर उसलाई कुनै प्रकारको रोकटोक गरेको कथामा कतै पनि देखिँदैन। यस कथामा कतिपय संयोगहरू मिलाएर अन्त्यमा मञ्जरीले दोस्रो विवाह गर्ने स्वतन्त्र विचार गरेकी देखाएको छ। उता उसको पति गौतमले पनि अर्को विवाह गरेको देखाइएको छ। अतः परिवारको गठनका निम्ति प्रमुख मानिने विवाहलाई लिएर उक्त कथामा चित्रित पात्र-पात्राका मनमा स्वतन्त्र विचार रहेको देखिन्छ। यसैले कथामा प्रयुक्त परिवारका सदस्यहरूमा आधुनिक विचार रहेको आभास हुँदछ।

## ■ ज्योतिबिनाको उज्यालो

प्रस्तुत कथा मुख्यतः बालमनोविज्ञानमा आधारित छ। यसका साथै एउटी ज्योतिहीन छोरीको भविष्यलाई लिएर चिन्तित परिवारको दयनीय अवस्थालाई लिएर लेखिएको

[५४] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ २०

कथा पनि हो। कथामा नेत्रहीन छोरीलाई लिएर अभिभावकहरू डाक्टरकहाँ गएका छन् अनि डाक्टरकै सल्लाहअनुसार उसको उपचार गराउँदै गरेको वर्णन पाइन्छ। यदि कथाकारले कथामा अभिभावकहरूले छोरीको आँखालाई परम्परागत रूपमा चलिआएको अन्धविश्वास तथा रूढिअनुसार उपचार गराएको देखाएको भए यस कथालाई सनातन परिवारलाई लिएर लेखिएको कथा मान्न सकिन्थ्यो। तर कथामा त्यस्तो नभएको हुनाले लामाले यस कथामा आधुनिक विचार भएको परिवारलाई नै लिएको स्पष्ट हुन्छ। यसमा डा नर्बू, डा त्रिपाठी तथा डा बेल्जियम आदिलाई मन्दाको आँखा जाँच गराइसकेर खासै केही उपलब्धि नभए तापनि धनराज र चन्द्राले आस छोडेको छैन। कथामा चित्रित मन्दा आँखाले अन्धी छे तर उसको अन्तर्मन उज्यालो छ। त्यसैले ऊ बाहिरी कुराहरूलाई अन्तर्मनले नै ठिम्याउँछे, बरु उसको भाइ दीपू आँखा भएर पनि कहिले-काहीं ठोकिन्छ औ लड्छ। 'आँखामा धेरैबेर पट्टी बाँधिएको असजिलोपनमा जुन हतार र उद्विग्नसित दीपूले पट्टी उतारेको थियो त्यस्तै प्रकारले मन्दाले पनि गाँठो नखोली दुवै हातले आँखाबाट पट्टी उँभोतिर सारी। तत्कालै ऊ अत्तालिई। आँखाबाट अझ पट्टी सरेनछको विश्वासमा उसले दुवै हातले अविद्यमान पट्टी उँभो सार्ने प्रयास गरी।'[५५] यसरी नेत्रहीन मन्दाले पनि आँखामा पट्टी बाँध्ने खेल खेलेको देखाएर कथाकार पाठकवर्गको आँखामा पनि आँसु ल्याउन सफल भएको छ। यसरी नेत्रहीन मन्दा र उसको भाइ दीपूको कतिपय बालक्रियाकलापले पनि पारिवारिक ढाँचा आधुनिक नै रहेको आभास हुँदछ।

**■ पाहुना**

सानु लामाको अर्को 'पाहुना' कथामा चित्रित गगन र स्वातिको परिवारलाई पनि आधुनिक विचार भएको परिवार मान्न सकिन्छ। भविष्य अझ राम्रो पार्नका लागि दुवैजनाले काम गरेको वर्णन यस कथामा छ । आधुनिक विचारधाराकै भएको हुनाले गगन

[५५] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ १३

स्वयम् पनि अफिसको काम सकेर सिप्रा इन्टरप्राइजमा पार्ट टाइम काम गर्छ भने पत्नी स्वातिले पनि समय निकालेर एड्वोकेटको अफिसमा दुई-घण्टे पार्ट टाइम गर्दा कुनै रोकटोक गरेको छैन। यसरी दुवैले पार्ट-टाइम काम गर्ने आवश्यकता वास्तवमा उनीहरू आर्थिक रूपले विपन्ना भएर भने होइन,बरु दुवैको सोचाइ आधुनिक भएको कारणले गर्दा हो। यसका साथै पाहुनाका रूपमा आएका बडा-बडीकै छेउमा बसेर गगनले पनि बडासँगै मदपान गरेको प्रसङ्ग गगन र बडाको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'बडाले अर्को घुटको लिँदा गिलासमा आधाभन्दा पनि कम्ती रक्सी रह्यो। गगनले एक सिप मात्र लिएको थियो। उसको गिलास भरिनै देखेर वृद्धले भने, -' तिमीले त छोएकै रहेनछौ। खाऊ न। अब त बेलुकै पिच्छे अलि-अलि खाँदा हुन्छ। ...लौ लौ उठाऊ' भन्दै तिनले आफ्नो गिलास उठाए। गगनले पनि उठायो। वृद्धले रहेको व्हिस्की स्वाट्टै पारेर गिलास टेबलमा राखे। गगनले पनि एक घुटको लियो।'[५६] नेपाली समाजमा रहेका सनातनताका आधारमा उक्त परिवार रहेको भए यसरी आफ्ना ठुलो-बडाको अघि मदपान गर्ने थिएनन्। अतः यस्ता विभिन्न कुराहरूको माध्यमबाट उक्त कथामा चित्रित पारिवारिक जीवनको अध्ययन गर्दा त्यहाँ आधुनिक विचार भएको परिवारलाई भित्र्याएको छ।

## ■ सात भाइकी चेली

'सात भाइकी चेली' कथामा छेत्रीकी छोरी युवतीले लिम्बू केटासँग विवाह गरेकी छ, जसले गर्दा सनातन विचार भएको परिवारको रूपमा रहेका उसका माइतीहरूको विचारमा परिवर्तन ल्याउन ऊ सफल भएकी छ। लामाले यस कथामार्फत् नेपाली समाजका कतिपय परिवारमा जातपात विषय लिएर रहेको सङ्कीर्ण विचारमा परिवर्तन ल्याउनु पर्ने कुरामा जोड दिएको बुझिन्छ। अतः वर्तमान समाजमा पनि कतिपय परिवारमा देखिने जातपात, छुवाछुत जस्ता सामाजिक रूढि तथा कुसंस्कारलाई अनुसरण

[५६] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ८०

गर्ने मानिसहरूप्रति कटाक्ष गरेको पाइन्छ। प्रस्तुत कथाले जातपातमा भेदभाव राख्ने संकुचित विचारप्रति व्यङ्ग्य गरेको छ। वस्तुतः यस कथाले समाजमा जातभेदको रूढ परम्परा भत्किँदै गइरहेको र उदार तथा आधुनिक मूल्य-मान्यतामा परिवर्तन हुँदै गएको परिवारको सङ्क्रमणशील रूप पनि प्रस्तुत गरेको पाइन्छ।

अतः यसरी विभिन्न दृष्टिकोणबाट कथाकारले परिवारका सदस्यहरूमा आधुनिक विचार भएको वर्णन गरेका छन्।

**आ) सनातनताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन**

सनातन परिवार भन्नाले परम्परागत रूपमा परिवारभित्र चलिआएको रूढिगत विश्वास, अन्धविश्वासका कुराहरू तथा छोरी-चेलीले गाउँ-घरदेखि केही टाडा गएर एक्लै जीवन बिताउन थालेमा अनेकौं शङ्काहरू गर्ने जस्ता कुराहरू बुझिन्छ। सानु लामाले एकाध कथाहरूमा उक्त विचार भएका परिवारहरूलाई पनि लिएका छन्। यस्ता कथाहरू हुन् - 'अनुकम्पा', 'फुर्बाले गाउँ छोड्यो', 'खानीटारमा एकदिन', 'कमला', 'बलराम थापाको कथा', 'गौरी' र 'पेन्सन, तक्मा र गाडी' आदि। यहाँ यिनै कथाहरूमा कसरी सनातन विचार भएका परिवारहरू छन्, सो कुरा क्रमैले प्रस्तुत गरिन्छ -

**■ अनुकम्पा**

सानु लामाको 'अनुकम्पा' कथाको पात्र ललित भण्डारी आफूमा सन्तान जन्माउने क्षमता नभएको कुरा थाहा पाएपछि भगवानमा आस्था राख्न थाल्छ। उसले परम्परागत रूपमा चलिआएका विविध धर्म-कर्म तथा पूजा पाठहरू गरेको वर्णन यसप्रकार छ – 'ललित उभिएको भए पनि तिनको शिर केही निहुरिएको थियो। हातमा तिनका दुईवटा सेता-सेता परेवा थिए। परेवालाई तिनले एक प्रकारले आफ्नो निधारमा नै टँसाउन पुऱ्याइसकेका थिए। परेवाको टाउकोमा, ढाडतिर रातै पारेर सिन्दुर पोतिएको थियो। केही बेर त्यही

मुद्रामा तिनी ध्यान-मग्न भएर उभिबसे र अन्तमा दुवै परेवालाई अञ्जुली अलिक माथि उठाएर छोडिपठाए।'[५७] यसरी ललितले भगवानप्रति आस्था देखाउँदै अन्धविश्वासप्रति विश्वास गरेको बुझिन्छ। यद्यपि कथाका एकाध ठाउँमा आफूभित्र उत्पन्न भएको हीनताबोधको रक्षा ललितले ईश्वरको निन्दा गरेर गर्न खोजेको पनि देखिन्छ। उदाहरणार्थ 'उसले (ललित) भगवान पटक्क मान्दैन। 'यो देखावटी हो धूर्तहरूको खानेबाटो हो। पूजा आजामा नोक्सानीबाहेक फायदा एउटै छैन' भन्छ ललित। ... जानी जानी यो भगवानको पूजा-पाठको पीर किन लिनु ? ...।'[५८] वास्तवमा ललित एकजना समाजको सोझो तथा निर्दोष व्यक्ति भए तापनि उसको बाहिरी रूप देखेर उसकी प्रेमिका रत्नाको हत्यारा ठान्छन्। उसले रत्नाको हत्या गरेको होइन भन्ने पक्षमा कोही पनि छैनन्। समाजको होहल्लामा नै उसलाई हत्यारको मानिएको छ। यसै प्रसङ्गमा "साना-साना पाठा-पाठीदेखि लिएर ठुल्ठूला बाख्राहरू तान्दै ल्याएर अचानोमा राखिन्थ्यो। छोटो-छोटो रगतसरीको धोतीमात्र लाएकाहरूले चट्ट छिनाउने बित्तिकै बाख्रा चढाउने भक्तपट्टि फर्केर सबैले एकैचोटि रगतसरीका हात पसारेर हकारेको जस्तो भन्थे – 'टाका⋯' - ज्याला मागेका।'[५९]-जस्ता घटनाको चर्चा गर्नाले ससाना पाठा-पाठी र बाख्राहरूलाई मन्दिरमा निरीह रूपमा बलि चढाउने गरेको छ। यसरी नै समाजमा निर्दोष निरीह मानिस तथा प्राणीहरूलाई समाजका बुद्धिजीवी भनाउँदाहरूले कसरी हेपेका छन्। त्यसैको लहै-लहैमा लागेको छ भन्ने व्यङ्ग्य प्रस्तुत कथामा स्पष्ट देखाइएको छ। यसका साथै समाजमा विद्यमान रूढिगत धारणा तथा कुसंस्कार ललित भण्डारीको माध्यमबाट व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ। यसैले गर्दा सानु लामाले कथामा ललितको परिवारलाई सनातनताका आधारमा प्रस्तुत गरेका छन्।

---

[५७] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ २८

[५८] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ २४-२५

[५९] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ २६

## ■ फुर्बाले गाउँ छोड्यो

यस कथामा आफन्त मर्दा मृतकको स्मारकस्वरूप 'माने' बनाउने प्रचलन गाउँवासीहरूमा रहेकाले फुर्बा पनि गोमतीको चिहानमाथि ' माने' बनाउन ठाउँ ओगटिराखेर पैसा कमाउन गान्तोकतिर लागेको कारुणिक चित्रण यसप्रकार छ – "गोमतीको माने बनाउने ठाउँ हिजोनै फुर्बाले, आफ्नै परामा, ओगटी सकेको थियो। "गोमा !" फुर्बाले उठ्तै भन्यो – 'म पनि तिम्रो माने बनाइदिनेछु। गान्तोकतिर गएर पैसा कमाएर ल्याउँछु। यो बुमटारमा मलाई बाँच्नु कठिन पऱ्यो; म टुहुरो त थिएँनै, तर तिमीले पनि छाडेर जाँदा अझ टुहुरो भएँ। तिमी यहीं बस- जबसम्म यो नालामा पानी बगेको सुन्छौ, जब जब मोक्तानी बज्यूको स्वर सुन्छौ, तब त म तिम्रो धेरै नजिकमा छु भन्ने सम्झिदेऊ...'[६०] गरिएको छ। अत: मृत्युपछि बौद्ध धर्मअनुसार बनाइने 'माने'को मिथकीय मूल्यलाई महत्त्व दिँदै कथाकारले फुर्बामार्फत् त्यसलाई प्रकाशमा ल्याउन खोजेको पाइन्छ। यसरी कथाको पात्रले समाजको सनातन रीति पालन गर्ने अठोट गरेको देखिन्छ।

## ■ खानीटारमा एकदिन

'खानीटारमा एकदिन' कथामा मङ्गलेकी पत्नी ठुली पोइल गएको एक हप्ता नबित्दै विधवा भएकी छ। यो देखेर मङ्गलेलाई ठुलीप्रति माया लागेर आउँछ र उसलाई पुनः ल्याउने इच्छा मङ्गलेको मनमा उत्पन्न भएको वर्णन कथामा यसरी गरिएको छ – 'ल्याउँदिनँ। अर्काले लगेकी स्वास्नी, त्यो पनि विधवा, फेरि ल्याएँ भने मलाई मान्छेले के भन्लान्।' मङ्गलेले भन्यो।[६१] यसरी मङ्गलेको शब्दबाट के स्पष्ट हुन्छ भने ऊ ठुली अर्कासित गएकाले गर्दा उसले ठुलीलाई पुनःस्वीकार नगर्ने होइन, परन्तु समाजले अर्थात्

[६०] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ४५

[६१] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ८५

मान्छेले के भन्लान् भनेर मात्र ऊ ठुलीलाई फेरि फर्काई ल्याउन आफूले नसक्ने ठान्छ। अतः समाजमा चलिआएको रूढिगत धारणा तथा कतिपय अरू कारणले गर्दा मङ्गलेले आफ्नो मनको विचार दबाएको देखिन्छ। यसर्थ, लामाले यस कथामा सनातन विचार भएका पात्रहरूलाई नै भित्र्याएका छन्।

**■ कमला**

'कमला' कथामा 'रीतिअनुसार केटाले अबको चार दिनमा केटी भगाएर लानुपर्छ भन्ने कुरा पक्का भयो'[६२] भनी विवाहसम्बन्धी परम्परागत रूपमा चलिआएकै कुरालाई बोकेका हुनाले कथामा चित्रित परिवारका सदस्यहरू सनातन विचार भएकै कुरा स्पष्ट हुन्छ। यसका अतिरिक्त कथामा सन्तकुमारले कमलाको कपुर छेउमै आफूलाई राखिदिने अनुरोध गाउँलेहरूसँग गरेको प्रसङ्गबाट पनि तिनीहरूमा यथेष्ट रूपमा सनातन विचार रहेको कुरा स्पष्ट हुन्छ।

**■ बलराम थापाको कथा**

सानु लामाको 'बलराम थापाको कथा' कथामा तेजमानको माध्यमबाट कथाकारले सनातन विचार भएको परिवारभित्र नारी र पुरुषलाई सानैदेखि भिन्नै दृष्टिले हेरी छुट्ट्याइने प्रथा रहेको कुरा यसरी प्रस्तुत गरेका छन् – 'यस्तै एउटा नाति खेलाउने मेरो धेरै दिनको रहर थियो।'[६३] प्रस्तुत कथामा बलराम थापाको मृत्यु भएपछि उसकी पहिलो पत्नी मायाको बाबु तेजमानले छोरीकी सौताबाटै भए पनि नाति जन्मिएकोमा हर्ष व्यक्त गरेको छ। वास्तवमा तेजमानकी छोरी मायाबाट पनि जैजन्म नभएको त होइन तर उसले

---

[६२] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ५०

[६३] सानु लामा (सन् १९९५), कथा सम्पद् , पूर्ववत्, पृ ७३

नातिनी जन्माएकी हुनाले तेजमानको मनमा नातिप्रति रहेको मोह उक्त प्रसङ्गबाट बुझ्न सकिन्छ।

## ■ गौरी

सानु लामाको 'गौरी' कथाकी पात्रा गौरी गाउँदेखि सहर पसेर स्वतन्त्र र स्वच्छ जीवन बिताउन चाहन्छिन्। तर उसका दाजु, आमा-बाबा साथै छिमेकीहरूमा पारम्परिक विचार रहेकाले उसको चरित्रमा शङ्का गरेको वर्णन पाइन्छ। गौरी प्रायः केटा साथीहरूसित हिँड्डुल गर्न रूचाउने प्रवृत्ति भएकी छे। जसको कारणले गर्दा उसलाई समाज तथा घर-छिमेकीहरूले कुप्रथामा लागेको मानेका छन्। अतः आधुनिक विचार भएकी गौरीले आफ्ना घर र छिमेकीहरूका मनमा भएको सनातन विचारमा परिवर्तन ल्याउन सकेकी छैन। यसर्थ, प्रस्तुत कथामा चित्रित पारिवारिक ढाँचालाई सनातन नै मान्न सकिन्छ।

## ■ पेन्सन, तक्मा र गाडी

'पेन्सन, तक्मा र गाडी' कथामा पनि सनातन विचार भएको परिवारकै प्रसङ्ग भेट्टाइन्छ। कथामा प्रह्लादकी आमा भन्छिन्- 'छोराले त अब आमा चाहिँलाई सुख देला भनेको, त्यो पनि अकालमा नै मऱ्यो ... यो मेजरनी अलिक त अलच्छिनी नै हो।'[६४] यहाँ पति र छोराको अकालैमा मृत्यु हुँदा पत्नी वा आमालाई नै दोस्याउने चलन परम्परागत रूपमा चलिआएको देखिन्छ। यो चलन अन्धविश्वासमा अडिएको देखिन्छ।

यसरी कथाकार सानु लामाले आफ्ना कथामा आधुनिक र सनातन दुवै थरी परिवारकाहरूलाई कथाको अन्तर्वस्तुको माग गरेअनुसार भित्र्याएका छन्।

---

[६४] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ७२

## ४.२.६ आर्थिक सम्पन्नता र विपन्नताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन

सानु लामाका कथामा आर्थिक पक्ष सबल रूपमा चित्रण भएको पाइन्छ। सानु लामाले आफ्ना कथामा निम्नवर्गीय विपन्नताग्रस्त जीवनका उकाली-ओरालीको चित्रण गर्नाका साथै एकाध कथामा आर्थिक रूपले सम्पन्न भएको परिवारका सदस्यहरूलाई पनि लिएका छन्। वस्तुत: उनले धेरजसो आर्थिक विपन्नताग्रस्त परिवारहरूलाई नै कथामा प्रयोग गरेका भए तापनि एकाध कथामा आर्थिक रूपले सम्पन्न परिवारहरूको पनि चित्रण गरेका छन्। यहाँ यसै दृष्टिकोणका आधारमा सानु लामाका कथाको चर्चा प्रस्तुत गरिन्छ –

### अ) आर्थिक विपन्नताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवनको अध्ययन

सानु लामाले 'स्वास्नीमान्छे', 'पहाडी फूल काँडाकै माझ', 'कमला', 'फुर्बाले गाउँ छोड्यो', 'बलराम थापाको कथा', 'खानीटारमा एकदिन', 'पैयुँ फुलेको दिन', 'म भगवान भएँ', 'सङ्घर्ष १' र 'सन्तोष' आदि कथाहरूमा पात्रहरूले आ-आफ्नो पारिवारिक जीवन चलाउनका निम्ति आर्थिक सङ्घर्ष गर्नु परेको यथार्थ चित्रण पाइन्छ ।

**■ स्वास्नीमान्छे**

सानु लामाको 'स्वास्नीमान्छे' कथामा सिक्किमको सिङ्तामस्थित कच्चा लाइनका मट्टितेलको टिनले छाएको घर तथा त्यहाँ बस्ने परिवार र तिनीहरूले ज्यालादारी काम गरेर जीवन बिताउनुपर्ने स्थितिले आर्थिक विपन्नता दर्साउँदछन्। कथामा आर्थिक विपन्नताको विवरणको दृष्टान्त यस्तो छ – 'घर पनि के भन्नु र ! मट्टीतेलका टीनका छाना भएका घरहरूमा छेंडैछेंड छन्। खरको छाना – असारको दुङरे पानीले, चैत-

वैशाखको हुईं हुईं बतासे, जेठको टन्टलापुर घामले कुहेर अब त भूस मात्र बाँकी रहेको छ। घरको छेकान पनि टुक्राटुक्री टीन, तख्ता, बाँस इत्यादिले बनिएको छ।'[६५] कथामा ठुली कान्छी, ठुलो कान्छा, सार्की कान्छा, मिङ्मा र अन्य गाउँलेहरूले गरेको कुल्ली कामको वर्णनले पनि यस कथामा भएका परिवारहरू आर्थिक विपन्नताले ग्रस्त छन् भन्ने कुरा स्पष्ट हुँदछ।

### ■ पहाडी फूल, काँडाकै माझ

यस कथामा दार्जिलिङवासी पद्मबहादुरले आर्थिक समस्याले पिरोलिएर त्यसको समाधानका निम्ति गान्तोकमा गएर कुल्ली काम गरेको वर्णन छ। धेरै पैसा कमाएर आफ्नी छोरी दिलकुमारीको धुमधामसँग विवाह गरिदिने उसको ठुलो इच्छा रहेको छ। यसैले कमाएको पैसा सबै थुपार्न थाल्छ। तर एकदिन उसले त्यसरी सञ्चय गरेको सम्पूर्ण धन चोरी हुन्छ। त्यसरी कठोर श्रम गरेर कामाएको पैसा सबै चोरी भएपश्चात् त्यसैको पिरले ऊ आत्महत्या गर्नपुग्छ। दार्जिलिङबाट आफ्नो घरको आर्थिक विपन्नतालाई सच्याउन तथा छोरीको बिहे गरिदिन सिक्किम पसेको पद्मसिंहले अथक कष्ट गरेर कमाएको पैसा चोरी हुनु नै उसले आत्महत्या गर्नुको एकमात्र मूल कारण हो भन्ने कुरा कालुसिंहको संवादबाट प्रष्ट हुन्छ – 'बूढो दुई दिन डेराबाट हराएछ – कसैलाई पत्ता भएन, चारैतिर मान्छेले छप्छप्ती खोज्दा, दुई दिनपछि एउटा रूखमा झुण्डिएर मरिरहेको मान्छेहरूले पाएछन् – आत्महत्याको कारण चाहिं उसको त्यहाँसम्म कमाएको जम्मै पैसा चोरी भयो रे भन्ने मैले सुनें।'[६६] यसरी कथाकारले आर्थिक विपन्नता भरिएको जीवन र मृत्युको बिचको एउटा ठुलो कसीका रूपमा रहने कुरा यस कथामा देखाएका छन्।

---

[६५] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ १

[६६] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ १९

### ■ फुर्बाले गाउँ छोड्यो

प्रस्तुत कथामा पनि आर्थिक विपन्नताकै कारण फुर्बाले दिवङ्गत पत्नी गोमतीका नाममा माने बनाउनका निम्ति पैसा कमाउन गाउँ छोडेर बाहिर जान बाध्य भएको कथा छ। यहाँ आर्थिक स्थिति कमजोर भएका निम्नवर्गीय एक्लो जीवनको दुःखद् र कारुणिक यथार्थतालाई देखाउनु यस कथाको प्रमुख उद्देश्य देखिन्छ।

### ■ कमला

यस कथामा तत्कालीन सिक्किममा ठिकादारी प्रथाले गर्दा निम्नवर्गीय परिवारहरूले भोग्नु परेका समस्या तथा पिरमर्काहरूको चित्रण गरिएको छ। यसका साथै मुख्यतः त्यस समय निम्नवर्गका नारीहरूमाथि गरिने अत्याचारको चित्रण यस कथामा गरिएको छ। कथामा ठिकादारले समय नपुगी ठिका बुझाउन लगाउँदा पनि दरिद्रताले गर्दा निम्नवर्गका मानिसले कुनै विरोध वा प्रतिवाद गर्न सक्तैनन् भन्ने सामाजिक पक्ष स्पष्ट रूपमा प्रस्तुत गरिएको छ। कथामा आर्थिक विपन्नताकै कारणले गर्दा ठिकादारको अन्याय, अत्याचार तथा थिचो-मिचोप्रति गाउँ, घरका सबै मानिसहरू निमुखा भई चुपचाप रहेको देखाइएको छ। यस कथाको मुख्य उद्देश्य समाजको विकृतिपूर्ण यथार्थलाई देखाउनु हो। कथामा मानवीरजस्ता गरिब मान्छे रामबहादुरजस्ता समाजका शोषकहरूबाट कसरी शोषित हुन्छ, कमलाजस्ती गरिबकी निर्दोष छोरीले कसरी आत्यहत्या गर्नु पर्ने स्थिति आइपर्छ र सन्तकुमारजस्ता स्वाभिमानी र शिक्षितहरू पनि कसरी यस्तो अन्यायको चपेटमा परेका छन् भन्ने यथार्थलाई देखाउन नै कथाकारको मुख्य अभिप्राय रहेको देखिन्छ। अतः प्रस्तुत कथा सिक्किममा रायसाहबजस्ता ठेकदारहरूले गरिबका छोरी-चेलीहरूमाथि षडयन्त्रपूर्ण गरिने यौन शोषण, आर्थिक शोषण तथा जमिन र डेरा लिलामजस्ता कुराहरूलाई लिएर लेखिएको छ।

### ■ बलराम थापाको कथा

सानु लामाको 'बलराम थापाको कथा' शीर्षक कथामा पनि आर्थिक स्थिति कमजोर भएकै कारण बलराम कहिले गान्तोक त कहिले काठमाडौं तथा तेजपुर गएर बसेको वा काम गरेको उल्लेख गरिएको छ। यसका साथै कथामा बलरामको मृत्यु भएपछि उसकी कान्छी स्वास्नी आर्थिक विपन्नताकै कारण सौताको माइतमा आश्रय लिन पुगेकी छ। भारतीय नेपाली समाजको यो अर्थनैतिक वास्तवताको उद्घाटन उनका कथामा प्रभावशाली ढङ्गले गरिएको पाइन्छ।

### ■ खानीटारमा एकदिन

'खानीटारमा एकदिन' कथामा पनि आर्थिक समस्याले पिरोलिएका खटीखाने श्रमजीवीहरूका पारिवारिक जीवनको चित्रण गरिएको छ। परिवारका सदस्यहरूले आर्थिक कमजोरीको समाधान गर्नलाई बाटो-घाटो तथा सडक आदिको निर्माण गर्न ठिक्का लिने, कुल्ली काम गर्ने आदि देखाइएको छ। कथामा ठुली, मङ्गले, काजीमान, पहलमान, टेकबहादुर, गणेशबहादुरजस्ता पात्रहरूले दिनभरि खटेर बिहान-बेलुकीको छाक टार्ने परिवारहरूको प्रतिनिधित्व गरेका छन्।

### ■ पैयुँ फुलेको दिन

'पैयुँ फुलेको दिन' कथामा शिक्षित भएर पनि घरको आर्थिक समस्याका कारण गोपालले गाई, बाख्रा पालेर खेतीपाती गरी जीवन चलाएको देखाइएको छ। यसरी कथामार्फत् कथाकारले निम्नवर्गीय परिवारका सदस्यहरूमा पनि आफ्ना सन्तानलाई धेरै पढाएर ठुलो काम गर्ने व्यक्ति बनाउने इच्छा मनमा रहेको हुन्छ तर आर्थिक कमजोरीले गर्दा उनीहरू आफ्नो इच्छा मनैमा दबाउछन् भन्ने यथार्थ कुरा देखाएका छन्। कथाको मुख्य पात्र गोपाल आफ्नो परिवारको आर्थिक स्थिति कमजोर भएकै कारण दसौं श्रेणीसम्म पढेर

खेतीपाती गर्दै गाईको दुध बेचेर सानो घर संसार चलाउन बाध्य भएको छ। उसले आफ्नो पढाईलाई निरन्तरता दिन नसक्नुमा उसको पारिवारिक आर्थिक स्थिति ठिक नहुनु नै प्रमुख कारण रहेको छ।

**■ म भगवान भएँ**

'म भगवान भएँ' कथामा अगमबीरले आर्थिक विपन्नताले ग्रसित भएकै कारण आफू अनेकौँ अपुग, अभावहरूबाट थिचिएको तथा मिचिएको अनुभव गरेको छ। यसैले कथाको अन्त्यतिर ऊ स्वयम्लाई भगवान भएको ठान्दै यसो भन्छ -

'म भगवान भएँ।

सुन सबैले, आजदेखि म भगवान भएँ।

अब मैले कसैको इच्छा पूरा गरिदिनु पर्दैन।

अरूको कुरा मैले नसुनिदिँदा पनि हुन्छ।

म भगवान भएँ '[६७] अगमबीरले सकेसम्म प्रयास गर्दा पनि अभावै-अभावले कहिले नछोड्दा यसरी क्रोधित भएर आफूलाई भगवान भएको घोषणा गर्छ। मानिसका सबै खाँचोहरू पूर्ण हुन्छै भन्ने छैन, कतिपय खाँचोहरू अपूर्ण नै रहन्छन्। बरू मानिस आत्मिक रूपमा सन्तुष्ट हुनु नै परिपूर्ति हुन नसकेका खाँचोहरूको पूर्ति हुनु बराबर हो भन्ने यस कथाबाट बुझिन्छ।

कथाकार सानु लामाका 'सङ्घर्ष १' र 'सन्तोष' लघु कथामा पनि आर्थिक रूपले कमजोर भएका पात्र वा परिवारहरूलाई लिएको छ।

---

[६७] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ५८

### ■ सङ्घर्ष १

यस कथामा लाक्पाले गाउँ-घरमा मकै गोडेर अनि सुँगुरको चारो बटुलेर समय बिताइरहेको हुन्छ। यसरी बस्तीको काम गरेर उसले मनमा धेरै दिनदेखि छालाको जुत्ता लगाउने रहर पालेको हुन्छ। तर छालाको जुत्ता लगाउने उसको रहर बाबुले नपुऱ्याइदिएर बरु बिहे गरिदिने कुरा गर्दा लाक्पालाई रिस उठ्छ र ऊ सहरतिर गएर एउटा विद्यालयमा चपरासी काम गर्न थाल्छ। यस कुरालाई कथामा यसरी राखिएको छ – 'छालाको जुत्ता किनिदेऊ भनेर यो वर्षैभरि भिज्याउँदा पनि आजसम्म बाबुले नकिनिदिएको कुराले ऊ मनमनै अहिले क्रोधित भयो – बिहे पो गर्नु भन्छ जुत्ता किनिदेऊ भन्दा त। भोलिपल्ट नै ऊ सुँगुरको चारो टिप्ने टोकरी र चिम्टा जङ्गलमा जलाइराखेर सहर पस्यो र त्यहाँको एउटा प्राइमेरी स्कुलमा चपरासी भयो।'[६८] यसरी यस कथाले आर्थिक समस्याको कारणले पनि परिवारका सदस्यहरूमाझ मनोमालिन्य हुने र परिवारकै विघटनसमेत हुनसक्ने सम्भषनतर्फ सङ्केत गरेको बुझिन्छ।

### ■ सन्तोष

निम्नवर्गीय मानिसहरू आर्थिक रूपले कमजोर भए तापनि आफ्नो कामप्रति इमान्दार हुन्छन् साथै यसैमा गर्व पनि गर्छन् भन्ने कुरा 'सन्तोष' लघु कथाको भरिया पात्रबाट स्पष्ट हुँदछ। 'टेलिभिजनको बाकस, एक झोला बेडिङ्ग, एक टोक्री थाल बटुको उतारेर आजको खाँचो टार्न सकेको दाम्भिक गर्व त्यस भरियालाई थियो।'[६९] यसमा भरियाले गाडीको छानाबाट दिनभरि सामान ओराल्ने काम गरेर पनि साँझ विहान छाक टार्न सफल भएकोमा आफू गर्वबोध गर्दछ। यस लघु कथाका माध्यमबाट कथाकारले समाजमा आर्थिक

---

[६८] कल्पना त्रिपाठी (समपा) सन् २००७, सानु लामाका साना कथाहरू, ग्रीन हिल प्रकाशन, दार्जिलिङ, पृ ३१

[६९] कल्पना त्रिपाठी (सम्पा) सन् २००७, सानु लामाका साना कथाहरू, पूर्ववत्, पृ २६

स्थितिका आधारमा विद्यमान उच्च वर्ग र निम्न वर्गबिचको जीवन भिन्नतालाई प्रस्तुत गर्ने प्रयास गरेका छन्।

**आ) आर्थिक सम्पन्नताका आधारमा सानु लामाका कथामा पाइने पारिवारिक जीवन**

कथाकार सानु लामाले आफ्ना कतिपय कथाहरूमा आर्थिक रूपले सम्पन्न परिवारहरूका पारिवारिक जीवनको चित्रण पनि गरेका छन्। उनको 'पाहुना' कथालाई उदाहरण स्वरूप लिन सकिन्छ।

**■ पाहुना**

प्रस्तत  कथालाई लिएर इन्द्रबहादुर राईले यसो भनेका छन् – 'सानु लामा ज्यूको प्रत्येक कथामा गहिरो चिन्तना, गहन दृष्टि पसेको छ, बसेको हुन्छ। उहाँको एउटा कथा छ 'पाहुना' अतिथि। दुःख र दारिद्रय कथा लेखनको विषयवस्तु हुन नै, तर सुख र समृद्धि पनि कथाको, साहित्यकै, लेख्य विषय हुनसक्छन् र हुन् नै। कामदाम सबै भएको, पुगीसरी भएको आनन्दी परिवारद्वारा अतिथि आफन्तहरूको सुखद् सेवा-सत्कारको उज्यालो र घमैलो लाग्दो कथा छ यो।'[७०] यस कथामा पुगीसरी तथा कामकाजले सम्पन्न भएको सुखी परिवारद्वारा अतिथि-आफन्तहरूको सेवा सत्कार गरिएको वर्णन छ। सानु लामाको उक्त कथाले दुःख र दरिद्रता मात्र कथा लेखनको विषयवस्तु नभएर सुख र समृद्धि पनि कथाकै लेख्य विषय हुन सक्छन् भन्ने कुराको प्रमाण दिएको पाइन्छ। प्रस्तुत कथाको माध्यमबाट कथाकारले नेपाली समाज तथा नेपाली परिवारका घरमा आएका अतिथिको सत्कार गर्न अनेकौं मिठा व्यञ्जनहरू तयार पारिने कुरालाई देखाउन खोजिएको छ।

---

[७०] इन्द्रबहादुर राई (सन् १९९२), मृगतृष्णा'मा हिँड्दै आनन्दको मार्ग, नेपाली साहित्य प्रचार समिति(आयोजक), कथाकार सानु लामा अभिनन्दन स्मारिका, सिलगढी, पृ ८

कथाकार सानु लामाले आफ्ना धेरजसो कथामा आर्थिक विपन्नताले ग्रसित भएका पारिवारिक जीवनलाई नै भित्र्याएका भए तापनि एकाध कथामा आर्थिक रूपले सम्पन्न परिवारलाई टिप्न पनि भुलेका छैनन्। अतः यसलाई उनको कथाकारिताको विशेषता मान्न सकिन्छ किनभने कथा क्षेत्रमा यसरी सुखी तथा आर्थिक रूपले कमजोर नभएका परिवारको पारिवारिक जीवनलाई लिएर कथा लेख्ने नेपाली कथाकार खासै देखिँदैनन्। उनका एकाध कथामा चित्रित परिवारका सदस्यहरू सम्पूर्ण रूपले सम्पन्न नदेखिए तापनि जीवन धान्नका लागि ठुलो सङ्घर्ष गर्नैपर्ने बाध्यता भने तिनमा देखिँदैन। अतः यस्ता कथाहरूमा आर्थिक रूपले सम्पन्न भएको परिवारका सदस्यहरूलाई लिएको मान्न सकिन्छ।

## ४.३ सानु लामाका कथामा पाइने पारिवारिक सम्बन्ध

परिवारका सदस्यमाझ रहने सम्बन्धले गर्दा पारिवारिक जीवनमा अनेकौँ तालमेल भएको देखिन्छ। यस्तै कुराहरूलाई ध्यानमा राखेर कथाकार सानु लामाका कथामा पाइने पारिवारिक सम्बन्धलाई दाम्पत्य र दाम्पत्येतर दुई प्रकारले विभाजन गरेर अध्ययन गर्नु उपयुक्त हुनेछ। यस क्रममा परिवारका सदस्यहरूको सम्बन्धका आधारमा विभिन्न उपशीर्षकहरू राखेर अध्ययन प्रस्तुत गरिएको छ –

### ४.३.१ सानु लामाका कथामा चित्रित दाम्पत्य सम्बन्ध

दाम्पत्य सम्बन्धमा केन्द्रित सानु लामाका कथाहरूमा सफल र असफल दुई प्रकारका दाम्पत्य जीवनको चित्रण भएको पाइन्छ। यसलाई निम्नप्रकारले अध्ययन गरिएको छ।

## अ) सफल दाम्पत्य जीवनको चित्रणमा आधारित सानु लामाका कथा

यसअन्तर्गत सानु लामाका 'स्वास्नीमान्छे', 'असिनाको मान्छे', 'ज्योतिबिनाको उज्यालो', 'पाहुना', 'सात भाइकी चेली' आदि कथाहरूको अध्ययन गर्न सकिन्छ -

### ■ स्वास्नीमान्छे

प्रस्तुत कथामा ठुलो कान्छाले ठुली कान्छीलाई नेपालको पहाड खण्डबाट भगाएर बिहे गरी सिङ्तामको कच्चालाइनमा ल्याएको छ। ठुलीको मन उदार र फराकिलो छ। गीत र सङ्गीतप्रतिको मोहमा आफू विभोर हुने उन्मुक्त प्रवृत्तिकी ठुली कान्छी नेपाली नारीको धर्मलाई छोड्दिन। यद्यपि ऊ राति राति घर छोडेर परपुरुषहरूसँग नाच गान गर्छे तर उसको भावना भने पवित्र छ। आफ्नी पत्नीले परपुरुषहरूसँग खुल्ला व्यवहार गरेको देख्दा ठुलो कान्छाको मनमा कान्छीप्रति शङ्कालु भावना उत्पन्न हुँदछ तर मिङ्माको घृणास्पद व्यवहारलाई ठूलीले प्रतिकार गरेर आफ्नो स्वच्छ र पतिपरायण भावना दर्शाएपछि ठुलो कान्छाको हृदयका सबै शङ्काहरू हट्दछन्। यसलाई कथामा ठुली कान्छीको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'दोकानभित्रै मिङमाले मेरो हात समात्न खोज्दै थियो तर म उठिहालें। मलाई डर-डर लाग्यो। बाहिर आएर उसले मलाई हातमा समातेर जबर्जस्ती तान्न थाल्यो। मलाई त्यसबेला रिस उठेको थिएन तर जब उसले "मसँग हिंड्, त्यस्तो मरन्च्याँसे लोग्नेसँग बसेर के पाउँछस्?' भनेपछि भने साँच्चै रिस उठ्यो र आफ्नो पनि बचाउ र मेरो लोग्नेको इज्जत बचाउन उसलाई मैले दोकानकै दाउरा ल्याएर हिर्काएँ...।"[७१] अतः प्रस्तुत कथामा चित्रित ठुली कान्छी र ठुलो कान्छाको दाम्पत्य जीवनलाई हेर्दा त्यो एउटा सफल दाम्पत्य जीवनको प्रतिकूल देखिने अर्को कुनै दृष्टान्त पाइन्न्। त्यसर्थ, ठुलो कान्छा र ठुली कान्छीको दाम्पत्य जीवनलाई सफल भन्न सकिन्छ।

---

[७१] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ९

## ■ असिनाको मान्छे

'असिनाको मान्छे' मुख्यतः बालमनोवैज्ञानिक कथा हो। बाल-बालिकाले प्रथम शिक्षा घर-परिवारबाटै सिक्छन् भन्ने कुरा कथामा 'म' पात्रको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'धत्, बत्तीलाई पनि कहिले चान हान्नु हुन्छ। चान त राम्रो कुरोलाई हान्दैन त।'[७२] यसमा मुख्य पात्र 'म' र उसकी पत्नी,छोरा र छोरी गरी जम्मा चारजना सदस्य भएको परिवार छ। ५ वर्ष पुगेको विनयले भएभरको कागतका टुक्राहरू च्यातेर जेट प्लेन बनाउँदै गरेको र ३ वर्ष पुगेकी विन्दुले भर्खरै किनेर ल्याएको रिडर्स डाइजेस्टमा क, ख, ग... पढ्दै गरेको देखेर म पात्रले उनीहरूलाई रमाइलो गर्नका लागि असिनाको मान्छे बनाइ दिएर त्यसमा चान हान्ने खेल खेल्छन्। राम्रो कुरालाई चान हानेर बिगार्नु हुँदैन, बिजुलीको बल्ब काम लाग्ने कुरा हो। बरू असिना जसले अन्नबाली नष्ट गरिदिन्छ त्यस्ता कुरालाई बिगार्नु पर्छ भन्ने सन्देश उक्त वाक्यांशबाट स्पष्ट हुँदछ। यसरी नानीहरूसँग 'म' पात्र स्वयम् पनि खेलेर पारिवारिक जीवनको आनन्द उठाइरहेको बुझिन्छ। यसरी कथामा सुखद् परिवारको चित्रण गरिएको छ। अतः यस कथामा चित्रित दाम्पत्य जीवन सफल रहेको देखिन्छ।

## ■ ज्योतिबिनाको उज्यालो

प्रस्तुत कथा मुख्यतः छ वर्षीय मन्दाको अन्धोपनामा आधारित रहेको छ। यसो भए तापनि कथामा वर्णित दाम्पतिहरूमाझ कुनै प्रकारको झैझगडा भएको भने चित्रण गरिएको छैन। यसैले प्रस्तुत कथामा पनि सफल दाम्पत्य जीवनको चित्रण रहेको मान्न सकिन्छ। यद्यपि कथामा बालिकाको अन्धोपनको चिन्ता र अभिभावकहरूको असहायपनले पाठकलाई पनि पिरोल्दछ।

---

[७२] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ७९

## ■ पाहुना

यस कथामा अतिथिको सुखद सेवा सत्कारको उज्यालो पक्षको चित्रण गरिएको छ। 'अतिथि देवो भव'को भावना र पुगीसरी आएको सुखद दाम्पत्य जीवनको चित्रण प्रस्तुत कथामा पाइन्छ। नेपाली परिवारले आफ्नो घरमा आउने पाहुनालाई गर्ने सत्कारसम्बन्धी यथार्थ घटनालाई प्रस्तुत कथामा चित्रण गरिएको छ। अतिथि आएको दिन धेरै किसिमका खाने कुराहरू तयार पारिने नेपाली सांस्कृतिक यथार्थलाई कथामा यसरी चित्रण गरिएको छ – 'बासमती चामलको भात । मगमग् बासन् आउँदैथ्यो। कालो दाल। झानेको हुनाले घिउको तर लागेको। कुखुराको मासुमा सिङ्तामे सिमी मिसाएको र बाक्लो छिपछिप् झोल भएको। उसिनेका आलु, तेलमा भाजिएकोले बदामी रङ्ग चढेको हेर्दै कपाकप खाऊँ जस्तो। खसीको मासुको पक्कु। मेथी पड्काएर भुटुनमा मात्र पकाएको रायोको साग। गुन्द्रुक र किनेमामा छुर्पी मिसाएर बनाएको वाफिलो सूप। सेलरोटी। सिद्राको अचार। काँक्रा, छुर्पी, पियाजको साँधेको अचार। त्यसपछि बोतलका अचारहरू काब्रा, लप्सी, अदुवा, आँप इत्यादि इत्यादि।'[७३] वस्तुतः उक्त दृश्यमा पाहुनाहरूले खानेकुरा खाई पनि सक्छन् भने यता पाठकवर्ग पनि तितो, मिठो, पिरो तथा अमिलोको स्वाद सँगसँगै तृप्त भएको अनुभव गर्छन्। यसरी विभिन्न खानेकुराहरू तयार गरी पाठककै अघिल्तिर खान बसेका जस्ता दृश्यलाई चित्रण गर्न सक्नु कथाकारको कथागत वैशिष्ट्य मान्न सकिन्छ।

## ■ सात भाइकी चेली

प्रस्तुत कथाको आरम्भमा युवतीले छेत्रीकी छोरी भएर लिम्बू केटासँग भागेर बिहे गरेको हुँदा उसका माइतीहरूले उसलाई त्यागेका छन्। यसो भए तापनि युवतीको दाम्पत्य जीवन भने सफल नै रहेको चित्रण गरिएको छ। कथाको अन्त्यतिर भने तिनै माइतीहरूले युवतीलाई धेरै माया गरेको कुरा आमाको यस प्रसङ्गबाट स्पष्ट हुन्छ- 'बुहारीका सातजना

---

[७३] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ८१

दाज्यूहरूले वाक्कै पारिसके। पन्ध्र-पन्ध्र दिनमा पालैसित आउँछन् र एउटा न एउटा निहुँ गरेर बहिनीलाई माइत लान्छन्। दुईजना नाती र एउटी नातिनी छन् सबैको पढाईको जम्मै खर्च हामी गर्छौं भन्छन्।'[७४]

**आ) असफल दाम्पत्य जीवनको चित्रणमा आधारित सानु लामाका कथा**

यसअन्तर्गत सानु लामाका 'अनुकम्पा', 'फुर्बाले गाउँ छोड्यो', 'बलराम थापाको कथा', 'खानीटारमा एकदिन', 'तृषित मरुद्यान', 'रम्मीमा सिक्वेन्स् - एउटा अनुक्रम', 'संयोग', 'घाम छाया (२)', 'सन्तानको सुख', 'व्यग्रता', 'बाँधिएका क्षणहरू' र 'सङ्घर्ष २ 'आदि कथाहरूलाई लिन सकिन्छ। सानु लामाका उक्त कथाहरूमा चित्रित दाम्पत्य जीवन असफल हुनाका विभिन्न कारणहरू देखिएका छन्; जस्तै, सन्तानहीनताले गर्दा, पति-पत्नीमाझ आँखा लगाउने प्रवृत्ति भएकाले गर्दा, दुई दम्पतिमध्ये एकजनाको मृत्युले गर्दा साथै सौता भित्र्याउनाले तथा पोइला जानाले गर्दा आदि। यहाँ यस्तै विभिन्न कुराहरूलाई खुट्याउँदै उक्त कथाहरूको अध्ययन गरिएको छ।

मानव जीवनमा विवाह भएपछि सन्तान नभएको अवस्थामा पनि पारिवारिक सम्बन्ध बिग्रेर जाने सम्भावनाहरू देखा पर्दछन्। कथाकार सानु लामाका एकाध कथाहरूले यस्तै कुराको पुष्टि गरेको पाइन्छ। उनका 'अनुकम्पा', 'संयोग' तथा 'तृषित मरुद्यान' आदि कथाहरूलाई उदाहरणार्थ लिन सकिन्छ।

**■ अनुकम्पा**

सानु लामाको 'अनुकम्पा' कथामा ललित भण्डारीको दाम्पत्य जीवन असफल रहेको चित्रण पाइन्छ। कथामा ऊ हीनताग्रस्त पात्र हो। 'उसलाई कस्तो कठोर दण्ड। मर्द भएर

---

[७४] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ५४

पनि सदादिन उसले मर्दको अभिनय गर्नुपर्छ। ऊ यो कुरा कसैलाई भन्न सक्तैन र भगवानलाई एकान्तमा पारेर बिलौना कहन्छ, नसुनिदिँदा सबको सामु ऊ ईश्वार र पूजा पाठलाई घृणा गर्छ।'[७५] भन्ने चित्रणबाट सन्तान जन्माउन नसक्ने प्राकृतिक असक्तताबाट ललित भण्डारीको हृदयमा हीनताबोध जन्मेको बुझिन्छ। ऊ शारीरिक रूपमा कमजोर भएको कुरा कथामा म पात्रको मामामार्फत् यसरी प्रस्तुत गरिएको छ –'ललितको रोग मलाई थाह छ। यो कुरा ऊ आफैले मलाई भनेको र के उपचार हुन्छ गरिदिनुहोस् भनेर धेरैपल्ट बिन्ती गऱ्यो उसले। ऊ बिहे गरेर स्वास्नी राख्न सक्छ तर ऊबाट सन्तान कहिले हुँदैन । ललितको यही एउटा डिफेक्ट छ । रोग के भन्नु यसलाई, एउटा श्राप जत्तिकै हो।'[७६] यसर्थ, ललित शारीरिक रूपले कमजोर हुनु नै उसको समस्या देखिन्छ । बाहिरबाट हेर्दा ऊ स्वस्थ र पहलमान जस्तो देखिन्छ र उसको त्यही भीषण वाह्य आकृतिले गर्दा नै अरूले उसलाई अपराधी पनि ठान्दछन्।

**■ संयोग**

प्रस्तुत कथामा सन्तान नभएकै कारणले मञ्जरी र गौतमका माझमा मनोमालिन्य आएको छ र उनीहरूको दाम्पत्य जीवन केही समयसम्म मात्र सफल भएको छ। दाम्पत्यका सम्बन्धमा विश्वास र परिपक्वता भन्ने तिनीहरूमा देखिँदैन। आफूमा सन्तान जन्माउने क्षमता नभएको कारण मञ्जरीले गौतमको प्रेममा आघात पुऱ्याएकी छ । यस्तै गौतमले पनि अर्को विवाह गरेको छ।

---

[७५] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ३०

[७६] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ २९

## ■ तृषित मरुद्यान

सानु लामाको 'तृषित मरुद्यान' कथामा पनि सन्तान नहुँदाको अनुभव तथा पीडालाई केन्द्रबिन्दु बनाइएको छ। कथामा बाठी र कीर्तिमानको सन्तानविहीन शून्य र खाली पारिवारिक जीवनलाई देखाउन खोजिएको छ। तृषित अर्थात् प्यासीचाहिँ बाठीलाई मान्न सकिन्छ तर उसलाई मरूभूमिको संज्ञा दिन सकिँदैन। बाठी आफ्नो कारणले मरू भएकी होइन, लोग्ने कीर्तिमानको कमजोरीले गर्दा ऊ जननी हुन सकेकी छैन। बाठी र कीर्तिमानको पारिवारिक जीवन अन्यथा सफल हुँदाहुँदै पनि सन्तानोत्पत्तिका दृष्टिले असफल बन्न पुगेको यथार्थलाई देखाउने क्रममा कथाकारले कीर्तिमानको अन्तर्द्वन्द्व र बाठीको मानसिक असन्तुष्टिलाई कथामा दर्साउने प्रयास गरेका छन्। कथामा बाठी विवाहिता भएर पनि आमा बन्न नसकेकीले करुणाको पात्र बनेकी छ। दृष्टान्तका निम्ति कथाबाट निम्न अंश हेर्न सकिन्छ – 'छातीभित्र उसले सन्तानको लोभको एउटा बीज रोपिदिई। त्यो बीज जति बढ्दै जान्थ्यो बाठी त्यति नै आकुल हुन्थी, छटपटिन्थी अनि आफै निस्सासिए झैं हुन्थी।'[७७] विवाह भएको धेरै समय भइसक्दा पनि आफूबाट कुनै जयजन्म नभएकाले बाठी खिन्न देखिन्छे। कीर्तिमान (बाठीको पति) उसलाई गर्भाधान गराउन अक्षम हुन्छ। विवाहको सात वर्षपछि छिमेकी रामेकी पत्नीले जन्म दिएको छोरो रामेको होइन भन्ने शङ्काले ग्रस्त कीर्तिमान बाठीप्रति पनि शङ्का गर्न थाल्छ। लामाले प्रस्तुत कथामार्फत् सन्तानहीन परिवार सुखा मरूभूमि जस्तै हुने यथार्थलाई स्वीकार गरेको बुझिन्छ।

यस कथामा कीर्तिमानको पुरुष अहम्माथि चोट परेकाले ऊ भित्रभित्रै पिल्सिएको छ। 'कीर्तिमानको निमित्त बाठी, मरूद्यान भएर पनि, मरूभूमि झैं तृषित भइदिई अनि

[७७] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ८९

उसले चाहिँ एकै घुट्को पानी पनि पिलाउन सकेन।'[७८] यसरी कथामा कीर्तिमान र बाठीबिचको प्रेमालाप र विवाह साथै तिनीहरूको परिवारमा जयजन्म नहुँदा दुवै मानसिक द्वन्द्वग्रस्त भएको देखाइएको छ।

कुनै पनि दाम्पत्य जीवन असफल हुनाका पछाडि समाजमा प्रचलित बहुपत्नी प्रथा तथा सौता भित्र्याउनाले तथा पोइल जानाले गर्दा पनि हुँदछन्। यस्ता कुराहरूले गर्दा परिवारका सदस्यहरूमाझ रहने पारिवारिक सम्बन्धमा कटुता उत्पन्न हुँदछ। सानु लामाले 'बलराम थापाको कथा' र 'खानीटारमा एकदिन' आदि कथाहरूमा यस्तै परिवारको चित्रण गरेका छन्।

**■ बलराम थापाको कथा**

यस कथामा बलरामले प्रथम पत्नी माया हुँदाहुँदै दोस्री पत्नी मालालाई भित्र्याएको छ। यसो भए तापनि बलराम मालासँग हुँदा पहिली पत्नीकै सम्झनामा तड्पिएको वर्णन कथामा यसरी गरिएको छ – 'तिनले मायालाई सम्झे। छातीभित्र कता हो चस्स घोचिएको पीडाको तिनले अनुभव गरे। मायाको आकृति आँखैमा नाच्यो। गहुँगोरो, सुहाउने आँखा, सबभन्दा मुख र ओंठ नै राम्रो।'[७९] यसरी बलराम प्रथम पत्नीको सम्झनामा तड्पिएको छ भने उसको मृत्यु भएपछि दुवै पत्नीहरू विधवा भएर पतिवियोगमा परेका छन्। अतः यस्ता घटनाहरूले कथाको पारिवारिक परिवेशमा रिक्तता आएको छ भने बलराम थापाको दाम्पत्य जीवन पनि असफल रहेको पाइन्छ।

[७८] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ९४

[७९] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ६२

## ■ खानीटारमा एकदिन

लामाको 'खानीटारमा एकदिन' कथामा पुरुषद्वारा सशङ्कित तथा प्रताडित हुने नारीको जीवनको दुर्दशालाई चित्रित गरिएको छ। मङ्गले आफ्नी पत्नी ठुलीलाई परपुरुषसँग आँखा लाउँछ र ठुली पनि पतिको आरोपदेखि वाक्क भएर बैदारसँग पोइला जान्छे तर एक हप्ता नबित्दै बैदारको मृत्यु हुन्छ र ऊ विधवा हुन्छे। कथामा मङ्गले यसो भन्छ – 'पाँच-पाँच वर्ष एउटै घरमा बस्यौं। दुःख-सुख त्यस्तै हो, राम्रैसँग घर गरी खाँदै थियौं। म आफू यस्तै भए पनि उसलाई राम्रैसँगै राखेको थिएँ। भाग्यमा नभएरै होला जयजन्म नभएको। के गर्नु समयनै नराम्रो आयो – कलिमा मान्छेको मनमा पाप र लोभ पस्नु केही बेर लाग्दैन रहेछ।'[८०] यहाँ मङ्गले, ठुली र बैदारका माझमा अनौठो प्रकारको प्रेम देखाएर कथाकारले जीवनको विसङ्गतिलाई प्रस्तुत गरेका छन्।

सानु लामाका 'फुर्बाले गाउँ छोड्यो', 'रम्मीमा सिक्वेन्स्- एउटा अनुक्रम', 'सन्तानको सुख', 'पेन्सन, ताक्म र गाडी' आदि तथा लघु कथा 'बाधिँएका क्षणहरू'-मा पारिवारिक सम्बन्ध मधुर रहेको पाइए तापनि कथामा चित्रित दाम्पत्य जीवन भने असफल नै रहेको पाइन्छ। यसका साथै परिवारमा मुख्य मानिने पति-पत्नीमध्ये एकजनाको मृत्यु भएको देखाएर कथाकारले उक्त कथाहरूको परिवेश कारुणिक बनाएका छन्।

## ■ फुर्बाले गाउँ छोड्यो

यस कथामा फुर्बाकी पत्नी गोमतीको मृत्यु भएपछि ऊ पत्नीको नाममा 'माने' बनाउनका लागि गान्तोकतर्फ पैसा कमाउन गएको कारुणिक कथा-व्यथा पाइन्छ। फुर्बाको पत्नी वियोगले सहाराहीन भएको फुर्बाको एक्लो जीवनको दुःखद अवस्थालाई देखाउनु

[८०] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ८४

कथाकारको लक्ष्य रहेको देखिन्छ। ‘यो बूमटारमा मलाई बाँच्नु कठिन पऱ्यो, म टुहुरो त थिएँ नै, तर तिमीले पनि छाडेर जाँदा अझ टुहुरो भएँ।’ एकैछिन पछिनै, देब्रे कुममा झोला र त्यही हातले टोक्री झुण्ड्याएको र अर्को हातको काखीमा छाता चेपेको र हातमा लालटेन झुन्ड्याएको फुर्बा बूमटार गाउँको शिरमा पुगिसकेको थियो।’[८१] आमा बाबु पनि नभएको र आर्थिक स्थिति पनि कमजोर भएको फुर्बाको जीवनमा उसकी पत्नी गोमती नै एक मात्र जीवन साथी थिई तर उसको पनि मृत्यु हुँदा ऊ नि:सहाय भएर घर छोडेको कारुणिक चित्रण कथामा पाइन्छ।

## ■ रम्मीमा सिक्वेन्स् एउटा अनुक्रम

जन्मेपछि मृत्यु अनिवार्य छ भन्ने कुरा जनाउनका निम्ति कथामा ‘मृत्यु नित्यताको अनुक्रममा एउटा क्षणिक लौकिक विशृङ्खलता मात्र हो, आत्माले यस अनुक्रमको पुनर्ग्रहण गरिबस्छ। सांसारिक अस्थायीपनमा ब्रह्माण्डको नित्यता निर्भर गर्छ – यो अकल्पनीय अनुक्रमको कारण यही अस्थायीपन हो।’[८२] कथामा धीरजकी पत्नी लक्ष्मी धेरै दिन बिमारी भएर मर्छिन्। अतः शोकाकुल धीरजले पत्नीको मृत्यु भएपछि जीवनमा मिलाउन नसकेको अनुक्रमलाई रम्मी खेलेर मिलाउन खोजिरहेको प्रतीत हुँदछ। कथामा कथाकार नर र नारी एकाअर्काका पूरक हुन भन्ने कुरालाई इङ्गित गर्नेतर्फ लागिपरेका देखिन्छन्। जसरी नरको अभावमा नारी अधुरी हुन्छे त्यस्तै नारीको अभावमा नर पनि अधुरो नै हुन्छ भन्ने सत्यलाई प्रस्तुत कथामा देखाइएको बुझिन्छ। कथामा लेखिएको छ –‘लक्ष्मीको देहान्तमा धीरजले रोई-कराई गरेर आफ्नो भावना प्रदर्शन गरेन बरू क्षुब्ध बनेर आफ्नो

[८१] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ४४

[८२] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ १८

स्वास्नीसँगको वियोगको पीडा मौनतामा लुकायो। यो मौनता हजार आँसुको बराबर थियो।'[८३] प्रस्तुत कथामा रम्मी खेल्दा तासको अनुक्रम मिलाउन खोजेजस्तै जीवन मिलाउन खोजेको तर तासको अनुक्रम मिलाउन नसके जस्तै जीवनको अनुक्रम पनि नमिलेको झैँ लक्ष्मीको मृत्युपश्चात् धीरजको जीवनलाई देखाउन खोजिएको पाइन्छ।

**■ सन्तानको सुख**

'सन्तानको सुख' कथा एउटी विधवा भएकी नारीले आफ्ना सन्तानको सुख नै सम्पूर्ण ठान्छे भन्ने देखाउँदै सुखद् वातावरणमा टुङ्गिएको छ। उसले आफ्नो पतिको सेवा जिउज्यानले गरी तर अभाग्यवश पतिको मृत्यु भयो। पतिको मृत्यु भए तापनि उसले आफ्नो पारिवारिक जीवनलाई सम्हालेर लोगेकी छे। आफ्ना छोरा-छोरीलाई हुर्काई, बढाई गरेर छोराको बिहेसम्म गर्न पाउँदा ऊ हर्षित हुन्छे औ पति परलोक भएको कति भयो भनी प्रश्न गर्दा पनि उसले आफ्नो अनुहारको रमाहट अलिकति पनि नहराईकन 'चौध पुग्यो नी, दाज्यू'[८४] भन्न सक्नुले एउटी नारीले पतिको मृत्युपश्चात् पनि आफ्ना सन्तानलाई सम्हालेर सही मार्गदर्शन गर्न सफल भएकी छ। यहाँ एउटी विधवा नारीले आफ्नो परिवारलाई निरन्तरता दिइरहेको पाइए तापनि कथामा चित्रित दाम्पत्य जीवन भने असफल नै रहेको पाइन्छ।

**■ पेन्सन, तक्मा र गाडी**

यस्तै प्रकारले 'पेन्सन, तक्मा र गाडी' कथामा मेजरनीले पति र छोरा दुवैको मृत्युपश्चात् विधवा जीवन बिताइरहेको वर्णन छ। आफ्नो परिवारमा एक्लै जीवित भएकी भए तापनि

---

[८३] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ १५

[८४] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ८२

उसलाई पेन्सन थापेको दिन पैसाको टक्सारीय उपयोगिता र मूल्य अति गौण बन्न जान्थ्यो। किनभने त्यस बेला ऊ आफूलाई फेरि लोग्नेको समीपमा पाउँथी। यसलाई कथामा यसरी प्रस्तुत गरिएको छ – 'प्रत्येक महिना, पेन्सन थापेको दिन, मेजरको शरीरको यति धेरै नजिकमा ऊ पुग्न सकेकी हुन्थी। महिनामा एकपल्ट आफ्नो लोग्नेलाई यसरी जिउँदो पाउने साधन बन्थ्यो कागजको त्यो निर्जीव बिटा।'[८५] त्यसरी नै आफ्नो छोरा रविकिरणको मृत्युपछि पाएको तक्मालाई छोराकै रूपमा हेर्थी, जुन कुरो उसको निम्ति बाध्यता नभएर शाश्वत सत्य भइसकेको थियो। यसरी कथामा मेजरनीमाथि उसको जीवनमा पतिलगायत छोराको पनि मृत्यु देखाएर ऊमाथि आइपरेको बज्रपातले विघटित परिवारको एउटा रूप देखिन्छ। यसरी आफ्नो प्रेमको आधारस्वरूप रहेको व्यक्तिको अनुपस्थितिमा कुनै प्रतिवस्तुका माध्यमले उसको उपस्थितिको अभावपूर्ति गरी सुखानुभव गर्ने नर-नारीका पारिवारिक जीवन सन्दर्भलाई पनि सानु लामाले प्रस्तुत कथामा सुक्षान्वेषी दृष्टिले कोट्याएर चित्रण गरेको छ।

### ■ बाँधिएका क्षणहरू

यसरी नै 'बाँधिएका क्षणहरू' लघु कथामा दाम्पत्य जीवन असफल भएको चित्रण पाइए तापनि विधवा मधु रिवाकुलले अतीतमा पतिसँग खिचेका विभिन्न फोटोहरू हेरेर बाँच्ने प्रेरणा प्राप्त गरेको वर्णन छ। यस कुरालाई कथामा यसरी राखिएको छ – 'प्रत्येकले आफूसँग फेरि एकपल्ट बाँच्ने उत्साह र प्रेरणा दिइरहेको थियो।'[८६] यद्यपि यहाँ मानवीय शाश्वत यथार्थलाई स्पष्ट गर्ने काम भएको छ, तर मधुको बाँच्ने बाध्यता र अतीतका

---

[८५] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ७२

[८६] कल्पना त्रिपाठी (सम्पा) सन् २००७, सानु लामाका साना कथा, पूर्ववत्, पृ ३०

संस्मरणले अस्तित्वबोधको झझल्को दिन्छ। जसरी भए पनि मान्छेले बाँच्नै पर्छ, उसले आफ्नो अस्तित्व कायम गर्नुपर्छ भन्ने भाव पनि यसबाट व्यक्त हुँदछ।

एउटा परिवार सुखद परिवारको रूपमा निरन्तर अघि बढिरहनमा परिवारका सदस्यहरूमा रहने एकाअर्काप्रतिको सम्बन्धले महत्त्वपूर्ण भूमिका खेल्दछ। यस्तै परिवार हुनाका लागि मुख्य मानिने पति-पत्नीमाझमा आँखा लगाउने प्रवृत्ति उत्पन्न भएमा परिवार विघटनतर्फ लाग्दछन्। यस्तै कुराहरूलाई टिपेर कथाकार सानु लामाले लेखेका कथाहरू हुन् ‘स्वास्नीमान्छे’ र ‘खानीटारमा एकदिन’।

### ■ स्वास्नीमान्छे

सानु लामाको ‘स्वास्नीमान्छे’ कथाकी ठुली कान्छीको चरित्र निष्कपटपूर्ण साथै चञ्चल छ भने यस्तै व्यवहारले गर्दा उसको पति ठुलो कान्छा उसलाई शङ्का गर्न बाध्य भएको छ। पति पत्नीमाझमा आइपर्ने झगडाको कारण पत्नीले परपुरुषहरूसँग राखेको खुला हेलमेल पनि हुन सक्छ भन्ने कुरा ठुलो कान्छाको मनमा उठेको शङ्कालु भावनाले सङ्केत गरेको बुझिन्छ। यसलाई कथामा यसरी राखिएको छ – ‘सार्की कान्छा र ठुली मिलेर गाउन थाल्दा ठूलोकान्छा निदाउने अनेक चेष्टा गर्छ। मनमा अनेक दु:ख, पिर, रिस इत्यादि भएर पनि निदाउने संसारमा कुन सुखी होला? एक दिन होइन दुई दिन होइन, ठूलोकान्छा यसरी ओछ्यानमा छट्पटिएको धेरै दिन भयो।’[८७] परपुरुषहरूसँग स्वच्छता पूर्वक घुमडुल गर्नु ठुली कान्छी आफ्नो अधिकार ठान्दछे। यसले गर्दा कथाको बिचमा ठुलो कान्छाको मनमा अनेकौँ नराम्रा विचारहरू उत्पन्न भएका छन्। तर कथाको अन्त्यतिर भने ठुली कान्छीले आफूप्रति हेयदृष्टि राख्ने मिङ्मालाई चिरेको दाउरोको फप्ल्याटोले प्रहार गर्दै - ‘आफ्नो पनि बचाउ र मेरो लोग्नेको इज्जत बचाउन मैले दोकानकै दाउरा ल्याएर

[८७] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ३

हिर्काएँ...।'[८८] भनेर थानामा बयान दिएपछि ठुलो कान्छाको मनबाट आफ्नी पत्नीप्रति रहेको शङ्कालु भावना समाप्त भएको छ।

**■ खानीटारमा एकदिन**

प्रस्तुत कथामा चित्रित पात्र मङ्गलेको  आँखा लगाउने नराम्रो बानी भएको वर्णन कथामा खड्का पात्रको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'स्वास्नीलाई जोसँग पनि आँखा लगाएरै बसिनसक्नु बनायो, अब भात चाहिँ माँग्दै खाओस्।'[८९] अतः मङ्गलेको यही नराम्रो व्यवहारले गर्दा नै ठुलीले बैदारसँग दोस्रो विवाह गर्छे।

यसरी कथाकार सानु लामाले पति-पत्नीमाझ हुने विघटनका अनेकौँ कारणहरूमध्ये एउटा प्रमुख कारण आँखा लगाउने प्रवृत्ति पनि हो भन्ने कुरा उक्त कथाहरूमार्फत् स्पष्ट पारेको देखिन्छ। शङ्का र ईर्ष्याका कारणले कति राम्रो प्रेमपूर्ण दाम्पत्य जीवन र पारस्परिक मैत्रीभाव लथालिङ्ग भई बिथोलिन पुग्दछ। व्यक्तिमा अन्तर्निहित एकलौटो अधिकार वा स्वाधिकारको मनोवैज्ञानिक भावले मान्छेलाई त्यसरी शङ्का, डाह र ईर्ष्याको पात्र तुल्याएर उसको चित्त सङ्कीर्ण तुल्याइदिन्छ।

## ४.३.२ सानु लामाका कथामा चित्रित दाम्पत्येतर सम्बन्ध

दाम्पत्येतर सम्बन्ध भन्नाले एउटा परिवारमा पति-पत्नीको सम्बन्धबाहेक अन्य सबै थरीको पारिवारिक सम्बन्ध बुझिन्छ। जस्तै आमा-बाबु र सन्तानबिचको सम्बन्ध, सौतेनी आमा र सौतेनी सन्तानबिचको सम्बन्ध, सासू-बुहारीबिचको सम्बन्ध, दाजु-बहिनीबिचको सम्बन्ध, दिदी-बहिनीबिचको सम्बन्ध, साली-भेनाबिचको सम्बन्ध, देवर-भाउजूबिचको

---

[८८] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ९

[८९] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ८६

सम्बन्ध, जेठानी-देउरानीबिचको सम्बन्ध, नन्द-भाउजूबिचको सम्बन्ध आदि। उक्त दाम्पत्येतर सम्बन्ध प्रायः नेपाली परिवारहरूमा रहेको पाइन्छ यद्यपि सानु लामाले भने आफ्ना कथामा आमा-बाबु र सन्तानबिचको सम्बन्ध, सासू-बुहारीबिचको सम्बन्ध, दाजु-बहिनीबिचको सम्बन्ध, सौतेनी आमा र सौतेनी सन्तानबिचको सम्बन्ध आदि दाम्पत्येतर सम्बन्धको चित्रण गरेका छन्। यसो गर्नाको मुख्य कारण उनले आफ्ना कथामा विशेष पति-पत्नी र छोरा-छोरी मात्रै भएको परिवारलाई टिपेको हुनाले हुनसक्छ। यसका साथै उनका कथामा दाम्पत्येतर सम्बन्धमा पनि कटुता उत्पन्न भएको कथा खासै लेखेका छैनन्। उनले आफ्ना कथामा जति दाम्पत्येत्तर सम्बन्धहरू देखाएका छन्, त्यसले पारिवारिक जीवनको गठन र सरलता वा असरलतामा के-कस्तो भूमिका खेलेका छन् साथै यस्ता दाम्पत्येत्तर सम्बन्धको कथागत महत्त्व के छ त्यसबारे यहाँ निम्नप्रकारले अध्ययन प्रस्तुत गरिन्छ।

### अ) आमा-बाबु र छोरा-छोरीबिचको सम्बन्ध

आमा-बाबु र छोरा-छोरीबिचको सम्बन्धको चित्रण सानु लामाका प्रायः कथाहरूमा भएको छ। निम्न कथाहरूमा सानु लामाले अभिभावक र सन्तानबिच कटु र मधु दुवै प्रकारको सम्बन्ध रहेको चित्रण गरेका छन्। यहाँ मूलरूपमा ‘पहाडी फूल, काँडाकै माझ’, ‘कमला’, ‘असिनाको मान्छे’, ‘ज्योतिबिनाको उज्यालो’, ‘म भगवान भएँ’, ‘सन्तानको सुख’, ‘घाम छाया २’, ‘पेन्सन, तक्मा र गाडी’, ‘सङ्घर्ष १’ र ‘सङ्घर्ष २’ आदि कथाहरूमा चित्रित आमा-बाबु र छोरा-छोरीबिचको सम्बन्धहरूको चर्चा गरिन्छ –

#### ■ पहाडी फूल, काँडाकै माझ

प्रस्तुत कथामा घरदेखि टाढा गएर श्रमिक जीवन धान्दै छोरीको विवाह गर्ने सपना बोकेको पदमबहादुरले छोरी दिलमायाको विवाह गर्न नपाई मृत्युलाई आत्मसात् गर्छ।

दिनरात खटेर कमाएको सारा रुपियाँ चोरी भएको आघात सहन नसक्दा पदमबहादुरले आत्महत्या गरेको प्रसङ्ग कथामा छ। यो घटना घटेको दुई वर्षपछि दिलमाया आफ्नो सोह्र वर्षीय उमेरमा कारुणिक र रहस्यमय तरिकाले मर्छे। प्रस्तुत कथाको माध्यमबाट कथाकारले निम्न  तथा दैनिक जीवनमा खटीखाने नेपाली परिवारलाई जीवन धान्न कति कठिन पर्दछ त्यो देखाउनाका साथै उनीहरू आफ्ना सन्तानका निम्ति कति दुःख कष्टहरू सहेर पैसा कमाउने गर्छन् भन्ने यथार्थ कुराको पनि चित्रण गरेका छन्।

**कमला**

प्रस्तुत कथा सामाजिक यथार्थमा आधारित एउटा पारिवारिक विघटनको परिवृत्तमा केन्द्रित पाइन्छ। कथामा ठेकेदार जगत्सिंहले मानवीरको सानो गरिब परिवारको दुःखात्मक विघटन कसरी गरेको छ र समाजमा यस्ता धनी भनाउँदा मानिसहरूले निर्धन र असहाय परिवारमाथि कसरी थिचोमिचो हुन्छ, त्यसलाई नै विषय बनाइएको छ। कथामा कमलाजस्ता नारीहरू जगत्सिंह जस्ताको आक्रमणबाट कसरी पीडित भएका छन् भन्ने कुराको वर्णन यसरी गरिएको छ – 'महलभित्रबाट कमलाको भयमिश्रित पीडाको करुण चीत्कार फेरि आयो। सुनेर रात्री मौन बन्यो। चन्द्रमा बादलभित्र पसे। पवनको झौँका बन्द भयो। बगैँचाका प्रत्येक कुञ्ज निश्चल भए...।'[९०] सामन्ती रायबहादुर र ठेकेदार जगत्सिंहले गरिब मानवीरको श्रम शोषण र उसकी छोरी कमलासँग गरेको अमानवीय व्यवहारको परिणाम स्वरूप कमलाले आत्महत्या गर्छे। यसरी छोरीको मृत्युपश्चात् मानवीरको परिवार विघटित भएको छ। प्रस्तुत कथा र 'पहाडी फूल, काँडाकै माझ'-मा गरिब अवस्थाले गर्दा आफ्नो परिवारको चाहेर पनि भविष्य सुरक्षित बनाउन असफल भएको गरिब, निम्न परिवारको दयनीय अवस्था तथा कारुणिक कथा-व्यथा पाइन्छ।

---

[९०] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ५६

## ■ असिनाको मान्छे

प्रस्तुत कथाको माध्यमबाट कथाकारले मानिसले प्राप्त गरेका अनुभवहरू आफ्ना सन्तानलाई हस्तान्तरण गर्दै जान्छ, यसैमा जीवन छ र पारिवारिक आनन्द छ भन्ने कुरा देखाउन खोजेका छन्। यो कुरालाई कथामा म पात्रको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'हो त, खेलिदिनुपर्ने मैले यिनीहरूसँग। भोलि यिनीहरू ठुला हुनेछन्। बालपनका कति घटनाहरू मीठा स्मृति बनेर मस्तिष्कमा छापझैँ लागेर चिरस्मरणीय बन्नेछन्। दिन बित्न केहीबेर लाग्दैन। यिनीहरूलाई ऐलेनै नहाँसे, नखेले, नबुझे, भविष्यलाई चिन्नु गाह्रो पर्नेछ।'[९१] यसका अतिरिक्त कथामा अभिभावक र सन्तानमाझको सम्बन्धलाई देखाउने क्रममा कथाकारले मानव विकासको सभ्यतालाई सूक्ष्मतासाथ निरीक्षण गर्दै वर्तमानको विसङ्गतिपूर्ण मानवीय सभ्यतालाई पनि देखाएका छन्। विज्ञानको उदयसँगै जन्मिएका युद्धको विभीषिकादेखि अनेक कुण्ठा र विकृतिलाई कथामा प्रस्तुत गरिएको छ। मानव सभ्यताको उषा कालमा रहेको पवित्र मानव हृदय आजको यान्त्रिक सभ्यतामा कति अपवित्र र कुण्ठित भएको छ। यस कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ – 'आजको मीठो स्मृति लिएर भोलिको साँगुरो संसारमा यिनीहरू पस्छन्।'[९२] यस प्रसङ्गले मानिसको पवित्र प्राचीन सभ्यताले आजको यान्त्रिक सभ्यताको साँगुरो घेरामा प्रवेश गरेको तथ्यलाई देखाएको छ। कथाको सुरुमा व्यस्तताको कारण बाबुले छोरा-छोरीको मनसाय नबुझेको र पछि पुनः महसुस गरेर तिनीहरूको खुसीको भागीदार भएको पाइन्छ। बाबुले असिनाको मान्छे बनाएर छोरा-छोरीलाई हृदयदेखि नै स्नेहले बाँधेपछि पारिवारिक खुसीको रौनक कथामा छाएको छ। प्रस्तुत कथामा अभिभावकले आफ्ना सन्तानहरूसँग पनि केही समय बिताउनु पर्छ भन्ने कुरा पत्नीको माध्यमबाट यसरी राखिएको छ – 'तिमी त कस्तो हौ, नानीहरूलाई हकार्छौ मात्रै। नानीहरू चाहिँ बाबु

---

[९१] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ७६

[९२] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ७६

भन्दा मरिमेट्छ। कैले कैले त यसो खेलिदिनु नी यिनीहरूसँग पनि। बटन सिउँदै गरेकी श्रीमती रिसाइन्।'[९३]

**■ ज्योतिबिनाको उज्यालो**

प्रस्तुत कथामा एउटा सानो क्षणमा, घरको सानो परिवेशमा विद्यमान समस्यालाई सानु लामाले वर्णन गरेका छन्। यसमा धनराज, चन्द्रा, मन्दा र दीपू गरी चारजना भएको सानो परिवारको चित्रण गरिएको छ। धनराज र चन्द्राकी छोरी मन्दा आँखाले अन्धी छे तर उसको अन्तर्मन उज्यालो छ, त्यसैले ऊ बाहिरी कुराहरूलाई अन्तर्मनले ठिम्याउछे, बरु मन्दाको भाइ दीपू आँखा भएर पनि कहिले काहीँ ठोकिन्छ, लड्छ। आफ्नी छोरी अन्धी भएकाले अभिभावकलाई लाग्ने स्वाभाविक दुःखलाई कारुणिक रूपमा यहाँ प्रस्तुत गरिएको छ। अन्धी मन्दाका बाबु-आमाको मर्ममा असहनीय पीडा तथा कष्टहरू कथाभरि नै पाइन्छ। 'ज्योतिमात्र उज्यालोको कारण हो भन्ने सत्यलाई मन्दाको प्रफुल्लित चेहराले यो खुला आकाश र नाङ्गो वातावरणको समक्षमा मिथ्या साबित गरिदियो'[९४] भन्ने प्रसङ्गले वास्तवमा चर्मचक्षुमात्र सबैथोक होइन भन्ने मानसिक सन्तुष्टिको सहानुभूति प्रकट गर्दछन्।

**■ म भगवान भएँ**

सानु लामाका कथाहरूमा विशेष आर्थिक रूपले कमजोर भएका परिवारहरूको चित्रण पाइन्छ। यसैले गर्दा त्यहाँ चित्रित पारिवारिक जीवन पनि विघटित हुँदै जानुमा प्रमुख कारण आर्थिक अभावले गर्दा हो भन्ने कुराहरू पनि पाइन्छ। प्रस्तुत कथाको आरम्भ नै

---

[९३] सानु लामा (सन् १९९५), कथा सम्पद्, पूर्ववत्, पृ ७५

[९४] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ५

'छोरीको लागि केटा हेर्न गएको थियौ?, के भयो छ महीना जस्तो भयो, होइन् ?'[९५] जस्ता प्रसङ्गबाट गरिएकाले यसमा छोरीको विवाह गरिदिनु पर्ने चिन्ताले ग्रस्त अभिभावकको कथा-व्यथा रहेको बुझिन्छ। यसका साथै आर्थिक रूपले विपन्न भएकैले गर्दा छोरी डाक्टरी पढ्छु भन्ने इच्छालाई पनि बाबु अगमबीरले पूरा गर्न नसकेको प्रसङ्ग कथामा पाइन्छ। अतः आर्थिक विपन्नताले ग्रस्त भएका परिवारहरूमा बाबु-आमा र छोरा-छोरीमाझको सम्बन्धमा कटुता उत्पन्न हुँदै जाने सम्भावनाहरू रहेको पाइन्छ भन्ने कुरा यस कथामा चित्रित भएको छ।

**■ सन्तानको सुख**

प्रस्तुत कथा शीर्षकले नै अभिभावक र सन्तानबिचको सम्बन्धलाई लिएर लेखिएको हो भन्ने कुरा स्पष्ट हुँदछ। यसमा पतिको अल्पायुमै मृत्यु भएपछि विधवा भएकी नारीले छोरालाई नै जीवनको सन्तुष्टिको स्रोत मानेकी छ। अकालै पतिको मृत्यु भएपछि आफ्नो पारिवारिक जीवनलाई उसले सम्हालेर लगेकी छ। आफ्ना छोरा-छोरालाई हुर्काएर, पढाएर तथा छोराको बिहेसमेत गर्न सक्दा उसले पतिवियोगलाई सामान्य घटना मात्रै मानेको बुझिन्छ। एउटी नारीको लागि सन्तानको सुख नै वास्तविक सुखस्रोत बन्नसक्छ भन्ने सकारात्मक विचार प्रस्तुत कथामा ध्वनित भएको पाइन्छ। यो कथा एउटी विधवा नारीले आफ्ना सन्तानको सुख नै सम्पूर्ण ठान्छे भन्ने देखाउँदै सुखद् वातावरणमा टुङ्गिएको छ। अतः एउटी नारीले पतिको मृत्युपश्चात आफ्नो सन्तानलाई नै पारिवारिक जीवनको मूल केन्द्र स्वरूप ग्रहण गरी उसको जीवनलाई सही मार्गदर्शन गर्न सफल भएको कथा यस आख्यानमा पाइन्छ।

[९५] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ५५

## ■ घाम छाया २

मृत्यु एउटा कटु सत्य हो। यसले जीवनको अवसानलाई सङ्केत गर्छ र कसैको मृत्यु हुनुमा समय वा उमेर हेरेर हुँदैन भन्ने कुरालाई प्रस्तुत कथाले व्यक्त गरेको छ। कथाकी मुख्य पात्र पारो आफ्नो दुई वर्षीय बालक बन्टीलाई लिएर भौतिक जगत्मा दौडिरहेकी छ भने मृत्युको क्रूर लीलाले बालक बन्टीलाई नछोड्ने अटुट विचार लिइसकेको छ। पारोले आफ्नो छोरालाई बचाउनका लागि सकेसम्म प्रयास गरेको चित्रण पाइन्छ भने बालकलाई बचाउनमा उनी असफल भएको छ। बालक बन्टीको मृत्युले पारोलाई मर्मान्तक आघात पुऱ्याएको स्थितिको चित्रण गरिएको छ। यसमा बन्टीको जीवन लीला समाप्त भएको र पारोको मातृहृदय विह्वल भएको घटनालाई टिपेको पाइन्छ। 'बन्टीको यो चिरकालिक अनुपस्थितिको आभास अरूलाई रत्तिभर पनि थिएन – नरेश र पारोको संसार ढल्यो, सपना चकनाचुर भयो।'[९६] अतः कथामा रहेका अभिभावक र सन्तानमाझ मधुर सम्बन्ध रहेको पाइए तापनि बन्टीको मृत्यु देखाएर एउटा परिवार विघटित भएको मार्मिक तथा कारुणिक घटनाको वर्णन गरिएको छ। यसका साथै वर्णित परिवारमा बालक बन्टीको मृत्यु भएपछि उसकी आमा पारोको छटपटी, उसमा रहेको पुत्रवात्सल्य प्रेमलाई कथाकारले स्वाभाविक रूपमा चित्रित गरेको छ।

## ■ पेन्सन, तक्मा र गाडी

यस कथामा दुईवटा परिवारको पारिवारिक जीवनको चित्रण गरिएको छ। पहिलो, मेजरनी अर्थात् अञ्जु गुरुङको परिवार र दोस्रो, प्रह्लादका आमा-बाबुको परिवारको चित्रण छ। दुवै परिवारले भिन्न-भिन्नै परिस्थितिमा आआफ्ना छोरा गुमाएका छन्। मेजरनीको छोरो रविकिरणले युद्धभूमिमा शत्रुहरूको विनाश गर्दागर्दै वीरगति प्राप्त गरेको थियो। यसरी छोरोको मृत्यु भएपछि पाएको तक्मालाई उसले छोराकै रूपमा हेर्थी

[९६] सानु लामा (सन् १९९०), मृगतृष्णा, पूर्ववत्, पृ ५६

जुन कुरो उसका निम्ति बाध्यता नभएर शाश्वत सत्य भइसकेको थियो। अर्कातिर, छिमेकी मोहनले असावधानीपूर्वक गाडी चलाएर बालक प्रह्लादको मृत्यु भएको चित्रण कथामा यसरी गरिएको छ – 'बेगले आइरहेको मोहनको कारलाई देखेर बालक प्रह्लाद आफ्नो घरको आँगनबाट अङ्कल... अङ्कल... भन्दै दगुरेर सडकमा आइपुग्दा कारले धक्का दिएर हुत्याइदियो।'[९७] यसरी प्रस्तुत कथामा दुईवटा भिन्नभिन्नै परिवारमा एकै प्रकारको दुःख, कष्ट तथा पीडालाई देखाएर कथाकारले मृत्यु भन्ने कुरा सबैलाई नै आइपर्दछ, यसलाई कसैले रोकेर रोक्न सक्ने वा छेकेर छेक्न सक्ने कुरा होइन भन्ने कठोर सत्यलाई दर्साउने प्रयास गरेका छन्।

**■ सङ्घर्ष १**

प्रस्तुत कथामा बाबु र छोरामाझमा एकाअर्काको विचार तथा सोचहरू नमिल्दा पारिवारिक जीवन विघटनतर्फ लागेको चित्रण पाइन्छ। छोरा लाक्पा अठाह्र वर्ष पुग्नसाथ बाबुको तर्फबाट आएको विवाहको प्रस्तावले उसमा कुनै प्रभाव पार्न सकेको छैन। उसको छालाको जुत्ता किनिमागेको वर्ष बितिसक्दा पनि नकिनिदिएकोमा बाबुप्रति ऊ क्रोधित पनि हुँदछ। उसको जुत्ता लगाउने इच्छा विवाहभन्दा कैयौँ गुणा बढी छ। यिनै अमूर्त इच्छापूर्तिका लागि लाक्पाले बाबुको घर छाडेर सङ्घर्ष गर्न निस्केको छ। प्रस्तुत कथामा बाबु छोराको मनको विचार नमिल्दा परिवार नै विघटनतर्फ लागेको बुझिन्छ। यसका साथै अभिभावक र सन्तानमाझको सम्बन्धमा पनि कटुता उत्पन्न भएको चित्रण छ।

**■ सङ्घर्ष २**

प्रस्तुत कथामा छोरा र छोरीको तुलनात्मक स्थितिलाई विषयवस्तु बनाइएको छ। कथामा छोरा मात्र सन्तान हुन् भन्ने पूर्णबहादुरको भावनालाई उसकी पत्नी लीलाले यसरी

[९७] सानु लामा (सन् २००८), सूर्यको तेस्रो किरण, पूर्ववत्, पृ ७७

खण्डन गर्छे - 'तिम्रो लागि त छोरा मात्रै ठुलो हो, हगि? छोरी त सन्तानै होइन जत्तिकै गर्छौ हौ।'[९८] यसको थप विवरणका लागि रत्नबहादुरका मुखबाट कथाकारले यस्तो वाक्य प्रस्तुत गरेका छन् – 'चेलीबिनाको छोरा मुकुटबिनाको राजाजस्तो हुँदो रहेछ।'[९९] सानु लामाले 'सात भाइकी चेली' कथामा पनि छोरीको महत्त्वलाई दर्साउने क्रममा युवतीका काकाको माध्यमबाट उक्त कुरालाई नै प्रस्तुत गरेका छन्। यसरी कथाकार एउटा परिवारमा बाबु-आमालगायत छोरा-छोरी भएको हुनुपर्छ भन्नेतर्फ लागिपरेको देखिन्छ।

### आ) दाजु-बहिनी तथा दिदी-भाइमाझको सम्बन्ध

यसका आधारमा सानु लामाका निम्न कथाहरूको अध्ययन गर्न सकिन्छ –

#### ■ ज्योतिबिनाको उज्यालो

यस कथामा एउटी दृष्टिहीन बालिकाको कारुणिक र मनोवैज्ञानिक चित्रण प्रस्तुत गरिएको छ। यसका अतिरिक्त कथामा दिदी भाइमाझको सम्बन्धलाई पनि चित्रण गरिएको छ। यहाँ अन्धी मन्दा र भाइ दीपू नै कथाका प्रमुख पात्रहरू हुन्। कथामा चित्रित दिदी मन्दा ७ वर्षीय अबोध बालिका छे। यसैले कथामा बालस्वभावको चित्रण पनि यथार्थ रूपमा रहेको पाइन्छ। मन्दा अन्धी भए तापनि दीपूले कहिलै उसलाई अन्धी भनी बोलाएको छैन तथा अन्धी मन्दालाई आँखामा पट्टी बाँधेर लुकाएको गुडिया खोज्न लगाउँछ। उसको अन्धत्वमा सबैको हृदय पग्लेर आउँछ। दृष्टिहीन मन्दाको आँखामा समेत पट्टी बाँधिन्छ। यसप्रकारको अबोध बालक्रीडाले प्रत्येक पाठकलाई सम्वेदनशील बनाइदिन्छ।

---

[९८] सानु लामा (सन् २००७), सङ्घर्ष २, कल्पना त्रिपाठी (सम्पा), सानु लामाका साना कथा, पूर्ववत्, पृ ३३

[९९] सानु लामा (सन् २००७), सङ्घर्ष २, कल्पना त्रिपाठी (सम्पा), सानु लामाका साना कथा, पूर्ववत्, पृ ३४

## ■ गौरी

प्रस्तुत कथामा दाजु विक्रम क्षयरोगले ग्रस्त भएको पात्रको रूपमा चित्रित छन् भने उसकी बहिनी गौरी केटा साथीहरूसित हिँडडुल गर्नु रुचाउने तथा आफ्नो नारीत्वमाथि कलङ्क पनि लाउन नचाहने प्रवृत्ति भएकी अविवाहित नारीका रूपमा चित्रित छन्। यस्तो स्वभाव लिएर नेपाली समाजमा बाँच्न नसक्ने तर बाहिरी रूपरङ्गले मात्रै मानिसको चारित्रिक स्वभावलाई आँक्न नसक्ने तथ्य गौरीको चरित्रलाई देखाएर कथाकारले स्पष्ट पारेका छन्। गौरी घरबाट टाढा बसेर जागिर गरेकामा छरछिमेकी लगायत आफ्नै दाजु विक्रम समेतले उसको चरित्रमाथि शङ्का गरेको छ। यसैले गौरीको वास्तविक जीवनको सत्यतालाई उदाङ्गो पार्नका निम्ति विक्रमको साथी भक्तिमानलाई अघि ल्याएका छन्। गौरीको चरित्र उद्घाटन गर्नलाई विक्रमले भक्तिमानलाई गौरीसँग झुटो प्रेम गरेर हेरविचार गरिदिन विन्तिभाव गर्न पुग्छ। बिमारी साथीको प्रस्तावलाई आत्मसात् गरी भक्तिमानले गौरीलाई प्रेम गरेको जस्तो गर्छ तर गौरीले भने उसँग साँचो प्रेम गर्छे औ कथाको अन्त्यमा भने तिनीहरूले विवाह पनि गर्ने निश्चय गरेको चित्रण छ। यसरी कथामा होहल्लाकै भरमा विक्रमले पनि आफ्नी बहिनी गौरीको चरित्रमाथि शङ्का गरेको पाइन्छ, जसले गर्दा दाजु बहिनीमाझको सम्बन्धमा कटुता उत्पन्न भएको देखिन्छ।

## ■ टी शर्ट

प्रस्तुत कथामा परिवारको रूपमा दिदी र भाइ मात्रै छन् भने भाइ पनि मरणावस्थामा पुगिसकेको बिमारीको रूपमा चित्रित छ। दिदीले सकेसम्म भाइको हेरचाह गर्छे तर कथाको अन्त्यमा भाइको मृत्यु भएको देखाइएको छ। यसरी कथामा दिदी-भाइमाझ मधुर सम्बन्ध रहेको देखिए तापनि अन्त्यमा भने उनीहरूको बिछोड भएको देखाएर परिवार विघटित हुनुको मुख्य कारणहरूमध्ये मृत्यु पनि एउटा हो भन्ने कुरालाई कथाकारले इङ्गित गरेको बुझिन्छ। अतः सानु लामाको कथाकारिताको प्रमुख पक्ष मानिने करुणा प्रस्तुत कथामा पनि विद्यमान रहेको पाइन्छ।

■ **सात भाइकी चेली**

सानु लामाको 'सात भाइकी चेली' कथामा छेत्रीकी छोरी भएर पनि लिम्बू केटासँग बिहे गरेकीले युवतीलाई उसका सातजना माइतीहरूले त्याग्ने विचार गरेका छन्। तर कथाको अन्त्यमा भने युवतीको कोखबाट जन्मेका नानीहरू देखेर तिनै दाजुभाइहरूले प्रगाढ माया देखाएका छन्। यसरी पारिवारिक सम्बन्धमा रहेका मधुरता र कटुता सानु लामाका कथाद्वारा व्याख्यायित भएका छन् भने तिनमा जीवन जगत्को व्यावहारिकता पनि चित्रित भएको छ।

**इ) सौतेनी आमा र सौता सन्तानमाझको सम्बन्ध**

कथाकार सानु लामाले सौतेनी आमा र सौता सन्तानबिचको सम्बन्धलाई लिएर कथा खासै लेखेको छैन। यसो भए तापनि 'बलराम थापाको कथा' शीर्षक कथामा भने बलराम थापाकी दोस्री पत्नी मालाले प्रथम पत्नी मायाको कोखबाट जन्मेकी छोरीको देखरेख राम्रैसँग गरेको वर्णन गरेका छन्। प्रस्तुत कथाबाहेक लामाका अन्य कुनै पनि कथामा चित्रित परिवारभित्र यस प्रकारको सम्बन्धमा रहेका सदस्यहरूको चित्रण गरेका छैनन्।

**ई) सासू-बुहारीमाझको सम्बन्ध**

सानु लामाले 'सात भाइकी चेली' कथाबाहेक अन्य कुनै पनि कथामा सासू-बुहारीमाझको सम्बन्धलाई चित्रण गरेका छैनन्। छेत्रीकी छोरी भएर पनि लिम्बू केटासँग भागेर युवतीले बिहे गर्छे। यसरी अजात केटीलाई घरकी बुहारी बनाउनु पर्दा पनि सासूले कुनै प्रकारको विरोध गरेको चित्रण कथामा कतै पनि पाइँदैन। अतः प्रस्तुत कथामा सासू-बुहारीमाझ मधुर सम्बन्ध नै रहेको चित्रण पाइन्छ।

वस्तुतः सानु लामाका कथामा चित्रित पारिवारिक सम्बन्धको अध्ययन गर्दा के स्पष्ट हुन्छ भने कुनै पनि परिवारका पारिवारिक सम्बन्धमा मधुरता ल्याउनका निम्ति परिवारका सदस्यमाझमा विश्वास तथा निस्वार्थ प्रेम भाव रहेको हुनुपर्दछ। पारिवारिक

सम्बन्धअन्तर्गत दाम्पत्येतर सम्बन्धका आधारमा देवर-भाउजू तथा भेना-सालीमाझको सम्बन्धमा आधारित र नराम्रो कुलतमा लागेर परिवार बिथोलिएको आदि विषयमाथि सानु लमाले कथा लेखेको छैन।

## ४.४ निष्कर्ष

यस अध्यायमा प्राप्त निष्कर्षलाई यहाँ निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिन्छ –

- सानु लामा भारतीय नेपाली कथा जगतका दिग्गज हस्ताक्षर हुनुहुन्छ।
- सानु लामाका कथामा शिष्टता र शालीनता पाइन्छ। उनका कथामा पात्रको त्यति भिड देखिँदैन।
- कथामा पात्र, चरित्र तथा संवाद र परिवेशको चाहिँदो वर्णन पाइन्छ। कथामा घटना र स्थिति परिस्थितिहरूको राम्रो संयोजन गरेर तारतम्य मिलाएर तिनलाई प्रस्तुत गर्न सानु लामा सफल बनेको देखिन्छ।
- सानु लामाले विशेष सामाजिक यथार्थलाई अप्नाएर कथा लेखेका भए तापनि त्यही समाज निर्माणको पहिलो तथा अति आवश्यक घटकको रूपमा रहेको मानिसद्वारा निर्मित परिवारको चित्रण उनका प्रायः कथामा कुनै न कुनै रूपमा रहेको भेट्याइन्छ।
- सानु लामाका कथालाई विविध सिद्धान्तहरूका आधारमा अध्ययन गरेको भेट्याइए तापनि उनले आफ्ना कथाहरूमा नेपाली परिवारमा देखिने अनेकौँ घटना तथा कुराहरूलाई समावेश धेर गरेको पाइन्छ, जसलाई उनको कथाकारिताको विशेषता मान्न सकिन्छ।
- सानु लामाका कथामा शिष्टता र शालीनता पाइन्छ।

- उनका कथामा पात्रको त्यति भिड देखिँदैन। कथामा पात्र, चरित्र तथा संवाद र परिवेशको चाहिँदो वर्णन पाइन्छ। कथामा घटना र स्थिति परिस्थितिहरूको राम्रो संयोजन गरेर तारतम्य मिलाएर तिनलाई प्रस्तुत गर्न सानु लामा सफल बनेको देखिन्छ।
- उनका कथामा प्रायः कुराहरू पारिवारिक विषयसित जोडिएर बसेको देखिन्छ। उनले दैनिक जीवनमा खटिखाने परिवारदेखि सम्पन्न परिवारसम्मका मानिसहरूलाई कथामा टिपेका छन्। अतः उनका कथामा परिवारभित्रका विविध पक्षको विश्लेषण समेत भएको पाइन्छ।
- उनका कतिपय कथामा आर्थिक विपन्नताले ग्रस्त परिवारको चित्रण पाइन्छ त कतिपयमा आर्थिक रूपले सम्पन्न पाइन्छ। यसै गरी कतिपय कथामा शिक्षित पात्रहरूको चित्रण पाइन्छ भने कतिपयमा अशिक्षित पात्रहरूको चित्रण पाइन्छ। लामाले आफ्ना कथामा आधुनिक र सनातन दुवै थरीका विचार भएका पात्रहरूको कथा-व्यथा पनि बटुलेका छन्।
- कथाकार सानु लामा आफ्ना कथामा परिवारभित्रका विविध पक्ष, समस्या, अनुभूति, सुख-दुःख, मधुरता-कटुता, हर्ष-बिस्मात्, करुणा आदि प्रस्तुत गर्न सफल भएका छन्।
- उनका कथामा चित्रित पारिवारिक सम्बन्धका आधारमा देखिने पति-पत्नीमाझको प्रेम, शङ्का र वियोग, एकाअर्काप्रति विश्वास-अविश्वास, वियोग-मृत्यु, वैंश-वसन्त, पोइला तथा सौता वा बहुविवाह आदि कुराहरू वस्तुरूपमा गृहित रहेका पाइन्छन्।
- सानु लामाले नारी पात्रलाई प्रमुख्ता दिएर धेरै कथाहरू लेखेका छन्। त्यस्ता कथाहरूमा नारीको चरित्र उद्घाटन गर्ने क्रममा नारीका चरित्र

आफैमा मात्र आधारिक नभई पुरुष पात्रका चरित्रबाट पनि प्रतिफलित भएका पाइन्छन्।

- नारी पात्रलाई नजिकबाट चिन्न पुरुष पात्रको मानसिक पीडा, सशङ्कित व्यवहार तथा कुण्ठित मन आदिसँग पनि पाठक अवगत रहनुपर्ने स्थिति पाइन्छ। यसलाई उनको कथाकारिताको विशेषतामध्ये एउटा मान्न सकिन्छ।
- उनका कथामा चित्रित पारिवारिक जीवन गाउँघरमा देखिरहेका, सुनिरहेका परिवारभित्रका घटनाहरू झैँ यथार्थ लाग्दछ।
- विभिन्न घटना, प्रसङ्ग, परिवेश आदिलाई लिएर आफ्ना कथाहरूमा देश, काल तथा वातावरण खुबै राम्रोसँग मिलाएर कथाहरू प्रस्तुत गर्न सफल कथाकार सानु लामाका कथाहरू पढ्दा कुनै चित्रकारका चित्रहरू हेरे झैँ कथामा निहित पात्रहरू, समय, घटना, स्थान आदि बिम्बात्मक रूपमा रहेको पाइन्छ।
- उनले मुख्यतः निम्नवर्गीय विपन्नताग्रस्त जीवनका उकाली ओरालोको यथार्थ चित्रण प्रस्तुत गरेका छन्। यसका साथै उनले मानिसका सपना र स्वाभिमानका द्वन्द्व, नारी-पुरुषमाझको सम्बन्ध तथा नारी मर्यादाको उद्बोधन आदि प्रसङ्गलाई पनि कथामा लिएका छन्। यसर्थ, उनका कथामा पाइने पारिवारिक जीवनको चित्रणलाई नियाल्दा दैनिक जीवनमा भएका वा हुन सक्ने सम्भाव्य घटनाहरूलाई नै लिएर कथा लेखेका छन्।
- कथाकार सानु लामाले मनोवैज्ञानिक यथार्थवादी प्रवृत्तिलाई पनि अप्नाएर कतिपय कथाहरू लेखेका छन्। मनोवैज्ञानिक यथार्थवादी कथा

भन्नाले मानिसका अचेतन मनमा दमित भएर बसेका अनेकौँ क्रियाकलापलाई ध्यानमा लिएर लेखिएका कथा बुझिन्छ। उदाहणार्थ 'असिनाको मान्छे', 'ज्योतिबिनाको उज्यालो' तथा 'टी शर्ट' आदि कथाहरूलाई लिन सकिन्छ। उक्त कथाहरूमध्ये 'टी शर्ट' कथा फ्राइडिय मनोविश्लेषणात्मक सिद्धान्तलाई अनुसरण गरेर लेखिएको देखिन्छ।

- यसरी सानु लामाले विशेष सामाजिक यथार्थलाई अप्नाएर कथा लेखेका भए तापनि त्यही समाज निर्माणको पहिलो तथा अति आवश्यक घटकका रूपमा रहेका मानिसद्वारा निर्मित परिवारको चित्रण उनका प्रायः कथामा कुनै न कुनै रूपमा रहेको भेट्याइन्छ।
- यसर्थ, उनका कथामा विविध सिद्धान्तहरू रहेको भेट्याइए तापनि त्यहाँ नेपाली परिवारमा देखिने अनेकौँ घटना तथा कुराहरूलाई समावेश गरिएको नै पाइन्छ, जसलाई उनको कथाकारिताको विशेषता मान्न सकिन्छ।